महिलामाथि हुने हिंसाको यथार्थता

अन्वेषी

२०७५

अन्वेषी

महिलामाथि हुने हिंसाको विश्लेषणात्मक अध्ययन

सारांश प्रतिवेदन

२०७५

ओरेक नेपाल

बालकुमारी, ललितपुर

अन्वेषी २०७५

अन्वेषी

महिलामाथि हुने हिंसाको विश्लेषणात्मक अध्ययन सारांश प्रतिवेदन

२०७५

© ओरेक नेपाल

यस प्रतिवेदनमा समावेश भएका विषयवस्तुहरु महिला हिंसाविरुद्धका लागि गरिने कुनै पनि अभियान तथा पैरवीमूलक प्रयोजको निम्ति स्रोत खुलाई प्रयोग गर्न सकिने छ ।

संयोजन : संजिता तिम्सिना
सम्पादन : दुर्गा कार्की
तथ्याङ्क प्रसोधन : सुलोचना खनाल/गार्डिका बज्रचार्य

प्रकाशन

ओरेक नेपाल
पो.ब.नं. १३२३३, काठमाडौं, नेपाल
Email :ics@worecnepal.org
Website :www.worecnepal.org
ISBN: 978-9937-8-8224-8

साजसज्जा

पेन्टाग्राम प्रा. ली.
+९७७ १ ५५४८१८०
business.pentagram@gmail.com

विषय-सूची

परिच्छेद १ १
१.१ महिलामाथि हुने हिंसाको सवाल र पृष्ठभूमि १
१.२ अन्वेषी : महिलामाथि हुने हिंसाको यथार्थ ४
१.३ घटना संलन गरिएका क्षेत्रहरू ५
१.४ अध्ययनको सीमा ६
१.५ अध्ययन विधि ६

परिच्छेद २ ९
२.१ कार्यगत परिभाषा ९
क) हिंसाका प्रकार ९
ख) प्रभावित/पीडकको वैवाहिक स्थिति १०
ग) प्रभावित/पीडकका समूहहरू ११
घ) प्रभावित/पीडकको पेशाहरू ११
ङ) प्रभावितलाई परेका असरहरू १२
च) प्रभावित/पीडकको उमेर १२
२.२ कार्यकारी सारांश १२
अध्ययनबाट प्राप्त नतिजा सङ्क्षेपमा १२
३. उमेर समूह र महिलामाथि हुने हिंसा १५
४. शिक्षा र महिलामाथि हुने हिंसा १५
५. वैवाहिक अवस्था र महिलामाथि हुने हिंसा १६
६. पेशा र महिलामाथि हुने हिंसा १६
७. महिलामाथि हुने हिंसाका असरहरू १६
८. जातीयताका आधारमा महिलामाथि हुने हिंसा १७
९. पीडक र प्रभावितको सम्बन्ध १७

परिच्छेद ३ १८
३.१ महिलामाथि हुने हिंसा अन्त्यका लागि भएका प्रयासहरू १८

परिच्छेद ४ २२
महिलामाथि भएको हिंसाका प्राप्त परिणाम र विश्लेषण २२
४. महिलामाथि भएको हिंसाको अवस्था र विश्लेषण २२
४.१ भौगोलिक क्षेत्र अनुसार महिलामाथि भएको हिंसाको स्थिति २२
४.२ महिला हिंसाका प्रकार २३

४.३ महिलामाथि हुने हिंसा र उमेर २६
४.४ महिला हिंसा र शिक्षा २७
४.५ वैवाहिक स्थिति र महिलामाथि हुने हिंसा २८
४.६ प्रभावितको जातीयता ३०
४.७ प्रभावित र पीडकबीचमा रहेको सम्बन्ध ३१
४.८ महिलामाथि हुने हिंसा र पेशा ३२
४.९ महिलामाथि हुने हिंसाका कारण महिलामा परेका असरहरू ३२

परिच्छेद ५ **३४**
५.१ महिला र घरेलु हिंसा ३४
५.२ घरेलु हिंसाभित्रका स्वरूपहरू ३६
५.३ घरेलु हिंसाका प्रकारहरू ३७
५.४ घरेलु हिंसाका पीडकका प्रकार ३८
५.५ प्रभावितको वैवाहिक अवस्था ३९
५.६ प्रभावितको उमेर र घरेलु हिंसा ३९
५.७ प्रभावितको शिक्षाको स्तर र घरेलु हिंसा ४०
५.८ प्रभावितको जात र घरेलु हिंसा ४१
५.९ प्रभावितको पेशा र घरेलु हिंसा ४२
५.१० प्रभावितलाई परेको असर ४२
घटना नं १ (घरेलु हिंसा) ४४
घटना नं २ (बैवाहिक बलात्कार) ४५

परिच्छेद ६ **४६**
६.१ महिला र सामाजिक हिंसा ४६
६.२ सामाजिक हिंसाका परिणाम र विश्लेषण ४९
६.३ सामाजिक हिंसाका पीडकका प्रकार ५०
६.४ प्रभावितको वैवाहिक अवस्था ५०
६.५ प्रभावितको उमेर र सामाजिक हिंसा ५१
६.६ प्रभावितको शिक्षाको स्तर र सामाजिक हिंसा ५२
६.७ प्रभावितको जात र सामाजिक हिंसा ५३
६.८ प्रभावितको पेशा र सामाजिक हिंसा ५४
६.९ सामाजिक हिंसाका कारण प्रभावितमा परेको असर ५५
घटना नं ३ (बोक्सीको आरोपमा कुटपीट) ५७
घटना नं ४ (बालविवाह) ५८

परिच्छेद ७ ५९
७.१ बलात्कार ५९
७.२ बलात्कारका पीडकका प्रकार ६१
७.३ बलात्कारबाट प्रभावितको उमेर ६२
७.४ बलात्कारबाट प्रभावितको शैक्षिक अवस्था ६३
७.५ प्रभावितको जाति ६४
७.६ प्रभावितको पेशा ६५
घटना नं ५ (सामुहिक बलात्कार) ६६
घटना नं ६ (बलात्कार) ६७

परिच्छेद ८ ६८
८.१ यौनिक हिंसा ६८
८.२ प्रभावितको उमेर र यौनिक हिंसा ६९
८.३ यौनिक हिंसाका पीडकका प्रकार ७०
८.४ प्रभावितको शैक्षिक योग्यता ७१
८.५ प्रभावितको जाति ७३
८.६ प्रभावितको पेशा ७४
८.७ प्रभावितलाई परेका असर ७५
घटना नं ७ (यौनिक हिंसा) ७६

परिच्छेद ९ ७७
९.१ हत्या ७७
९.२ प्रभावितको उमेर र हत्या ७९
९.३ हत्या र पीडकको प्रकार ८०
९.४ प्रभावितको शैक्षिकस्तर र हत्या ८१
९.५ प्रभावितको जाति र हत्या ८२
९.६ प्रभावितको वैवाहिक अवस्था र हत्या ८३
९.७ प्रभावितको हत्या र पेशागत अवस्था ८३
घटना नं ९ (हत्या) ८४
घटना नं १० (हत्या) ८५

परिच्छेद १० ८६
१०.१ बेचबिखन तथा ओसारपसार ८६
१०.२ बेचबिखनको अवस्था ८८
१०.३ बेचबिखन र उमेर ८९
१०.४ बेचबिखन र पीडकसँगको सम्बन्ध ९०

परिच्छेद ११ ९१
११.१ आत्महत्याको अवस्था ९१
११.२ आत्महत्या र उमेर ९१
११.३ आत्महत्या र वैवाहिक अवस्था ९२
११.४ आत्महत्या र शैक्षिक अवस्था ९३
११.५ आत्महत्या र पेशागत अवस्था ९३
घटना नं ११ (आत्महत्या) ९४
घटना नं १२ (आत्महत्या) ९५

परिच्छेद १२ ९६
नेपालमा अनलाइन हिंसाको वर्तमान अवस्था ९६
अध्ययनका उद्देश्यहरू ९९
अध्ययनको विधि ९९
अध्ययनबाट प्राप्त नतिजाहरू १००
अनलाइनमा पैरवी र अभियान १०१
अनलाइनमा यौनिक अधिकार १०२
अनलाइनमा हुने लैङ्गिक हिंसा र प्रभाव १०३
अनलाइन हिंसाको मानसिक स्वस्थ्यमा प्रभाव १०५
सुझावहरू १०६

परिच्छेद १३ १०७
१३.१ पीडकको पृष्ठभूमि १०७
१३.२ पीडकको उमेर १०८
१३.३ महिला हिंसा र पीडकको पेशा १०९
१३.४ महिला हिंसा र जातिगत विवरण ११०
१३.५ महिला हिंसा र पीडकको वैवाहिक अवस्था ११०

परिच्छेद १४ ११२
१४.१ सञ्चार अनुगमन ११२
पत्रपत्रिकामा प्रकाशन भएका महिला हिंसाका घटनाको मासिक विवरण ११२
१४.२ मासिक विवरण ११३
१४.३ पत्रपत्रिकामा प्रकाशित भएका महिला हिंसाको प्रदेश अनुसारको स्थिती ११४

परिच्छेद १५ ११५
१५.१ ओरेकले प्रभावितलाई गरेको सहयोगको विवरण ११५
१५.२ ओरेकको हटलाइन सेवामार्फत सम्पर्कमाआएकामहिला हिंसाका घटनाहरू ११७

निष्कर्ष र सुझावहरु ११९

दुई शब्द

महिला पुनःस्थापना केन्द्र (ओरेक) नेपाल महिला अधिकारप्रति समर्पित एवम् सामाजिक न्यायका निम्ति संघर्षरत एक गैर नाफामूलक राष्ट्रिय गैरसरकारी संस्था हो । ओरेक नेपालले २७ वर्षदेखि पैरवीमा आधारित महिला हिंसाविरुद्धको अभियान सञ्चालन र नेतृत्व गर्दै आएको छ । महिलामाथि भइरहेको हिंसाका तथ्याङ्कलाई वाहिर ल्याइ यसमा आधारित पैरवीलाई अझै बलियो बनाउन ओरेक नेपालले देशमा बर्षभरी महिलामाथि भएको हिंसाका घटनालाई समेटेर तयार पारिएको महिला हिंसाविरुद्धको वर्ष पुस्तक'अन्वेषी'प्रकाशन गर्दै आएको छ । वर्ष पुस्तकले महिलामाथि भएका हिंसाको यथार्थ अवस्थाको बारेमा जानकारी दिने तथा देशमा महिला हिंसाको आधिकारिक तथ्याङ्क नभइरहेको समयमा सरकार, सम्बन्धित सरोकारवाला, अनुसन्धानकर्ता, बौद्धिक वर्ग, पत्रकारलगायत महिला हिंसा अन्त्यका लागि काम गर्नेहरूलाई झक्झक्याउने र यसको अन्त्यका लागि गर्नुपर्ने काम, बनाउनुपर्ने नीति नियमका लागि दिशानिर्देश गरेको छ भन्ने हाम्रो विश्वास रहेको छ ।

महिलामाथिको हिंसा महिलाहरूको मानव अधिकारको गम्भीर उल्लंघन हो । महिलामाथि हुने हिंसाले महिलाको स्वतन्त्रता, मर्यादित र समाजमा आत्मसम्मानसहित बाँच्न पाउने अधिकार, समानताको अधिकार, यातना र भयमुक्त भइ जीवन जिउन पाउने अधिकार जस्ता आधारभूत अधिकारहरू कुण्ठित गरेको छ । घरदेखि सार्वजनिक र कार्यस्थलमा समेत बढिरहेका हिंसाका घटनाका तथ्याङ्कले महिलाको शारीरिक, मानसिक स्वास्थ्यका साथै आत्मसम्मान, परिवार र अन्तत समाजमा प्रत्यक्ष असर पारेको छ भने, देशको विकास, उत्पादन र हाम्रा सन्ततिहरूमा समेत प्रत्यक्षरुपमा नकारात्मक प्रभाव पारेको छ ।

पछिल्लो समयमा महिलामाथि हुने हिंसाका स्वरुपहरू बहुआयामिक भएका छन् । प्रविधिको उच्च विकाससँगै मानिसहरूमा आएको चेतना र विश्वव्यापीकरणले ल्याएका यस्ता चूनौति झन जटिल र कठिन बन्दै गइरहेका छन् । त्यसैले अव राज्यलगायत यस क्षेत्रमा काम गर्ने नागरिक समाज र सरोकारवालाहरूले महिलामाथि भइरहेका हिंसा अन्त्यका लागि ल्याइएका नीति नियम, गरिरहेका परम्परागत काम र पुरानो सोँचाइको ढर्रा परिवर्तन गरि नयाँ र समय अनुसारका अभियानहरू सञ्चालन गर्नुपर्ने आवश्यकता टड्कारो देखिन्छ ।

महिलामाथि हुने हिंसाको अन्त्यविना देशमा सामाजिक न्याय र दिगो शान्ति स्थापना हुन सक्दैन। देशले दिन खोजेको आर्थिक सशक्तिकरण र समृद्धिको बाटो यहि अवस्थामा सफल हुन पनि सक्दैन। देशको आधाभन्दा बढी जनसंख्यालाई पाखा लगाएर राज्यले गरिरहेको हिंसा र समाजमा उनीहरूमाथि मानव सभ्यतालाई नै खिल्ली उडाउने गरि भइरहेका निकृष्ट खालका व्यवहार र हिंसालाई वेवास्ता गरेर देश परिवर्तन कदापी हुन सक्दैन। त्यसैले देशमा दिगो शान्ति स्थापना गर्न, लोकतन्त्रलाई बलियो बनाई संस्थागत गर्न, मानवअधिकारको सम्मान, दिगो विकास र समृद्ध नेपाल सुखी नेपालीको सपनालाई साकार पार्न महिलामाथि हुने सबै प्रकारको हिंसा अन्त्य हुन अत्यन्त आवश्यक छ।

अघिल्लो वर्ष झैँ यसवर्ष पनि ओरेक नेपालमा अभिलेख गरिएका जम्मा १७४१ महिला हिंसाका घटनामा सबैभन्दा बढी ११४० घरेलु हिंसाका घटना रहेका छन्। यो तथ्याङ्कले समग्र नेपाली महिला कहाँ र कोबाट धेरै असुरक्षित छन् उक्त अवस्थाको चित्रण गरेको छ। तथ्याङ्क अनुसार घरपरिवार जहाँ महिलाले सबभन्दा बढी सुरक्षा र माया पाउनुपर्ने हो त्यहीँ नै सबैभन्दा धेरै असुरक्षित छन्। यो अवस्थाले अहिलेसम्म पनि समाजमा स्थापित परम्परागत मूल्य मान्यताहरूले महिला र पुरुषलाई हेर्ने विभेदकारी दृष्टिकोणलाई प्रष्ट पारेको छ। त्यसैले देश, राज्य व्यवस्था र नीति नियममा भएको परिवर्तनले महिलाको अवस्थामा खासै परिवर्तन ल्याउन सकेको देखिएन। महिला हिंसा अन्त्यका लागि महिला र पुरुषवीच विद्यमान असमान शक्ति सम्बन्ध र समाजमा बलियो गरि जरा गाडेर बसेको पितृसत्तात्मक संरचनालाई परिवर्तन गर्नुपर्ने अत्यन्त जरुरी देखिन्छ।

देशमा ऐतिहासिक रुपमा २० वर्षपछि सम्पन्न भएको स्थानीय तहको निर्वाचनसँगै जनताले आफ्नो घरदैलोमा नै राज्यको उपस्थिति भएको अनुभव गर्न थालेका छन्। समुदायमा रहेका महिलाका सवालहरूलाई स्थानीयदेखि निर्णायक तहमा पुऱ्याउन र नीतिगत रुपमा सम्बोधन गर्ने गम्भीर दायित्व अव यी जनप्रतिनिधिको काँधमा आएको छ। साथै सामाजिक, आर्थिक, राजनैतिक र सांस्कृतिक रुपमा समाजमा रहेका विभेदपूर्ण संरचना र मुल्यमान्यताका आधारमा गरिने व्यवहार हरूमा परिवर्तन गरि समुदायदेखि नै मानवअधिकार र समान व्यवहारसहितको समाज निर्माण गर्न सक्षम भएमात्र महिलामाथि हुने हिंसाको अन्त्य हुन सक्दछ।

समाजका हरेक संरचनामा जरो गाडेर बसेको पितृसत्तात्मक मूल्यमान्यता र सोच नै महिलामाथि हुने हिंसाको प्रमुख कारक तत्व हो । जसका कारण बर्षेनी हजारौँ महिला भिन्न भिन्न स्वरुप र आयाममा हिंसा खेप्न बाध्य बनाइएका छन् । अज्ञानता, सामाजिक असहयोग, डर धम्की, इज्जतको नाममा मौनता, अपराधमा राजनीतिकरण, गैरकानूनी मेलमिलाप आदिका कारण अझै पनि महिलामाथि हुने हिंसाका घटना बाहिर आउन सकेका छैनन् । बाहिर आएका कतिपय घटनामा पनि अनुसन्धानको अभाव, सामाजिक असहयोग, पीडितको असुरक्षा, आर्थिक तथा राजनीतिक चलखेलका कारण पीडितले कानूनी उपचार पाउन सकेका छैनन् । हिंसामुक्त जीवन जिउने वातावरण सुनिश्चित गर्नुपर्ने राज्यको दायित्व हुदाँहुदै पनि यसतर्फ देखिएको उदासिनताले सामाजिक न्याय प्राप्त गर्न अझैपनि संघर्षको लामो बाटो तय गर्नुपर्ने कुराले महिला निराश छन् ।

यसले हाम्रो सहभागितामा सफल भएका हरेक राजनीतिक आन्दोलन, महिलाको त्याग र योगदानको अवमूल्यन मात्रै भएको छैन कतिपय अवस्थामा हामी अपमानित भएको तितो यथार्थ हाम्रो सामू छ ।

आफूमाथि भएका हिंसाका घटनाहरू अन्य महिलाले भोग्नु नपरोस् भन्ने आकांङ्क्षाका साथ आफूमाथि भएको ज्यादतीको जानकारी गराउन साहस बटुल्नु हुने सम्पूर्ण नेपाली महिलाहरूप्रति ओरक नेपाल विशेष आभार प्रकट गर्दछ । समुदायस्तरमा क्रियाशील रहेर महिला मानव अधिकार रक्षकहरू जसले आफूमाथि पर्ने जोखिम र चुनौतिको पर्वाह नगरी , महिलामाथि भएका हिंसाका घटनालाई बाहिर ल्याउन गर्नुभएको साहस, धैर्य र कामको उच्च सम्मान गर्दै आफूले अभिलेख गरेका घटनाहरू आरेक नेपालको तथ्याङ्क शाखामा पठाउनुहुने सम्पूर्ण महिला मानव अधिकार रक्षकहरूप्रति ओरेक नेपाल विशेष आभार प्रकट गर्दछ ।

ओरेक नेपालको तथ्याङ्क व्यवस्थापन शाखामा रहेर महिला हिंसाका घटनाहरूको गोपनीयता र संवेदनशीलतालाई ख्याल गर्दै दस्तावेजीकरण गर्न सघाउ पुऱ्याउन हुने ओरेक नेपालका जिल्लास्थित सम्पूर्ण शाखा कार्यालयका : गोमा भण्डारी (मोरङ्ग), तोया देवीलिम्बु (सिरहा), रोजलिन कुमारी सिंह (धनुषा), विन्दु शर्मा (दाङ्ग), जयकला चौधरी (कैलाली), सिर्जना दनुवार तथा कल्पना खड्का (उदयपुर), सपना थापा (सिन्धुली), दुर्गा बजगाइँ (रुकुम), लाई हामी धन्यवाद दिन चाहन्छौँ । साथै महिला हिंसाको घटनाहरू अभिलेख तथा प्रभावितको न्यायका लागि सक्रिय

भूमिका निर्वाह गरिरहनुभएको सम्पूर्ण जिल्लाका संयोजकहरू, कार्यक्रम अधिकृतहरू, सामाजिक परिचालकहरू, मनोविमर्शकर्ताहरूप्रति संस्था विशेष आभार प्रकट गर्दछ। यस पुस्तकमा तथ्याङ्क प्रशोधनमा विशेष भूमिका निर्वाह गर्नुहुने ओरेक केन्द्रीय कार्यालयका सुलोचना खनाल र गार्डिका बज्राचार्यलाई संस्था धन्यवाद ज्ञापन गर्दछ।

यसवर्षको वर्षपुस्तक अन्वेषीमा अनलाइनमा हुने लैङ्गिकतामा आधारित हिंसाको अवस्थालाई समेत समावेश गरिएको छ। यस सामग्री तयारीका लागि लुम नेपालले अभिलेखिकरण गरेका तथा निर्दिष्ट समुह छलफलका माध्यमबाट आएका सूचनाहरूलाई विश्लेषण गरि राखिएको छ। यस सूचनाहरु प्रदान गर्नुभएकोमा लुम परिवारलाई धन्यवाद दिन चाहन्छौ।

यस पुस्तक तयारीका लागि संयोजनको भूमिका निर्वाह गर्नुहुने ओरेक नेपालका महिला हिंसा विरुद्धको कार्यक्रमको कार्यक्रम संयोजक संजिता तिम्सिनालाई हामी विशेष धन्यवाद दिन चाहन्छौँ। यस्तै गरि यस पुस्तकको सम्पादन गरी यस पुस्तकको प्रकाशनका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएकोमा ओरेक नेपालका कार्यसमिति सदस्य दुर्गा कार्कीलाई धन्यवाद दिन चाहन्छौं।

माथि उल्लेख गरिएका बाहेक अन्य विभिन्न व्यक्तित्वहरूको सहयोग र सहकार्यका कारण यो पुस्तक तयार भएको हो। यसर्थ यस पुस्तक तयारीका लागि प्रत्यक्ष अप्रत्यक्ष रूपले सहयोग गर्नुहुने सम्पूर्ण व्यक्तित्वहरूलाई ओरेक नेपाल धन्यवाद दिँदै हार्दिक आभार प्रकट गर्न चाहन्छ।

ज्योत्सना मास्के
अध्यक्ष
महिला पुनर्स्थापना केन्द्र (ओरेक)

परिच्छेद १

सबै मानिसहरु जन्मजात स्वतन्त्र र मर्यादा तथा अधिकारमा समान हुन्छन् ।

(मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा १)

१.१ महिलामाथि हुने हिंसाको सवाल र पृष्ठभूमि

"महिलामाथि हुने भेदभाव" भन्नाले राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अरु कुनै विषय सम्बन्धी मानव अधिकार तथा स्वतन्त्रतालाई आफ्नो वैवाहिक स्थिति जे जस्तो रहेतापनि पुरुष र महिलाको समानताको आधारमा उपभोग गर्नमा वा प्रयोग गर्नमा व्यवधान पार्ने वा त्यसको मान्यतालाई नै क्षति वा शुन्यकरण पार्ने उद्देश्य भएको, लिङ्गको आधारमा हुने कुनै पनि भेदभाव वा बहिष्कार वा प्रतिबन्ध सम्झनु पर्दछ ।[१] प्रत्यक्ष वा अप्रत्यक्ष, मनसाययुक्त वा मनसाय विना कुनै पनि अवस्था वा कारणले भएको किन नहोस्, महिलामाथि हुने हिंसा मानव अधिकारको गम्भीर उल्लङ्घन हो । "महिला वा बालबालिकाविरुद्धको हिंसा हरेक राष्ट्र, महादेश र हरेक संस्कृतिमा अनियन्त्रित रुपले व्याप्त छ । यसले महिलाको जीवन, उनीहरुको परिवार र सम्पूर्ण समाजमाथि नै भयानक प्रभाव पारिरहेको छ । अधिकांश समाजले यसलाई नियन्त्रण गर्न खोजेपनि वास्तविकतामा प्राय हिंसाहरु लुकाईन्छन् वा वेवास्ता गरिन्छन् ।"[२] महिलामाथि हुने हिंसा, तिनका आयाम र परिणामहरू फरक फरक रहेपनि यो एक विश्वव्यापी समस्याको रूपमा रहेको छ ।

स्थानीय तह, प्रदेश र प्रतिनिधिसभाको निर्वाचनसँगै देशले राजनीतिक परिवर्तनको ऐतिहासिक फड्को मारेको छ । सविधानतः प्राप्त अधिकार तथा जनादेश अनुरूप देशमा आर्थिक-सामाजिक रूपान्तरण गर्न सक्ने आधार तयार भएको छ । सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले जन्माएका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै, जनताको

[१]महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि(CEDAW), १९७९ को महिला विरुद्धको भेदभावविरुद्धको परिभाषा
[२]महासचिव, बान्कीमुन, संयुक्त राष्ट्र संघ, ८ मार्च, २००७

प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने कुरा नेपालको संविधानको प्रस्तावनामा नै उल्लेख गरिएको छ । सामन्तवादी निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाको औपचारिक अन्त्य भएपनि सदियौंदेखिका उक्त व्यवस्थाका अवशेषहरू ज्यूँका त्यूँ छन् । फलस्वरूप देशको संविधान, कानून तथा नीतिहरू जति नै प्रगतिशील भएपनि विभेदपूर्ण मूल्यमान्यता र त्यसबाट सिर्जित हानिकारक परम्परागत अभ्यासले निरन्तरता पाउँदा तिनको प्रभावकारी कार्यान्वयनमा बाधा पुगेको छ । सोही अभ्यासका आधारमा महिलालाई हेर्ने दृष्टिकोणमा अपेक्षित परिवर्तन हुन सकेको छैन र महिलामाथि हुने हिंसाले निरन्तरता पाउँदै आएको छ ।

नेपालको कुल जनसङ्ख्याको आधाभन्दा बढी हिस्सा (५०.४५) महिलाले ओगटेका छन् । तर, महिला र पुरुषे बीचको असमान शक्ति सम्बन्धका कारण महिलालाई पुरुषको तुलनामा समाजका स्रोत र अवसरहरूमा कम प्राथमिकता दिइँदै आएको छ । जसको फलस्वरुप सामाजिक, आर्थिक, राजनीतिक, प्रशासनिकलगायतका सबै क्षेत्रमा पुरुषको तुलनामा महिलाको पहुँच र उपस्थिति ज्यादै न्यून रहेको छ । पुरुषकेन्द्रित सामाजिक संरचना र राज्य व्यवस्थाले समाजमा स्थापित महिलालाई हेर्ने विभेदपूर्ण दृष्टिकोण र मूल्य मान्यताका कारण महिलाहरू राज्यका हरेक क्षेत्रमा पछाडि पारिएका छन् ।

नेपालको संविधानले संघिय ससंदमा ३३ प्रतिशत महिला प्रतिनिधित्वको अनिवार्य प्रावधान गरेको छ भने ४० प्रतिशत महिला सहभागिता स्थानीय तहमा सुनिश्चित गरेको छ । प्रतिनिधि सभा र प्रदेश सभामा प्रत्यक्षतर्फ उम्मेदवारी दिएका १९४५ मध्ये महिला उम्मेदवारको संख्या जम्मा १३६ मात्र रहेको थियो । यो तथ्याङ्कले सामान्य देखि नेतृत्वमा रहेका व्यक्तिहरूको समेत महिलालाई हेर्ने दृष्टिकोण विभेदपूर्ण छ । उनीहरू महिलाको नेतृत्व स्वीकार गर्न तयार छैनन् भन्ने तथ्यलाई प्रष्ट रुपमा देखाउँछ । यसरी दलहरूले महिलालाई प्रतिस्पर्धी बनाउनुको सट्टा समानुपातिक निर्वाचन प्रणाली मार्फत संसदमा प्रतिनिधित्व पूरा गर्ने रणनीति अपनाएका कारण महिलाको प्रतिस्पर्धात्मक क्षमता र नेतृत्वको अवमूल्यन भएको छ । साथै उनीहरू प्रत्यक्ष निर्वाचनमा उम्मेदवार भई आफ्नो दक्षता देखाउन र आफूलाई सक्षम सावित गर्न पाउने अधिकारबाट समेत बञ्चित हुनु पर्‍यो ।

देशमा परिवर्तनका लागि भएका हरेक राजनीतिक, सामाजिक आन्दोलन र अभियानमा हरेक पुस्ता, पेशा, वर्ग र जातिका महिलाले सक्रिय सहभागिता जनाएका छन् । तर, प्रत्येक पटक आन्दोलनबाट प्राप्त उपलब्धिहरूको हिस्सेदार हुनबाट भने महिलाहरू सधैं वञ्चित रहँदै आएका छन् । उनीहरूको योगदान र त्यागको उचित मुल्याङ्कन नगरी अवसरहरू पाउनबाट सधैं बञ्चित गरिएको छ ।

महिलाहरूको व्यापक दवाब र निर्वाचन आयोगको पहलमा स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा (४) को उपदफा (१) मा नै स्थानीय निर्वाचनमा प्रमुख वा उपप्रमुख पदमा ५० प्रतिशत महिला उम्मेदवारी अनिवार्य हुनै पर्ने बाध्यकारी कानूनी व्यवस्था गरियो । यो व्यवस्था नभएको भए स्थानीय तहमा अहिले जति संख्यामा महिलाहरूको प्रतिनिधित्व छ त्यति हुन नसक्ने कुरा संसदीय निर्वाचनमा महिलालाई गरिएको विभेदपूर्ण व्यवहारबाट प्रमाणित हुन्छ । स्थानीय निर्वाचनमा जसरी पनि चुनाव जित्ने दलहरूको अस्वाभाविक तर, रणनैतिक तालमेलका कारण कैयौं सक्षम महिलाले खुला प्रतिस्पर्धा गर्ने मौका गुमाए र उम्मेदवारी फिर्ता गर्न बाध्य भए । यसकै कारण २९३ मध्ये केवल ७ जना महिला प्रमुख पदमा, ४६०मध्ये केवल ११ जना महिला गाउँपालिकाका अध्यक्ष पदमा र ६ हजार ७ सय ४३ मध्ये केवल ७२ जना महिला वडा अध्यक्षमा आउन सफल भए ।

स्थानीय निर्वाचनमा महिलालाई अपवाद बाहेक दोस्रो 'उप' पदमा उठ्न टिकट दिइनु, प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा प्रत्यक्ष लड्न टिकट नै नदिइनु र पार्टीहरूले एक जना महिलालाई पनि प्रदेश प्रमुख नबनाउनु, केन्द्रीय समिति र पार्टीका सबै संरचनामा ३३ प्रतिशत महिला सहभागी नभएको पार्टीलाई राष्ट्रिय पार्टीको रूपमा निर्वाचन आयोगमा दर्ता गर्न नमिल्ने जस्ता कानुनी प्रावधानलाई निर्वाचन आयोग स्वयं र देशको सबैभन्दा ठूलो पार्टीबाटै उल्लंघन गरिनुजस्ता ज्वलन्त उदाहरणल अधिकार प्राप्तिको लडाईं अझै कठिन रहेको र राज्य व्यवस्थाको परिवर्तन मात्रै नभइ संचरनागत परिवर्तनविना महिलाको पहिचान र नेतृत्वलाई स्वीकार गर्ने सक्ने अवस्था आउन सक्ने देखिंदैन ।

नेपाल लैङ्गिक असमानता सूचकाङ्क (Gender Inequality Index) मा झन् खस्किदो अवस्थामा रहेको छ । प्रजनन् स्वास्थ्य, सशक्तिकरण र आर्थिक क्रियाकलापहरूका क्षेत्रहरुमा महिला र पुरुषमा रहेको असमानताका कारण सन् २०१४ मा १०८ औं स्थानमा रहेको नेपाल २०१५ मा

११५ औं स्थानमा पुगेको छ [३] यस्तैगरी लैङ्गिक विकास सूचक (GDI) मा नेपाल कम मानव विकासको वर्गमा विश्वको १४५ औं श्रेणीमा पर्छ भने दक्षिण एसियाका मूलुकहरूमा सबैभन्दा कम लैङ्गिक विकास भएका राष्ट्रको श्रेणीमा रहेको छ ।[४]

अग्रज महिलाहरूको निरन्तर त्याग र योगदानका कारण नेपालले लैङ्गिक क्षेत्रमा केही महत्वपूर्ण प्रगति हासिल गरेको छ । ३२.७३५ महिला प्रतिननिधिसभामा, ३७.२९५ महिला सहभागिता राष्ट्रियसभामा र ३४.३६५ महिला सहभागिता प्रदेश सरकारमा रहनु, महिलाको श्रम सहभागिता दर ६३.३ रहनु आदि प्रगतिलाई सफलताका सूचक मान्न सकिन्छ । तथापि,सामाजिक मूल्य-मान्यता संस्कृतिको आधारमा स्थापित हानिकारक परम्परागत अभ्यासले निरन्तरता पाउनु र विभेदपूर्ण सामाजिक मूल्यमान्यताका कारण महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउन नसक्नुले महिलामाथि हुने हिंसा कमी आउनुको साटो झन बढिरहेको देखिन्छ र हिंसा गर्ने व्यक्ति बलियो हुने परिस्थिती बनेको छ । महिला र पुरुषलाई हेर्ने सामाजिक/सांस्कृतिक मूल्य-मान्यतामा आधारित असमान दृष्टिकोणका कारण महिलालाई होच्याउने, आत्मसम्मानमा चोट पुऱ्याउने, कमजोर देखाउने खालका विभेदहरू घरभित्रदेखि राज्यतहसम्म व्याप्त छन् । यस्ता व्यवहारले महिलाको स्वतन्त्र नागरिकका रुपमा बाँच्न पाउने अधिकारलाई चूनौति दिएको छ ।

१.२ अन्वेषी : महिलामाथि हुने हिंसाको यथार्थ

महिलामाथि हुने हिंसाले महिलाको समानताका अधिकार, बाँच्न पाउने अधिकार, यातनामुक्त जीवन जिउन पाउने अधिकार, स्वास्थ्यको अधिकार, स्वतन्त्र र सुरक्षित जीवनयापन गर्न पाउने अधिकार जस्ता आधारभूत मानवअधिकार हनन् भएका छन् । सामाजिक न्याय, समानता, देशको विकास र दिगो शान्तिका लागि महिलामाथि हुने हिंसाको अन्त्य आवश्यक छ । महिलामाथि हुने हिंसाको अन्त्य सम्पूर्ण महिला अधिकार तथा मानवअधिकारका क्षेत्रमा क्रियाशील व्यक्ति, नागरिक समाजका अगुवाहरू, राजनीतिकर्मी, संघसंस्था र समुदायमा आधारित समूह सबैको सहकार्यबाट मात्रै सम्भव छ ।

[३]UNDP, The Human Development Index 2015, pp.224-227 and The Human Development Index 2014.

[४]UNDP, The Human Development Index 2015, pp.222-224.

महिलामाथि हुने हिंसाको यथार्थ कारण जबसम्म बाहिर आउँदैन, तबसम्म यसको समाधानको बाटो पहिल्याउन गाह्रो हुन्छ । यसर्थ, देशमा वर्षभरिमा भएका महिला हिंसाकाघटनाहरूको तथ्य तथ्याङ्क सहित अध्ययनलाई समेटेर प्रकाशन गरिने वर्ष पुस्तक अन्वेषी महिलामाथि हुने गरेका घटनाहरूलाई बाहिर ल्याउने एक महत्वपूर्ण दस्तावेजहो ।

ओरेक नेपालले सन् २००८ देखि महिलामाथि भइरहेको हिंसाको यथार्थ प्रस्तुत गर्ने मुख्य उद्देश्यले हरेक वर्ष महिला हिंसाविरुद्धको वर्ष-पुस्तक अन्वेषी प्रकाशन गर्दै आइरहेको छ ।

यस पुस्तकमा जुलाई २०१७ देखि जुन २०१८ सम्म ओरेक नेपालमा अभिलेख (सङ्कलन) गरिएका जम्मा १७४१ वटा महिलामाथि भएका हिंसाका घटनाहरूको विस्तृत विश्लेषण गरिएको छ । त्यसैगरी राष्ट्रियस्तरका दैनिक पत्रपत्रिकामा प्रकाशित भएका जम्मा ४१३ वटा[५] हिंसाका घटनाहरूको छुट्टै विश्लेषण पनि यस पुस्तकमा समावेश गरिएको छ ।

यस पुस्तकले समग्र महिलामाथि भइरहेको हिंसाका स्वरूपहरू, हिंसाले महिलाको जीवनमा पारेका प्रभावहरूको यथार्थ प्रस्तुत गर्ने जमर्को गरेको छ । यस पुस्तकमा समावेश गरिएका महिलाविरुद्ध भइरहेका हिंसाका विश्लेषणले सरोकारवालाहरू र हामी सबैलाई महिलाविरुद्ध हुने हिंसाको अन्त्यका लागि आवश्यक पहलहरू तथा कार्यहरूका बारेमा गम्भीर भएर सोच्न र त्यसलाई व्यवहारमा लागू गर्न प्रेरित गर्ने छ भन्ने ओरेक नेपालको अपेक्षा छ ।

१.३ घटना संलन गारिएका क्षेत्रहरु

यस पुस्तकमा जुलाई २०१७ देखि जुन २०१८ सम्म महिला मानव अधिकार रक्षक (म.मा.अ.र) र विभिन्न जिल्लामा रहेका अभिलेखनकर्ताहरूद्वारा अभिलेखीकरण गरिएका, ओरेक नेपालको सुरक्षित आवासमा आएका हिंसाका घटनाहरूलाई समावेश गरिएको छ । नेपालका ७ वटै प्रदेशमा महिलामाथि भएका हिंसाका घटनाहरूको अभिलेखीकरण तथा विश्लेषण यस पुस्तकमा समावेश गरिएको छ ।

[५]कान्तिपुर दैनिक, अन्नपूर्ण पोष्ट, गोरखापत्र, नेपाल समाचार पत्र, नागरिक The Himalayan Times, The Kathmandu Post
नोट : संस्थाले प्रत्यक्ष रूपमा अभिलेखीकरण गरेका घटनाहरूलाई संचार अनुगमनमा समावेश गरिएको छैन ।

१.४ अध्ययनको सीमा

यस पुस्तकमा विभिन्न जिल्लामा समुदायस्तरमा क्रियाशील महिला मानव अधिकार रक्षकहरूले अभिलेखीकरण गरी पठाएका घटनाहरू, स्थलगत रूपमा अनुसन्धान तथा अभिलेखीकरण गरिएका, संस्थाले सुरक्षित आवास, कानूनी परामर्श तथा कानूनी सहयोग, स्वास्थ्य उपचारलगायतमा सहयोग पुऱ्याएका घटनाहरूलाई समावेश गरी विश्लेषण गरिएको छ। राष्ट्रियस्तरका पत्रपत्रिकामा प्रकाशन भएका महिला हिंसाका घटनाहरूको अनुगमन गरी उक्त अनुगमनका आधारमा गरिएको विश्लेषणलाई पनि यस पुस्तकमा समावेश गरिएको छ।

यस पुस्तकमा नेपालका ७ वटै प्रदेशमा महिलामाथि भएका हिंसाका घटनाहरूलाई समावेश गर्ने प्रयास गरिएको छ। महिलामाथि हुने गरेको हिंसाका घटनाहरू समाजमा लुकेर रहेका छन्। प्रभावित महिलाहरू न्याय पाइन्छ भन्ने कुरामा विश्वस्त हुन नसकेका कारण धेरैजसो हिंसा पीडित महिला न्यायका लागि कानूनी प्रक्रियामा गएका हुँदैनन्। तसर्थ, अन्वेषीको यो अङ्गमा ओरेकले कानूनी प्रक्रियामा नगएका तर हिंसाका कारण हालसम्म पनि महिलाको शारीरिक अवस्था कमजोर रहेको, आर्थिक र सामाजिक रूपमा बहुआयामिक असरहरू भोगिरहेका घटनाहरूलाई समावेश गर्ने प्रयास गरेको छ। ओरेक नेपालको पहुँचभन्दा बाहिर रहेका महिला हिंसाका घटनाहरूलाई यस पुस्तकमा समावेश गर्न सकिएको छैन।

यस पुस्तकले नेपालका समग्र महिलाहरूको अवस्थालाई प्रतिविम्वित गर्न नसके पनि नेपालको महिला हिंसाको अवस्थाको स्वरूप भने चित्रण गर्दछ भन्ने विश्वास ओरेक नेपालले लिएको छ।

१.५ अध्ययन विधि

सूचना सङ्कलनमा समान विधिको प्रयोग

घटना अभिलेखीकरणमा समानता ल्याउनका लागि ओरेकले महिला हिंसाविरुद्धको फारम तयार गरी उक्त फारमका आधारमा नै सूचनाहरू सङ्कलन गर्दै आएको छ। महिलामाथि भएको हिंसाको वास्तविक यथार्थ अभिलेखीकरणका लागि घटनासम्बन्धी जानकारी, घटनाले महिलाको जीवनमा पारेको असरहरूलगायतका संख्यात्मक तथा विवरणात्मक सूचनाहरू सङ्कलन गरिएको थियो। सबै क्षेत्रहरूमा समान फारमको प्रयोग गरिएको थियो र आवश्यकता अनुसार थप सूचनाहरू सङ्कलन गरिएको थियो।

सूचना सङ्कलन

यस पुस्तकमा समावेश गरिएका विश्लेषणहरू ओरेक नेपालले तयार गरेको लैगिंक विभेदमा आधारित हिंसा घटना सङ्कलन फारमको माध्यमबाट सङ्कलन गरिएको हो । प्राप्त सूचनाहरू अभिलेख सीप प्राप्त तथा ओरेक नेपालद्वारा अभिलेखीकरणको तालिम दिइएका ओरेकको शाखा कार्यालयका कर्मचारीहरू तथा महिला मानव अधिकार रक्षकहरूद्वारा गरिएको छ । घटना अभिलेख गर्दा पीडित स्वयंसँग तथा पीडितका परिवारका सदस्य जसले उक्त घटनालाई बाहिर ल्याउन सहयोग गरेको थियो उक्त व्यक्तिसँग सूचनाहरू सङ्कलन गरिएको थियो ।

तथ्याङ्क प्रशोधन र विश्लेषण

अभिलेख गरिएका घटनाहरूको गोपनीयता कायम गर्न हरेक घटनाहरूमा कोड नम्बर राखी एस्.पि.एस्.एस्. सफ्टवेर भर्सन ११.५ मा तथ्याङ्कलाई व्यवस्थित र संगठित गर्ने कार्य गरिएको थियो र उक्त सफ्टवेरकै माध्यमबाट घटनाहरूलाई विश्लेषण गरी प्राप्त तथ्याङ्कहरूलाई यस पुस्तकमा समावेश गरिएको छ । ओरेकको शाखा कार्यालय तथा नजिकका जिल्ला/क्षेत्रमा अभिलेखा भएका घटनाहरूलाई तथ्याङ्क शाखाका जिम्मेवार कर्मचारीद्वारा एस्.पि.एस्.एस्. मा राख्ने गरिन्छ र सबै शाखा कार्यालयहरूले एक वर्षको तथ्याङ्क ओरेकको केन्द्रीय कार्यालयमा पठाइसकेपछि तथ्याङ्कको विश्लेषण गरी यो पुस्तक तयार गरिएको हो ।

नैतिक सहमति/विचार

घटना अभिलेख गर्ने क्रममा निम्न बमोजिमका नैतिक सहमति लिइएको थियो :

- घटना अभिलेख गर्नुपूर्व सूचनादाता (प्रभावित) को पूर्ण मौखिक अनुमति लिइएको थियो । नाबालकको हकमा परिवारका सदस्य वा अन्य नजिकको नातेदारसँग अनुमति लिइएको थियो ।
- घटना अभिलेख गर्नुपूर्व सूचनादातालाई गोपनियता कायम गर्ने कुरा सूचनादाताले दिएको सूचना कुन प्रयोजनका लागि संस्थाले प्रयोग गर्ने छ भन्ने जानकारी प्रदान गरिएको थियो ।
- अभिलेखा गरिएको सूचना प्रभावितलाई नकारात्मक प्रभाव पर्ने वा कुनै पनि हानी पुग्ने गरी प्रयोग नगर्ने प्रतिबद्धता जनाइएको थियो । साथै प्राप्त सूचनालाई समग्र रूपमा विश्लेषण गरी महिला हिंसाविरुद्धको पैरवीका लागि प्रयोग गरिने जानकारी दिइएको थियो ।
- अभिलेख गर्ने क्रममा प्रभावितलाई असर पर्ने किसिमका कुनै पनि भाषाको प्रयोग गरिएको थिएन । तालिम प्राप्त अभिलेखनकर्ताद्वारा मात्र घटनाको अभिलेख गरिएको थियो । प्रभावितलाई

सूचना प्रदान गरेबापत व्यक्तिगत हिसाबले लाभ हुने गरी कुनै पनि वस्तु वा सहयोग गरिएको थिएन । अति जोखिमको अवस्थामा रहेका प्रभावितहरूका लागि मनोसामाजिक परामर्श र सुरक्षित आवासका आवश्यकता महसुस गरी घटना अभिलेखीकरणकर्ताले शिफारिस गरेबमोजिम संस्थाले मनोसामाजिक परामर्श तथा सुरक्षित आवासको सहयोग प्रदान गरेको थियो ।

- घटना अभिलेख गर्ने क्रममा गोपनीयताको पूर्ण रूपमा सुनिशिचत गरिएको थियो ।

परिच्छेद २

२.१ कार्यगत परिभाषा

महिलामाथि हुने गरेका हिंसाका स्वरूपहरू बहुआयामिक छन् । महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW), मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू, राष्ट्रिय कानूनहरू एवं महिला हिंसाविरुद्धका तथा मानवअधिकार सम्बन्धी घोषणापत्रहरूमा आधारित हुँदै यो अध्ययनमा हिंसाका स्वरूपलाई ७ भागमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

क) हिंसाका प्रकार

घरेलु हिंसा

घरभित्र परिवारका एक सदस्यबाट अन्य सदस्यमाथि भएका हिंसाका घटनालाई घरेलु हिंसाभित्र समावेश गरिएको छ । श्रीमान् तथा परिवारका अन्य सदस्यहरूबाट भएका कुटपिट, बहुविवाह गरी स्रोत-साधनबाट वञ्चित गरिएका, घरनिकाला, गालीगलौज, भावनात्मक चोट पुऱ्याउने कार्य तथा विभिन्न डर, त्रास देखाई भएका मानसिक हिंसाका घटनाहरूलाई समावेश गरिएको छ ।

सामाजिक हिंसा

समाजका व्यक्तिहरूबाट भएका हिंसाका घटनाहरूलाई सामाजिक हिंसाभित्र समावेश गरिएको छ । सामाजिक हिंसाभित्र विशेषगरी बोक्सीको आरोपमा महिलामाथि भएका हिंसाका घटनाहरू, छुवाछूत, बालविवाह, दाइजोका कारणले भएका हिंसाहरू, महिलामाथि समाजका व्यक्तिहरूबाट सामाजिक र मानसिक असर पारेका घटनाहरूलाई समावेश गरिएको छ ।

यौनिक हिंसा

महिलाको ईच्छा विपरीत जबरजस्ती यौन अङ्गहरू तथा संवेदनशील अंगहरूमा छुने, सुम्सुम्याउने, अश्लील शब्दहरूको प्रयोग गर्ने, जिस्काउने, अश्लील चित्र, दृश्य वा फिल्महरू देखाउने जस्ता घटनाहरूलाई यस प्रतिवेदनमा यौनिक हिंसाभित्र राखिएका छन् ।

बलात्कार

बलात्कार, सामूहिक बलात्कार र बलात्कारको प्रयासलाई बलात्कारको परिभाषाभित्र समावेश गरिएको छ। यसमा महिलालाई ललाइफकाइ वा जबरजस्ती शक्ति प्रयोग गरी भएका बलात्कारका घटनाहरूलाई यसमा समावेश गरिएका छन् ।

बेचबिखनरओसारपसार

दासता, बाध्यात्मक श्रम (बँधुवा मजदूरी वा ऋणी बनाइएका व्यक्तिहरूको श्रमलगायत) र दासतापूर्ण व्यवहारका लागि कुनै पनि व्यक्तिलाई डर, धाक देखाई, जालझेल गरी वा शक्तिरपदको दुरुपयोग गरी काममा लगाउनुरओसारपसार गर्नुरएक ठाउँबाट अर्को ठाउँमा लैजानु वा लैजानका लागि सहयोग गर्नु वा आश्रय दिनु वा अरुद्वारा त्यस्तो कामको निम्ति सहयोग प्राप्त गर्नु बेचबिखन हो । बेचबिखनरओसारपसार तथा बेचबिखनरओसारपसारको प्रयास भएका घटनाहरूलाई यसमा समावेश गरिएको छ ।

हत्या

हत्याभित्र महिलालाई मनसायपूर्वक विभिन्न तवरबाट मारिएका तथा मार्ने प्रयास गरिएका घटनाहरूलाई समेटिएको छ ।

आत्महत्या

महिलामाथि हुने विभेदकाकारण तथा उनीहरुमाथि भएको चरम हिंसाका कारण महिलाहरु आत्महत्या हुन समेत बाध्य भएका छन् । पीडितका परिवारबाट हिंसाको कारण भएको आत्महत्या पनि दर्ता भएका घटनाहरूलाई यसमा समावेश गरिएको छ ।

अन्य

अपहरण/ वेपत्ता, अनलाईमा भएका लैगिंक विभेदमा आधारित हिंसा घटनाहरूलाई यसमा राखिएको छ ।

ख) प्रभावित/पीडकको वैवाहिक स्थिति

यसअन्तर्गत विवाहित, अविवाहित, एकल, विवाहित तर संगै नवसेको, अविवाहित तर सँगै बसेको र पारपाचुकेलाई समेटिएको छ ।

ग) प्रभावित/पीडकका समूहहरु

यिनलाई निम्नलिखित समूहहरूमा बाँडिएको छ –

पहाडे जनजाति : गुरुङ्ग, मगर, राई, लिम्बू, किराँत, थामी, छन्त्याल, तामाङ्ग, शेर्पा, लामा, भोटे, नेवार, जिरेल, थकाली, राउटे, चेपाङ, कुसुन्डा, दनुवार आदि ।

तराई जनजाति : थारु, राजवंशी, ताजपुरिया, गन्गाई, सिंह, धानुक, धिमाल, सन्थाल, मुन्डा, सतार, झाँगड, दनुवार, किसान, कोचे आदि ।

तराई दलित : चमार, हरिजन, राम, मुसहर, दुसाध, पासवान, पासी, तत्मा, खत्वे, धोबी, सरदार, चिमिदार, डोम, हल्खोर, कुसवादिया, कलर, खातिक, कोइरी आदि ।

पहाडे दलित : दमाई, कामी, सार्की, ढोली, गाइने, बादी आदि ।

तराई गैरदलित : यादव, तेली, गुप्ता, कामत, मलाहा, महतो, साह, ठाकुर, राजभर, माली, कुर्मी, हलवाई, केवत, नुनिया, कहर, धेडियार, धनिया, लोधा, हजाम, आदि ।

ब्राह्मण
क्षत्री

घ) प्रभावित/पीडकको पेशाहरु

सरकारी सेवा
गैरसरकारी सेवा
निजि क्षेत्र
कृषि तथा पशुपालन
दैनिक ज्यालादारी
घरयासी काम
व्यापार व्यवसाय
विद्यार्थी
रोजगार खोज्दै

ङ) प्रभावितलाई परेका असरहरू

शारीरिक असर

मानसिक असर

आर्थिक असर

सामाजिक असर

च) प्रभावित/पीडकको उमेर

१६ वर्षभन्दा मुनि

१७ देखि २५ वर्षसम्म

२६ देखि ३५ वर्षसम्म

३६ देखि ४५ वर्षसम्म

४६ देखि ५५ वर्षसम्म

५६ वर्षभन्दा माथि

२.२ कार्यकारी सारांश

अध्ययनबाट प्राप्त नतिजा सङ्क्षेपमा

२.२.१. भौगोलिक क्षेत्र अनुसार महिलामाथि भएको हिंसाको स्थिति

संस्थाले अभिलेख गरेका जम्मा १७४१ वटा घटनाहरूको विश्लेषण गर्दा महिलामाथि भएका हिंसाका घटनाहरू सबैभन्दा बढी प्रदेश नम्बर १ बाट अभिलेखिकरण भएको छ। प्रदेश नम्बर १ बाट ५९५ वटा हिंसाका घटना, प्रदेश नम्बर २ बाट ४६२ वटा, प्रदेश नम्बर ५ बाट ४१४, प्रदेश नम्बर ७ बाट १२७ वटा, प्रदेश नम्बर ३ बाट १०५ वटा, प्रदेश नम्बर ६ बाट २५ वटा र प्रदेश नम्बर ४ बाट १३ वटा महिलामाथि भएका विभिन्न प्रकारका घटना अभिलेख गरिएको छ।

२.२.२. हिंसाका प्रकारहरू

क) घरेलु हिंसा

ओरेक नेपालले यस वर्ष अभिलेख गरेका जम्मा १७४१ वटा घटनालाई विश्लेषण गर्दा सबैभन्दा बढी महिलाहरू घरेलु हिंसाबाट प्रभावित भएको पाइएको छ। प्राप्त तथ्याङ्कका आधारमा यस वर्ष सबैभन्दा बढी ६५ प्रतिशत (११४०) महिलामाथि घरेलु हिंसा भएको पाइएको छ। महिलाहरूमाथि हिंसा गर्नेहरूमध्ये सबैभन्दा बढी आफ्नै श्रीमान् र घरपरिवारका सदस्यहरू हुने गरेको तथ्य यस

वर्षको तथ्याकंले पनि देखाएको छ । ७६ प्रतिशत (८६८) महिला आफ्नै श्रीमान्बाट र २४ प्रतिशत (२७२) महिला घरपरिवारका सदस्यहरूबाट हिंसामा परेका यस वर्षको तथ्याङ्कले देखाएको छ। यसरी घरेलु हिंसा खप्न बाध्य महिलाहरूमध्ये १७-२५ र २६-३५ वर्ष उमेर समूहका ३८-३८ प्रतिशत (४३३, ४३२) रहेका छन् भने ९० प्रतिशत (१०२१) साक्षर महिला घरेलु हिंसाबाट प्रभावित रहेको तथ्याङ्कले देखाएको छ।

ख) सामाजिक हिंसा

घरेलु हिंसापछि सबैभन्दा बढी महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ। घरेलु हिंसापछि महिलामाथि हुने हिंसामध्ये सामाजिक हिंसा दोस्रो स्थानमा रहेको छ । यस वर्ष १७ प्रतिशत (१७४१ जनामध्ये २९५ जना) महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ । त्यसमा ५४ प्रतिशत (१६० जना) छिमेकीबाट, १८ प्रतिशत (५४ जना) परिवारका सदस्यबाट, १० प्रतिशत (३० जना) नजिकको साथीबाट, ९ प्रतिशत (२७ जना) साथीबाट, ७ प्रतिशत (२० जना) कुनै पनि सम्बन्ध नभएका व्यक्तिहरूबाट,२ प्रतिशत (४ जना) सेवा प्रदायक संस्थाका व्यक्तिहरू जस्तै प्रहरी, स्वास्थ्यकर्मी आदिबाट महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ । सामाजिक हिंसाबाट प्रभावित महिलाहरूमध्ये ८६ प्रतिशत (२५५ जना) महिला साक्षर रहेको पाइएको छ।

ग) बलात्कार

प्राप्त तथ्याङ्कका आधारमा यस वर्ष ७ प्रतिशत (१३० जना) महिलामाथि बलात्कार र २ प्रतिशत (३७ जना) महिलामाथि बलात्कारको प्रयास भएको पाइएको छ। बलात्कारका घटनाहरूमध्ये ४६ प्रतिशत (५९ जना) महिलामाथि छिमेकीबाट, १६ प्रतिशत (२१ जना) परिवारका सदस्यबाट, १२ प्रतिशत (१६ जना) महिला आफूले आत्मीय ठानेका साथीबाट महिलाहरूमाथि बलात्कार भएको तथ्याङ्क संकलन भएको छ। यसैगरी नै सबैभन्दा बढी ३२ प्रतिशत (१२) परिवारका सदस्य, ३० प्रतिशत (११ जना) छिमेकीबाट र १९ प्रतिशत (७ जना) आफूले आत्मीय ठानेका साथीबाट महिला माथि बलात्कारको प्रयास भएको पाइएको छ। प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी ६३ प्रतिशत (८२ जना) बलात्कारका घटनाहरू १६ वर्षमुनिका बालिकामाथि भएको तथ्याङ्कले देखाएको छ।

घ) यौनिक हिंसा

यसवर्ष ४ प्रतिशत (७२ जना) महिलामाथि यौनिक हिंसा भएको पाइएको छ, जसमध्ये सबैभन्दा बढी ३३ प्रतिशत (२४ जना) यौनिक हिंसाका घटना महिलाले आत्मीय साथी ठानेका व्यक्तिहरूबाटै

भएको पाइएको छ । त्यसैगरी १६ प्रतिशत (१२ जना) छिमेकीबाट, १४ प्रतिशत (१० जना) साथीबाट, १०-१० प्रतिशत (७, ७) जना) शिक्षकबाट र विवाह नभएका तर संगै बसेका साथीबाट भएका यौनिक हिंसाका घटना संकलन भएका छन् । यसरी नै ७-७ प्रतिशत (५,५ जना) कुनै पनि सम्बन्ध नभएका व्यक्ति र परिवारका सदस्यबाट साथै ३ प्रतिशत (२ जना) सेवा प्रदायक व्यक्तिबाट महिलामाथि यौनिक हिंसा भएको पाइएको छ । घटनालाई हेर्दा साक्षर महिलाहरूमाथि ९० प्रतिशत र १७-२५ वर्ष उमेर समूहका ३९ प्रतिशत (२८ जना) महिलामाथि यौनिक हिंसा बढी भएको पाइएको छ ।

ङ) हत्या

यसवर्ष संकलन गरिएका तथ्याङ्कका आधारमा १ प्रतिशत (१३) महिलाको हत्या भएको छ भने ०.३० प्रतिशत(६) महिलामाथि हत्याको प्रयास भएको पाइएको छ । हत्याका घटनामध्ये ६२ प्रतिशत (८) श्रीमानबाट, १५-१५ प्रतिशत (२, २) परिवारका सदस्य तथा छिमेकीहरूबाट साथै ८ प्रतिशत (१) आफ्नै प्रेमीबाट भएको पाइएको छ । यसैगरी श्रीमानबाट ६८ प्रतिशत (४), १६-१६ प्रतिशत (१, १) आफ्नै प्रेमी तथा अपरिचित व्यक्तिबाट महिलाहरूमाथि हत्याको प्रयास भएको पाइएको छ । साक्षर ८५ प्रतिशत महिलाको हत्या भएको छ भने १७-२५ उमेर समूहका ३९ प्रतिशत, २३-२३ प्रतिशत (३, ३) २६-३५ वर्ष उमेर समूह तथा १६ बर्षभन्दा कम उमेरका महिला तथा बालिकाको हत्या भएको पाइएको छ ।

च) बेचबिखन

०.६० प्रतिशत (११) महिला यसवर्ष बेचबिखनमा परेको तथा २ प्रतिशत (१९) महिलामाथि बेचबिखनको प्रयास भएको पाइएको छ । सबैभन्दा बढी ४६ प्रतिशत (५) अपरिचित व्यक्तिबाट, ३६ प्रतिशत (४) छिमेकीबाट, १८ प्रतिशत (२) परिवारका सदस्यबाट महिला तथा बालिका बेचबिखन भएको पाइएको छ । यस्तैगरी ३२ प्रतिशत (६) अपरिचित व्यक्तिबाट, २१-२१ प्रतिशत (४, ४) आफ्नै साथी र शिक्षकहरूबाट महिलाहरूमाथि बेचबिखनको प्रयास भएको पाइएको छ । यीमध्ये ८२ प्रतिशत साक्षर महिला बेचबिखन परेका छन् । १६ बर्षभन्दा कम उमेर समूहका ४६ प्रतिशत (५) महिला बढी बेचबिखनको जोखिममा पर्ने गरेको पाइएको छ ।

छ) आत्महत्या

यसवर्ष महिला माथि भएका चरित्रहत्या, दाइजोको कारणले दैनिक रुपमा यातना, जवरजस्ती विवाह गरी आत्महत्या गर्न बाध्य बनाइएका कारणले १ प्रतिशत (१०) महिलाले आत्महत्या गरेका घटना अभिलेख भएका छन् ।

ज) अन्य

महिलामाथि भएका हिंसा तर थोरै संख्यामा अभिलेख भएका घटनाहरूलाई अन्य समूहमा राखी विश्लेषण गरिएको छ । यस समूहका घटनाहरूमा साइवर अपराध, महिलालाई बेपत्ता बनाइएका तथा अलपत्र बनाइएका घटना राखिएको छ । यस वर्ष ३ जनालाई सामाजिक सञ्जाल मार्फत चरित्रहत्या गरिएको साइवर अपराधको घटना, २ जना महिलालाई वेपत्ता बनाइएको तथा ३ जना महिलालाई अलपत्र बनाइएको घटना संकलन भएका छन् ।

३. उमेर समूह र महिलामाथि हुने हिंसा

प्राप्त तथ्याङ्कको आधारमा यस वर्ष सबैभन्दा बढी १७-२५ वर्ष उमेर समूहका महिला हिंसामा परेको पाइएको छ । यस समूहका महिलाहरूमा ३७ प्रतिशत (६४३) हिंसा भएको छ । यस्तै गरी २६-३५ वर्ष उमेर समूहमा ३२ प्रतिशत (५६४), १६ वर्षमुनिका बालिकामा १३ प्रतिशत (२२२), ३६-४५ वर्ष उमेर समूहमा ११ प्रतिशत (१८८), ४६-५५ वर्ष उमेर समूहका महिलामा ५ प्रतिशत (८४) र ५६ वर्षभन्दा बढी उमेर समूहका महिलाहरूमा २ प्रतिशत (४०) कुनै न कुनै प्रकारको हुने हिंसा भएको पाइएको छ ।

४. शिक्षा र महिलामाथि हुने हिंसा

महिलामाथि हुने हिंसा र प्रभावितको शिक्षाको स्तरलाई विश्लेषण गर्दा ७९ प्रतिशत (१३८१) साक्षर महिलामाथि सबैभन्दा बढी हिंसा भएको पाइयो । हिंसा प्रभावित महिलाहरूमध्ये २१ प्रतिशत निरक्षर (३६०) महिला रहेको पाइयो । महिलाको साक्षरताको अवस्थालाई समेत विश्लेषण गरी हेर्दा ६५ प्रतिशत (९००) महिलाले आधारभूत शिक्षा (कक्षा १ देखि ८ कक्षा) सम्म अध्ययन गरेका, २९ प्रतिशत (४०१) माध्यमिक तहसम्मको अध्ययन गरेका, ४ प्रतिशत (५९) स्नातक तहसम्म अध्ययन गरेका, १-१ प्रतिशत (१२, ९) स्नातकोत्तर तथा प्राविधिक शिक्षा अध्ययन गरेका महिलामाथि हिंसा भएको पाइयो ।

५. वैवाहिक अवस्था र महिलामाथि हुने हिंसा

महिलामाथि भएको हिंसा र महिलाको वैवाहिक अवस्थालाई विश्लेषण गर्दा हिंसा प्रभावित महिलाहरूमा सबैभन्दा बढी १३४५ जना (७५ प्रतिशत) विवाहित महिलामाथि हिंसा भएको पाइएको छ। १७ प्रतिशत (२९१) अविवाहित महिला, ३ प्रतिशत (४४) विवाहित तर संगै नबसेका महिलामाथि, ३ प्रतिशत (४८) एकल महिला, १-१ प्रतिशत (९, ४) क्रमशः अविवाहित तर सँगै बसेका र पारपाचुके गरेर बसेका महिलामाथि हिंसा भएको पाइयो । महिलाहरू बढी घरेलु हिंसाबाट प्रभावित छन् र सबैभन्दा बढी महिलाहरूमाथि विवाहपछि श्रीमान्द्वारा हिंसा हुने हुँदा पनि विवाहित महिलाहरूमाथि भएको हिंसाको संख्या बढी अभिलेखीकरण भएको हुन सक्छ ।

६. पेशा र महिलामाथि हुने हिंसा

कुन पेशामा संलग्न कति महिलाहरूमाथि हिंसा भएको छ भनी यस वर्ष प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा आफ्नै घरको काममा संलग्न हुने ५१ प्रतिशत (८९६) महिलामाथि सबैभन्दा बढी हिंसा भएको पाइएको छ । यस्तैगरी हिंसा प्रभावित महिलाहरूमध्ये २० प्रतिशत (३३९) महिला कृषि पेशामा संलग्न रहेका, १५ प्रतिशत (२५७) विद्यार्थी , ८ प्रतिशत (१४७) महिला दैनिक ज्याला मजदूरीमा संलग्न रहेको पाइएको छ। यस्तै ३ प्रतिशत (४७) व्यापार व्यवसायमा संलग्न, १ प्रतिशत (२५) गैरसरकारी क्षेत्रमा कार्यरत, १ प्रतिशत (१२) निजी क्षेत्रमा संलग्न, ०.५० प्रतिशत (११) सरकारी सेवामा, ०.५० प्रतिशत (७) जागिर खोज्दै गरेका महिलामाथि पनि हिंसा भएको तथ्याङ्कले देखाएको छ ।

७. महिलामाथि हुने हिंसाका असरहरु

हिंसाका कारण महिलाहरूमाथि परेको असरलाई यस पुस्तकमा ५ समूहमा विभाजन गरी विश्लेषण गरिएको छ । महिलाहरूमाथि कुनै पनि प्रकारको हिंसा हुँदा सबैभन्दा बढी ८८३ जना (५१ प्रतिशत) हिंसाको कारण मानसिक असर परेको पाइयो । ३२ प्रतिशत (५५२) महिलालाई शारीरिक असर परेको, ५ प्रतिशत (९३) महिलालाई आर्थिक असर तथा ३ प्रतिशत (५६) महिलालाई सामाजिक असर परेको पाइएको छ भने ९ प्रतिशत (१५७) महिलामाथि हिंसाको कारण सबैखाले असर परेको तथ्याङ्कले देखाएको छ ।

८. जातीयताका आधारमा महिलामाथि हुने हिंसा

महिलामाथि हुने हिंसाका विभिन्न प्रकारहरू र महिलाको जातीयताका आधारमा विश्लेषण गर्दा यस वर्ष सबैभन्दा बढी तराइ जनजाति महिलाहरूमाथि हिंसा भएको पाइएको छ । हिंसा प्रभावित कूल महिलामध्ये प्रतिशत २७ प्रतिशत (४६४) तराई जनजाति, २० प्रतिशत (३४०) ब्राह्मण/क्षेत्री पहाडे, १७ प्रतिशत (३०५) पहाडे जनजाति, ११ प्रतिशत (१९०) तराई दलित, ८-८ (१४७, १४५) क्रमशः पहाडे दलित तथा तराई गैरदलित, ६ प्रतिशत (१०२) ब्राह्मण/क्षेत्री तराई, ३ प्रतिशत (४८) मुश्लिम महिलाहरूमाथि हिंसा भएको तथ्याङ्क संकलन भएको छ ।

९. पीडक र प्रभावितको सम्बन्ध

महिलाको पीडकसँग रहेको सम्बन्धको आधारमा विश्लेषण गर्दा महिलामाथि सबैभन्दा बढी हिंसा गर्ने ९२९ (५३ प्रतिशत) श्रीमान रहेको पाइयो । त्यसैगरी १७ प्रतिशत (२९८) महिला परिवारका सदस्यबाट, १५ प्रतिशत (२५८) महिला आफू बसेकै समाजका छिमेकीबाट, ४ प्रतिशत (७५) महिला आफूले आत्मीय ठानेका व्यक्तिहरूबाट, ४ प्रतिशत (७३) अपरिचित व्यक्तिहरूबाट र ३ प्रतिशत (५२) आफ्नै साथीबाट महिलाहरू हिंसा प्रभावित भएको पाइएको छ । यसैगरी १-१ प्रतिशत (१७, १०, ८) क्रमशः शिक्षक, मुख्य हेरचाहकर्ताका रुपमा रहेका व्यक्ति तथा सेवा प्रदायक संस्थाका व्यक्ति जस्तै प्रहरी, स्वास्थ्यकर्मीहरूबाट नै महिलामाथि हिंसा भएको पाइएको छ ।

परिच्छेद ३

३.१ महिलामाथि हुने हिंसा अन्त्यका लागि भएका प्रयासहरु

हिंसाका कारण विश्व भरीका महिलाहरूले पुरुषसरह आफ्ना अधिकार र स्वतन्त्रताको निर्धक्क उपभोग गर्न सक्ने अवस्था छैन । महिलाविरुद्धको हिंसा उन्मूलन सम्बन्धी घोषणापत्र, १९९३ का अनुसार महिलाविरुद्ध हिंसालाई सार्वजनिक वा निजी जीवनमा लिङ्गका आधारमा हुने हिंसाजन्य कार्य, जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँदछ वा पुऱ्याउने सम्भावना हुन्छ, जसअन्तर्गत त्यस्तो कार्य गर्ने धम्की , दबाव र स्वेच्छाचारी रूपमा महिलाको स्वतन्त्रतामा बन्देज समेत पर्दछ भनी परिभाषित गरेको छ ।

नेपालको पुरुष प्रधान सामाजिक संरचना, मूल्य, मान्यता तथा सोचका कारण महिलाबाट पुरुषमा हुने हिंसाभन्दा पुरुषबाट महिलामाथि हुने हिंसाको संख्या बढी रहेको तथ्याङ्कले देखाएको छ । वि.सं. २०७३ सालमा भएको जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणले महिलाहरू घरभित्रै विभिन्न किसिमका शारीरिक, यौनजन्य तथा मानसिक हिंसाबाट पीडित हुने गरेको तथ्य सार्वजनिक भएको छ ।

नेपाल सरकार महिलामाथि हुने हिंसा अन्त्यका लागि प्रतिबद्ध छ भनेर पटक पटक भनेको छ र त्यसै अनुसारका नीति नियम र कानुन पनि बनाएको छ । वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प नेपालको संविधानले गरेको छ ।

मुलुकी अपराध (संहिता) ऐन २०७४ को परिच्छेद १० : भेदभाव तथा अन्य अपमान जन्य व्यवहार सम्बन्धी कसूर अन्तगर्त दफा १६० ले भेदभावपूर्ण व्यवहारलाई पूर्ण रुपमा प्रतिबन्ध लगाएको छ । यस दफामा भएको व्यवस्था यस प्रकार रहेको छ :

(१) कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कानून बमोजिम अधिकार प्रयोग गर्ने अधिकारीले त्यस्तो अधिकार वा सामान्य कानूनको प्रयोग गर्दा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा कुनै पनि नागरिकमाथि जानीजानी भेदभावपूर्ण व्यवहार गर्न हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद ३२ हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

मुलुकी देवानी (संहिता) ऐन २०७४ को दफा १५ ले कानून विपरीतका प्रथा वा परम्परालाई मान्यता दिने छैन भनिएको छ । कानुनले प्रथा तथा परम्परालाई दुरुत्साहन गरेको छ । साथै यस ऐनको परिच्छेद ३ को दफा १७, १८ र १९ ले सबै नागरिक कानुनको दृष्टिकोणमा समान हुने र कसैलाई पनि भेदभाव गर्न नपाईने भनि गरेको व्यवस्थाले सबैको लागि समानताको अवसर सिर्जना गरेको छ ।

दफा १९ मा विशेष व्यवस्था भएकोमा भेदभाव गरेको नमानिने : दफा १७ र १८ मा जुनसुकै कुरा लेखिएको भएता पनि सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्यलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गरेकोमा भेदभाव गरेको मानिने छैन भनिएको छ । जसले स्पष्ट रुपमा माथि उल्लेखित समूदायलाई आरक्षणको व्यवस्था कानुनी रुपमा सुनिश्चित गरिएको छ र यसले महिला र विशेषगरी सदियौँदेखि पछाडि पारिएका समुदायको समान रुपमा बाँच्न पाउने अधिकार कानुनी रुपमा नै सुनिश्चित गरेको छ ।

महिलाका आर्थिक, समाजिक, साँस्कृतिक लगायत समग्र सवाल सम्बोधन गर्न महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय संघमा , समाजिक विकास मन्त्रालय प्रदेश मा र सामाजिक विकास शाखा स्थानीय तहमा गरि तीन तहको संरचना स्थापना गरिएको छ ।। संविधानले राष्ट्रिय महिला आयोगलाई संवैधानिक आयोग बनाइ यसलाई अझ धेरै अधिकार प्रदान गरेको छ ।

देशको नयाँ संविधान अनुसार भाद्र ३१ २०७५ (सेप्टेम्बर १६ २०१८) सम्ममा संसदले १०५ वटा भन्दा बढी कानुन बनाएको छ । जस अर्न्तगत १६ वटा कानुन संविधानको मौलिक हकको कार्यान्वयनका लागि बनाइएको छ । नेपालको सबैभन्दा पुरानो कानून मूलुकी ऐन २०२० लाई मूलुकी अपराध संहिता (संहिता) ऐन २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, फौजदारी कसूर सजायँ निर्धारण तथा कार्यान्वयन ऐन साथै मुलुकी देवानी (संहिता) ऐन २०७४ र मुलुकी देवानी (संहिता) ऐन २०७४ द्वारा २०७५ भदौमा प्रतिस्थापन गरिएको छ । जसले सबै प्रकारका भेदभाव, हिंसा, सामाजिक कुरीतिजन्य अभ्यास/महिलाविरुद्ध हुने हानिकारक परम्परागत अभ्यासलाई अपराधिक कार्य भित्र राखि सजायँ र क्षतिपूर्ती दिने व्यवस्था गरेको छ ।

गतवर्ष सम्पन्न तीन तहका निर्वाचनले देशलाई राजनीतिक स्थायीत्व दिएको छ । आगामी ५ वर्षका लागि स्थानीय, प्रदेश र संघीय तहमा जनप्रतिनीधिहरू आएपछि अवको राज्यको ध्येय सामाजिक न्यायसहितको देशको विकास तर्फ केन्द्रित छ । समृद्ध नेपालः सुखी नेपालीको नारा सामाजिक न्यायसहितको विकासले मात्र पुरा गर्न सक्छ ,जसका लागि महिलामुखि नीति, योजना र कार्यक्रमलाई प्राथमिकतामा राखेको देखिन्छ ।

नेपालमा महिला तथा बालिकामाथि हुने सबैप्रकारका हिंसा उन्मुलन गर्ने प्रतिबद्धतालाई पुनः पुष्टी गर्नका निम्ति प्रतिनिधिसभाले गत भदौमा सबै खाले महिला हिंसा र बलात्कारविरुद्ध संकल्प प्रस्ताव पास गरेको छ । वि.सं २००६ देखि नेपालद्वारा विभेदकारी प्रावधानलाई हटाउन ८८ वटा कानून संशोधन भएका छन् । संविधानमा रहेको समानुपातिक समावेशी प्रावधानले महिला, दलित, आदिवासी/जनजाती र अल्पसंख्यकको राजनीतिक सहभागिता र प्रतिनिधित्व बढ्दै गएको छ ।

महिलामाथिको हिंसा कानुनी रूपमा दण्डनीय अपराध हो । महिला हिंसा गर्नेलाई हिंसाको कसुर अनुसारको सजाय हुने स्पष्ट कानुनी व्यवस्था छ । हुनत महिलामाथि हुने सबैखाले हिंसा नियन्त्रण र न्युनीकरण गर्न नेपालमा विगतमा कानुनहरू पर्याप्त नभएको कारण सरकारले थप कानुनहरू पनि बनाएको छ र त्यसको प्रभावकारी कार्यान्वयनमा जोड समेत दिएको पाइन्छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (नियन्त्रण) ऐन, २०७१, बोक्सी आरोपविरुद्धको (कसुर र सजाय) ऐन, २०७२, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५, एकल महिला सुरक्षा कोष नियमावली, २०७०, लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली,

२०६७, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनको लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६० लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना २०६१, ज्येष्ठ नागरिक राष्ट्रिय कार्ययोजना, २०६२, मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार, विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ र यसको कार्यान्वयन योजना, २०७१, छाउपडी प्रथा उन्मुलन निर्देशिका, २०६४, पुनस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८, पुनस्थापना कोष सञ्चालन निर्देशिका, २०६८, मानव बेचबिखनविरुद्धको अभियानमा संलग्न सरोकारहरूका लागि मनोसामाजिक मनोविमर्श निर्देशिका, २०६८, मानव बेचबिखन तथा ओसारपसारबाट पीडित र प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६४ लगायतका कानुनी व्यवस्थाहरू महिला हिंसा न्यूनीकरण र नियन्त्रणका लागि कार्यान्वनमा रहेका छन् । सर्वोच्च अदालतबाट विभिन्न समयमा भएका निर्णयहरू तथा आदेशहरू रहेका छन् । देशमा भएको विभिन्न राजनैतिक परिवर्तन र सकारात्मक रूपमा आएका कानूनहरू हुँदाहुँदै पनि भएका नीतिहरूको कार्यान्वयन पक्ष फितलो भएको हुँदा महिलामाथि हुने हिंसाका घटनाहरूमा कमि आएका छैनन् ।

महिलाविरुद्धको सबै प्रकारको विभेद र हिंसा अन्त्य गरी महिलाको हकअधिकारको सुरक्षाको प्रवर्द्धन का लागि कानुनमा महिलाप्रति रहेको सम्पूर्ण विभेदकारी प्रावधानहरू खारेज र संशोधन हुनु जरुरी छ। विभेदकारी कानुनलाई समय सापेक्ष बनाई महिलामा अन्तर्निहित क्षमता अभिवृद्धि गरी सशक्तिकरण गर्ने नीतिगत व्यवस्था गर्न ढिला भइसकेको छ ।

स्थानीय तहका सम्पूर्ण संरचनालाई महिलामैत्री बनाउँदै महिलाका लागि सशक्तिकरण कार्यक्रम र महिला हिंसाको मुख्य कारण पत्ता लगाइ सम्बोधन गर्ने नीति, रणनीति तथा कार्यक्रमहरू तर्जुमा तत्काल गर्नुपर्ने देखिन्छ। साथै सेवा प्रदायक निकायहरूमा लैगिंक संवेदनशिलताको विकास गर्न अति जरुरी देखिन्छ। अनेक जिम्मेवारीका कारण महिलाहरू अझैपनि घरबाहिर आउन सकेका छैनन्। महिलामाथि हुने विभेदपूर्ण व्यवहार र दृष्टिकोणको अन्त्य र समानताका लागि विभेदका संरचनागत कारकतत्वहरूको पहिचान गरी यसलाई निमूल पार्न समाजका सबै तह र तप्काबाट आवश्यक कदम चाल्न अति आवश्यक छ।[६]

[६]Report of the Special Rapporteur on violenceagainst women, its causes and consequences, RashidaManjoo, 2011, UN Human Rights Council

परिच्छेद ४

महिलामाथि भएको हिंसाका प्राप्त परिणाम र विश्लेषण

४. महिलामाथि भएको हिंसाको अवस्था र विश्लेषण

४.१ भौगोलिक क्षेत्र अनुसार महिलामाथि भएको हिंसाको स्थिति

महिलामाथि हुने हिंसा कुनै विशिष्ट भौगोलिक क्षेत्रमा मात्र सीमित हुन्छ भन्ने छैन । यो हरेक क्षेत्र/स्थानमा हुने गर्दछ । यो वर्ष ७ वटै प्रदेशमा गरी (२०१७ जुलाईदेखि २०१८ जुनसम्म) ओरेक नेपालले जम्मा १७४१ महिलामाथि भएका हिंसाका घटनाहरूको अभिलेख गरेको छ ।



चार्ट नं. १. प्रदेश अनुसार महिलामाथि भएको हिंसाको स्थिति

यसवर्ष प्राप्त तथ्याङ्क अनुसार, प्रदेश नं १ बाट सबैभन्दा बढी हिंसाका घटना अभिलेखीकरण भएका छन् । प्रदेश नम्बर १ मा ३४ प्रतिशत (५९५), प्रदेश नं २ मा २७ प्रतिशत (४६२), प्रदेश नं ५ मा २४ प्रतिशत (४१४), प्रदेश नं ७ मा ७ प्रतिशत (१२७), प्रदेश नं ३ मा ६ प्रतिशत (१०५), प्रदेश नं ६ र ४ बाट १-१ प्रतिशत (क्रमश २५ र १३) वटा घटना अभिलेख गरिएको छ ।

ओरेक नेपालमा आएका र ओरेक नपालको पहुँचमा रहेको घटनाहरूको आधारमा भौगोलिक क्षेत्रअनुसार घटनाको वर्गिकरण गरिएको हुँदा, प्रदेश नम्बर ६ र ४ मा हिंसा कम हुन्छन् र प्रदेश नम्बर १ मा हिंसा बढी हुन्छ भनी किटानीसाथ भन्न सकिने स्थिति भने रहेको छैन । प्रदेश नम्बर १ का जिल्लामा ओरेक नेपालले लामो समयदेखि कार्य गरिरहेको, र प्रदेश नम्बर १ को मोरङ्ग र उदयपुर, प्रदेश नम्बर २ को धनुषा, प्रदेश नम्बर ७ को कैलाली, प्रदेश नम्बर ५ को दाङ्ग र प्रदेश नम्बर ३ को काठमाडौंमा सुरक्षित आवास समेत सञ्चालन गरिरहेको हुँदा यी प्रदेशमा घटनाहरू बढीमात्रामा अभिलेखिकरण हुने गरेका छन् ।

जहाँ सूचनाको पहुँच, महिलाहरूको सशक्तीकरणको अवस्था र महिलाहरूका लागि सहयोगी संयन्त्रहरूको विकास र पहुँच रहेको छ, त्यहाँ घटनाहरू बढी रिपोर्टिङ्ग हुने गर्दछन् । भौगोलिक विकटता, सूचनाको पहुँचको कमी, हिंसा प्रभावित महिलाहरूका लागि सहयोगी संयन्त्रहरूको कमी जस्ता कारणले पनि प्रदेश नम्बर ४ र ६ बाट हिंसाको रिपोर्टिङ्ग कम भएको हुन सक्दछ भन्ने हाम्रो विश्लेषण रहेको छ ।

४.२ महिला हिंसाका प्रकार

महिलामाथि विभिन्न स्वरूप तथा प्रकारले हिंसा हुने गर्दछन् । यसवर्ष प्राप्त तथ्याङ्कका आधारमा महिलामाथि भएका हिंसाहरूलाई (चार्ट नं २) १० भागमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

यसवर्ष अभिलेख गरिएका तथ्याङ्कहरूको विश्लेषण गर्दा सबैभन्दा बढी ६५ प्रतिशत (११४०) महिलामाथि घरेलु हिंसा भएको पाईएको छ । त्यस्तै गरी १७ प्रतिशत (२९५) महिला सामाजिक हिंसाबाट, ७ प्रतिशत (१३०) महिलाको बलात्कार, २ प्रतिशत (३७) बलात्कारको प्रयास तथा ४ प्रतिशत (७२) महिलामाथि यौन हिंसा भएको पाइएको छ । यसैगरी १ प्रतिशत (१३) महिलाको हत्या, ०.३० प्रतिशत (६) महिलाको हत्या प्रयास गरिएका घटना अभिलेख भएका छन् । यसरी नै २ प्रतिशत (१९) बेचविखनको प्रयास, ०.६० प्रतिशत (११) महिलाको बेचविखन गरिएको छ भने

१ प्रतिशत (१०) आत्महत्या गरेको, तथा ०.४० प्रतिशतमाथि (८) अन्य हिंसा भएको पाइएको छ। अन्य हिंसामा हेर्दा ३ जनालाई सामाजिक सञ्जाल मार्फत चरित्रहत्या गरिएको साइवर अपराधसँग सम्बन्धित, २ जना महिलालाई वेपत्ता बनाइएको तथा ३ जना महिलालाई अलपत्र बनाइएका घटनाहरू संकलन भएका छन् ।



चार्ट नं २ महिलामाथि भएका हिंसाका प्रकारको अवस्था

महिलामाथि हुने गरेको हिंसाका प्रकारलाई हेर्दा सबैभन्दा बढी ६५ प्रतिशत (११४०) महिला घरेलु हिंसामा परेको पाईएको छ। महिलामाथि सबैभन्दा बढी आफ्नै श्रीमान्बाट ५३ प्रतिशत (९२९) र घरपरिवारका सदस्यबाट १७ प्रतिशत (२९८) हिंसा भएको पाईन्छ (चार्ट नं. ८)। यस तथ्याङ्कलाई विश्लेषण गर्दा सबैभन्दा बढी महिलाहरू आफ्नै घरमा असुरक्षित छन् । महिलाहरू आफ्ना भनिएका व्यक्तिहरूबाटनै बढी मात्रामा हिंसामा पर्ने गरेका छन् र नजिकका आफन्तहरूबाटै नै महिलाहरू असुरक्षित छनुभन्ने प्रमाणित गर्न यस तथ्याङ्कले सहयोग गरेको छ। महिलामाथि हुने हिंसा विशेषत घरेलु हिंसालाई निजी र नितान्त घरभित्रको मामिलाका रूपमा मात्र लिइएको

छ, हालसम्म पनि गम्भीर सवालका रूपमा घरेलु हिंसा स्थापित हुन सकेको छैन ।[७] पित्तृसत्तात्मक मूल्य-मान्यताबाट निर्देशित हाम्रा सामाजिक तथा सांस्कृतिक नीति-नियमले महिलाकको शरीरमाथि अरूको नियन्त्रण कायम गर्ने सिद्धान्तको प्रतिपादन गरेको छ ।

विवाहपूर्व छोरी परिवारको अधिनमा र विवाहपश्चात् महिलामाथि श्रीमान्को अधिकार रहने पित्तृसत्तात्मक सोच समाजमा जरो गाडेर रहेको छ । यही सोचअनुरूप महिलालाई घर परिवार र श्रीमान्को सम्पत्तिको रूपमा लिइन्छ । घरको इज्जत धान्ने मूल आधारको रूपमा चित्रित गरिन्छ । फलस्वरूप महिलाहरू आफ्नो घर परिवार र श्रीमान्ले चाहे अनुरूपका कार्यहरूमात्रै गर्न बाध्य पारिन्छन् । उनीहरूको नत सम्पत्तिमाथि हक हुन्छ नत आफ्नै स्वआर्जनमा । यस्तो स्थितिमा यदि महिलाले आफ्नो अधिकार खोजिन्, वकालत गरिन् भने उनीमाथि हिंसा हुन जान्छ । मानिसका लागि सबैभन्दा सुरक्षित स्थान घर र सहयोगी व्यक्ति भनेका आफ्नो परिवारका सदस्य हुन्छन् ,तर महिलाका लागि उनीहरूबाट नै भय छ । यो अत्यन्त चिन्ताको विषय रहेको छ ।

घरेलु हिंसाबाट प्रभावित महिलाहरूको विवाह गर्दाको समयको उमेर हेर्ने हो भने ३५ प्रतिशत (३९९) ले १६ वर्ष भन्दा कम उमेरमा र ५९ प्रतिशत (६७५) ले १७ देखि २५ उमेरसम्ममा विवाह गरेको पाईयो । यो तथ्यले बालविवाह र छिटो समयमा हुने विवाह घरेलु हिसाको प्रमुख कारक तत्वका रुपमा रहेको देखाएको छ । यसरी सानो उमेरमा हुने विवाहका कारण महिलाहरूले उच्च स्तरसम्मको शिक्षा हासिल गर्ने र आर्थिक रुपमा आफै सशक्त भएर निर्णय प्रक्रियामा सहभागी हुने नेतृत्व विकास गर्ने अवशरहरूबाट समेत बञ्चित भएका छन् ।

यस तथ्याकंले पछिल्लो समयमा घरेलु हिंसाका घटनाहरू बढी मात्रामा उजुरी पर्ने गरेको समेत देखाएको छ । घरेलु हिंसालाई राज्यले अपराधको रुपमा मानेर २०६६ सालमा घरेलु हिंसा (कसूर र सजाय) ऐन समेत लागु गरेको छ । यद्यपी वास्तविकतामा घरपरिवारका सदस्यहरू नै संलग्न भएर घरभित्र हुने हिंसालाई नीजि मामिलाको रुपमा रुपमा हेर्ने प्रचलन कायम नै छ । यस्ता हिंसालाई मानव अधिकार हनन्को सवालको रुपमा कमै मात्रामा हेरिन्छ जसले गर्दा अझ पनि धेरै घटनाहरू हालसम्म पनि बाहिर आउन सकेका छैनन् ।

[७]Findings of DOVA Research, 2013-WOREC

४.३ महिलामाथि हुने हिंसा र उमेर

महिलामाथि हुने हिंसा कुनै एक उमेर समूहमा मात्र केन्द्रित छैन । हरेक उमेर समूहका व्यक्तिहरूमाथि हिंसा हुने गरेको छ ।



चार्ट नं. ३. महिला हिंसा र उमेर समूह

यस अध्ययनले महिलाको उमेरलाई ६ समूहमा विभाजन गरी प्राप्त तथ्याकंलाई कुन उमेर समूहमा बढी महिलामाथि हिंसा भएको छ भनी विश्लेषण गरेको छ । प्राप्त तथ्याङ्कको आधारमा यस वर्ष सबैभन्दा बढी १७-२५ वर्ष उमेर समूहका महिला हिंसामा पारिएको पाइएको छ । यस समूहका महिलाहरूमा ३७ प्रतिशत (६४३) हिंसा भएको छ । यस्तै गरी २६-३५ वर्ष उमेर समूहमा ३२ प्रतिशत (५६४), १६ वर्षमुनिका बालिकामा १३ प्रतिशत (२२२), ३६-४५ वर्ष उमेर समूहमा ११ प्रतिशत (१८८), ४६-५५ वर्ष उमेर समूहका महिलामा ५ प्रतिशत (८४) र ५६ वर्षभन्दा बढी उमेर समूहका महिलाहरूमा २ प्रतिशत (४०) कुनै न कुनै प्रकारको हुने हिंसा भएको पाइएको छ । १७-२५ र २६-३५ वर्ष उमेर समूहका महिलाहरू बढी जोखिममा रहेका पाइएको छ । (चार्ट ३) ।

"आत्म सम्मानका साथ जीवनयापन गर्न पाउनु हरेक व्यक्तिको नैसर्गिक अधिकार हो"।[८] नेपाली महिलाहरूले जन्मन अघि देखि नै विभेदको सामना गर्नुपरेको अवस्था छ । यस अवस्थाले महिलाको स्वतन्त्रतापूर्वक हिंसा मुक्त जीवन यापन गर्न पाउने अधिकारलाई खण्डित गरेको छ ।

[८]मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

१७ देखि २५ वर्ष उमेर समूहका महिलामाथि बढी हिंसामा हुनुको कारण यस उमेर समूहका महिलाहरू विवाह बन्धनमा बाँधिइसकेको हुन्छन् । समाजमा महिलाप्रति रहेको विभेदपूर्ण मूल्यमान्यताका कारण कतिपय पुरुषले महिलालाई नियन्त्रणमा राख्नुपर्छ भन्ने सोचाइका कारण हिंसा गर्ने गरेको पाईन्छ । कतिपय परिवारमा हिंसा निरन्तर रुपमा हुँदै आएको हुन्छ र त्यहि परिवारमा हुर्किएका पुरुषले महिलाहरू पुरुषसरह समान छन् भन्ने तथ्यलाई स्वीकार्न सकेका हुँदैनन् र महिलामाथि हिंसा गर्दै आएका छन् ।

२६ देखि ३५ वर्ष उमेर समूह हिंसा हुने महिलाको अर्को उमेर समूह हो । यो उमेर भनेको उत्पादनशील उमेर हो । यस उमेरमा महिलाहरू सामाजिक र जैविक प्रजनन् दुवै कार्यमा संलग्न हुन्छन् । यो उमेर समूहका महिलाहरूले समाजको मान्यताअनुरूप आफूलाई ढाल्न सकेनन्, परिवारको अपेक्षा अनुरूपको पढाई वा, घरभित्र र बाहिरको काम गर्न सकेनन् वा आफ्नो शरीरमाथि आफैं निर्णय गर्ने कोसिस गरेको खण्डमा उनले हिंसा खप्नुपर्ने स्थिति रहेको यस वर्षको तथ्याङ्कले देखाएको छ ।

१६ वर्ष मुनिका बालिकाहरूलाई विभिन्न आश्वासन दिएर सजिलै फकाउन सकिने, यस्ता बालिकाहरूलाई आफूले चाहे अनुरुपको कार्य गराउन सजिलो हुने विश्वासका साथ पीडकले १६ वर्ष मुनिका बालिकाहरूमाथि हिंसा गर्ने गरेको पाईएको छ । यसरी १६ वर्ष भन्दा कम उमेरका बालिकाहरूमाथि विशेषत यौन हिंसा तथा बलात्कारका घटना बढी मात्रामा हुने गरेको पाइएको छ ।

४.४ महिला हिंसा र शिक्षा

महिलामाथि हुने हिंसा र शिक्षाको स्थितिलाई विश्लेषण गरी चार्ट नं ४ र ५ मा प्रस्तुत गरिएको छ । यस तथ्याङ्कका आधारमा ७९ प्रतिशत (१३८१) हिंसा साक्षर महिलामाथि हुनेगरेको पाइएको छ । साक्षर महिलामध्ये हेर्दा ६५ प्रतिशत (९००) महिलाले आधारभूत शिक्षा (कक्षा १ देखि ८ कक्षा) अध्ययन गरेका, २९ प्रतिशत (४०१) माध्यमिक तहसम्मको अध्ययन गरेका, ४ प्रतिशत (५९) स्नातक तहसम्म अध्ययन गरेका, १-१ प्रतिशत (१२-९) स्नातकोत्तर तथा प्राविधिक शिक्षा अध्ययन गरेका महिलाहरूमाथि हिंसा भएको पाइएको छ भने हिंसा प्रभावित महिलाहरूमध्ये २१ प्रतिशत (३६०) निरक्षर रहेको पाइयो ।



चार्ट नं.४ महिलाको शैक्षिक अवस्थाका आधारमा हिंसाका परिणाम



चार्ट नं. ५ महिलाको साक्षरताको अवस्थाका आधारमा हिंसाका परिणाम

अशिक्षित व्यक्तिहरूमाथि बढीमात्रामा हिंसा हुन्छ भन्ने धारणा समाजमा रहेको छ। यस वर्ष अभिलेख भएको तथ्याङ्क यस धारणालाई गलत साबित गरेको छ। ७९ प्रतिशत शिक्षित व्यक्तिहरूमाथि नै हिंसा भएको छ भने केवल २१ प्रतिशत हिंसा प्रभावित महिलाहरू निरक्षर रहेका छन्।

यस अध्ययनले स्तातकोत्तर तह र स्नातक तहसम्म अध्ययन गरेका व्यक्तिहरूमाथि कम हिंसा हुने देखाएको छ। हिंसाको क्षेत्र व्यापक हुँदै गईरहेको छ। स्नातक तह भन्दा बढी अध्ययन गरेका व्यक्तिहरूले आफूमाथि भएका हिंसाका बारेमा भनेमा आफ्नो प्रतिष्ठा र ईज्जतमा आँच आउन सक्छ भन्ने सोचका कारण यस्ता हिंसाविरुद्धमा कसैलाई पनि नभनेका हुन सक्छन् र यस्ता घटनाको उजुरी संख्या नै कम भएका हुन सक्दछ। महिलामाथि हुने हिंसाविरुद्ध नेपाल सरकारले कडा कानुनको व्यवस्था गरेको छ। हिंसा प्रभावित महिलाका लागि सुरक्षित आवास, मनोपरामर्श सेवा तथा पुनर्स्थापनाका लागि जीविकोपार्जनलगायतका अन्य सेवाहरूसमेत प्रदान गर्दै आएको छ। तर यस्ता कानुन तथा व्यवस्थाको फितलो कार्यान्वयनका कारण हिंसा प्रभावित महिलाले अझैपनि खुलेर म माथि हिंसा भएको हो भन्ने वातावरण बन्न सकेको छैन।

४.५ वैवाहिक स्थिति र महिलामाथि हुने हिंसा

यस वर्ष अभिलेखीकरण गरिएका तथ्याङ्कका आधारमा विवाहित महिलाहरू सबैभन्दा बढी ७५ प्रतिशत (१३४५ जना) हिंसामा परेको पाइएको छ। १७ प्रतिशत (२९१) अविवाहित महिला, ३ प्रतिशत (४४) विवाहित तर, संगै नबसेका महिलाहरूमाथि, ३ प्रतिशत (४८) एकल महिला, १-१ प्रतिशत (९, ४) क्रमशः अविवाहित तर सँगै बसेका र पारपाचुके गरेका महिलामाथि हिंसा भएको पाइएको छ।



चार्ट नं. ६ महिलाको वैवाहिक स्थिति र हिंसाको परिणाम

नेपालको कानुनले विवाहका लागि २० वर्षको उमेरलाई मान्यता दिएको छ । तर, नेपालमा १० प्रतिशत बालिकाको १५ वर्ष भन्दा कम उमेरमा र ३७ प्रतिशत बालिकाहको १८ वर्षमुनिको उमेरमा विवाह हुने गरेको छ ।[९] नेपाल बालविवाह हुने दक्षिण एसियाली मुलुक बंगलादेश र भारतपछि तेस्रो स्थानमा रहेको छ । जहाँ १५ देखि १९ वर्षको उमेरमा १७ प्रतिशत किशोरीहरू आमा बन्ने गरेका छन् र यो अनुपात बढ्दो क्रममा रहेको उक्त तथ्यांकले देखाएको छ । १५ वर्षमा बच्चा जन्माउने किशोरीको संख्या २ प्रतिशत र १९ वर्षमा बच्चा जन्माउने किशोरीको संख्या ३६ प्रतिशत रहेछ ।

विवाह समाजमा मान्यता प्राप्त संस्थाका रूपमा स्थापित हुनुले पनि महिलामाथि हुने हिंसालाई खासगरी महिलामाथि घरेलु हिंसा गर्नलाई सहज बनाई दिएको छ । विश्व स्वास्थ्य संगठनका अनुसार प्रत्येक ३ मा १ जना महिला घरेलु हिंसाबाट प्रभावित हुने गर्दछन् । विवाह अघि छोरी बुवाआमाको नियन्त्रणमा र विवाह पश्चात् श्रीमान्को नियन्त्रणमा हुनुपर्छ भन्ने सामाजिक मान्यता हाल पनि कायम छ । यसर्थ विवाह पश्चात् महिलाले गर्ने हरेक कामलाई घरपरिवार र ईज्जतको विषय बनाईन्छ विवाहित महिलाको स्वतन्त्र भएर बाँच्न पाउने अधिकारको समेत हनन् भएको अवस्था छ ।

[९] https://www.hrw.org/sites/default/files/report_pdf/nepal0916_insert_nepali_web.pdf

४.६ प्रभावितको जातीयता

यस वर्ष संकलन गरिएको तथ्याँकका आधारमा हेर्दा सबैभन्दा बढी तराइ जनजाति महिलाहरूमाथि हिंसा भएको पाइएको छ। हिंसा प्रभावित कूल महिलामध्ये प्रतिशत २७ प्रतिशत (४६४) तराई जनजाति, २० प्रतिशत (३४०) ब्राह्मण/क्षेत्री पहाडे, १७ प्रतिशत (३०५) पहाडे जनजाति, ११ प्रतिशत (१९०) तराई दलित, ८-८ (१४७-१४५) क्रमशः पहाडे दलित तथा तराई गैरदलित,, ६ प्रतिशत (१०२) ब्राह्मण/क्षेत्री तराई, ३ प्रतिशत (४८) मुस्लिम महिलामाथि हिंसा भएको पाइएको छ।



चार्ट नं. ७ महिलाको जातीय विवरण र हिंसाको परिणाम

माथिको तथ्याङ्कका आधारमा विश्लेषण गर्दा महिलामाथि हुने हिंसा सबै जातिका महिलाहरूमा हुने गरेको पाईयो। संस्कृति र सामाजिक मूल्यमान्यतामा जातिअनुरूप फरक हुनुले पनि महिलामाथि हुने हिंसालाई निर्धारण गर्ने तथ्य माथिको तथ्याङ्कले प्रस्तुत गरेको छ। जनाजाति महिलाहरू अरु जातिका महिलाहरू भन्दा आफ्ना कुराहरू सशक्त ढङ्गले प्रस्तुत गर्न सक्ने हुँदा पनि यी जातका महिलाहरूमाथि भएको हिंसाका घटना बढी मात्रामा बाहिर आउने गर्दछन्। यस वर्ष बढी मात्रामा १ नम्बर प्रदेशबाट बढीमात्रामा हिंसाको घटना अभिल गरिएको छ। यस प्रदेशमा विशेष तराई जनजातिहरूको बाहुल्य बढी भएका कारणले समेत यस उमेरसमूहका व्यक्तिमाथि बढी हिंसा हुने गरेको तथ्याकंले देखाएको हो।

४.७ प्रभावित र पीडकबीचमा रहेको सम्बन्ध

संकलन गरिएका तथ्याँकका आधारमा हेर्दा सबै भन्दा बढी ९२९ (५३ प्रतिशत) महिलामाथि हिंसा श्रीमानबाट भएको पाइएको छ। त्यसैगरी महिलामाथि भएका हिंसा मध्ये १७ प्रतिशत (२९८) परिवारका सदस्य बुवा, दाजु, ससुरा आदिबाट, १५ प्रतिशत (२५८) महिला आफू बसेकै समाजका छिमेकीबाट, ४ प्रतिशत (७५) महिला आफूले आत्मीय ठानेका व्यक्तिबाट, ४ प्रतिशत (७३) अपरिचित व्यक्तिबाट र ३ प्रतिशत (५२) आफ्नै साथीबाट महिलाहरू हिंसा प्रभावित भएको पाइएको छ। यसैगरी १-१ प्रतिशत (२१, १७, १०, ८) महिलामाथि क्रमशः अविवाहित तर संगै बसेका व्यक्ति, शिक्षक, मुख्य हेरचाहकर्ताका रुपमा रहेका व्यक्ति तथा सेवा प्रदायक व्यक्तिहरू जस्तै प्रहरी, स्वास्थ्यकर्मीबाट नै महिलामाथि हिंसा भएको पाइएको छ।



चार्ट नं.८ हिंसा प्रभावित महिलाको पीडकसँगको सम्बन्ध

अघिल्ला वर्षका झै यस वर्षको तथ्याङ्कले पनि महिलाहरू अपरिचित व्यक्तिहरूभन्दा परिचित र आफ्नै भनिने व्यक्तिहरूबाट हिंसाको जोखिममा पर्ने गर्छन् भन्ने तथ्यलाई उजागर गरेको छ। महिलाहरूको जोसँग नजिकको सम्बन्ध छ वा जसले बढी माया गर्छ भन्ने महिलाहरूले सोच्दछन् त्यही व्यक्तिबाट उनीहरूमाथि बढी हिंसा भएको यस तथ्याङ्कले पुष्टि गर्दछ।

४.८ महिलामाथि हुने हिंसा र पेशा

कुन पेशामा संलग्न कति महिलाहरूमाथि हिंसा भएको छ भनी यस वर्ष प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा आफ्नै घरको काममा संलग्न हुने ५१ प्रतिशत (८९६) महिलामाथि सबैभन्दा बढी हिंसा भएको पाइएको छ। यस्तैगरी हिंसा प्रभावित महिलाहरूमध्ये २० प्रतिशत (३३९) महिला कृषि पेशामा संलग्न रहेका, १५प्रतिशत (२५७) विद्यार्थी, ८ प्रतिशत (१४७) महिला मजदूरीमा रहेका पाइएका छन् । यस्तै ३ प्रतिशत(४७) व्यवसायमा संलग्न महिला, १ प्रतिशत (२५) गैरसरकारी क्षेत्रमा कार्यरत महिला, १ प्रतिशत (१२) निजीक्षेत्रमा संलग्न, ०.५० प्रतिशत (११) सरकारी सेवामा, ०.५० प्रतिशत (७) जागिर खोज्दै गरेका महिलामाथि पनि हिंसा भएको पाइएको छ ।



चार्ट नं. ९ महिलामाथि हुने हिंसा र पेशागत अवस्था

४.९ महिलामाथि हुने हिंसाका कारण महिलामा परेका असरहरु

हिंसाका कारण महिलाहरूमाथि परेको असरलाई यस पुस्तकमा ५ समूहमा विभाजन गरी विश्लेषण गरिएको छ । महिलाहरूमाथि कुनै पनि प्रकारको हिंसा हुँदा सबैभन्दा बढी ८८३ जना (५१ प्रतिशत) हिंसाको कारण मानसिक असर परेको पाइयो । ३२ प्रतिशत (५५२) महिलालाई, शारीरिक असर परेको, ५ प्रतिशत (९३) महिलालाई आर्थिक असर र ३ प्रतिशत (५६) महिलालाई

सामाजिक असर परेको पाइएको छ भने ९ प्रतिशत (१५७) महिलालाई हिंसाको कारण सबैखाले असर परेको पाइएको छ ।



चार्ट नं. १० महिलामाथि हुने हिंसाका कारण महिलामा परेका असरहरू

विश्व स्वास्थ्य संगठनका अनुसार व्यक्ति स्वस्थ हुनु शारीरिक रुपमामात्र नभई मानसिक र सामाजिक स्वास्थ्य पनि उत्तिकै महत्वपूर्ण रहन्छ[१०] भनि प्रष्ट्याएको छ । महिलामाथि हुने हिंसाका कारण महिलाहरूमाथि विभिन्न मानसिक, शारीरिक, र आर्थिक असरहरू पर्ने गर्दछन् । यस वर्ष अभिलेखिकरण भएका घटनाले हिंसाका कारण सबैभन्दा बढी महिलाको मानसिक स्वास्थ्यमा असर पर्ने गरेको छ देखाएको छ । महिलामाथि हुने हिंसाका कारण विशेषरूपमा महिलाहरूमा मनोसामाजिक असर पर्ने जसका कारण महिलाको व्यक्तिगत स्वतन्त्रता विलिन हुने, सार्वजनिक जीवनमा सहभागी हुन सक्ने क्षमतालाई कमजोर बनाउने गर्दछ ।[११] महिलाहरूमा हिंसा पश्चात् एउटा समस्या देखिएता पनि त्यसको सम्बन्ध अन्य पक्षहरूसँग पनि हुने गर्दछ । यसरी हिंसाले महिलाको प्रत्यक्ष जीवनमा विभिन्न किसिमका असरहरू पुऱ्याउने गरेको यस वर्षको तथ्याङ्कले देखाएको छ ।

[१०] The World Health Organization (WHO) defined human health in a broader sense in its 1948 constitution as "a state of complete physical, mental and social well-being and not merely the absence of disease or infirmity."

[११] Allan Rosenfield, Caroline Min and Joshua Bardfield, pp. 3-4 “Global women’s health and human rights: an introduction”, in Women’s Global Health and Human Rights, edited by Padmini Murthy and Clyde Lanford Smith, Jones & Bartlett Publishers, Sudbury, Massachusetts (2010)

परिच्छेद ५

५.१ महिला र घरेलु हिंसा

घरेलु हिंसा भन्नाले कुनै पनि व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौन वा आर्थिक यातना हो । घरेलु हिंसाभित्र गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने कार्य समेत पर्दछ ।[१२]

"घरेलु सम्बन्ध"भन्नाले वशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रुपमा एकै परिवारमा बसेका व्यक्तिहरू बीच भएको सम्बन्ध सम्झनु पर्छ र सो शब्दले सँगै बसेका जोडी वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्ध समेतलाई जनाउछ ।[१३]

अव घरेलु हिंसा कुनैपनि हिसावले व्यक्तिको नीजि मामिला हुँदै होइन । यो सबैको मानव अधिकारको विषय हो । यो गम्भीर अपराध हो । श्रीमान्ले श्रीमतीलाई थप्पड हान्नु पुरुषको अधिकार हो भन्ने मान्यता अहिलेपनि हाम्रो समाजमा रहेको छ, २१ औं शताब्दिमा समेत यस्तो मान्यता लिएर आफ्नै श्रीमती वा परिवारका सदस्यलाई हिंसा गर्नु अत्यन्तै लज्जाको विषय हो । मानव सभ्यता विपरित हो ।

२४ प्रतिशत पुरुषले छोराछोरी नहेर्दा, १२ प्रतिशत पुरुषले श्रीमान्लाई नसोधी बाहिर जादा, ९ प्रतिशतले श्रीमानसँग मुखमुखै लाग्दा, ४ प्रतिशतले यौनसम्पर्क गर्न नमान्दा, ३ प्रतिशतले खाना डढाउँदा र २९ प्रतिशतले उल्लेखित मध्ये कुनै एक कारणले श्रीमती कुट्न मान्य हुने बताएका छन् ।[१४] माथिका तथ्यले महिलामाथि हिंसा गर्न कुनै ठुलो कारण हुनु नपर्ने रहेछ भन्ने देखाउँछ । अनि महिला जसरी पनि पुरुषको नियन्त्रणमा हुनुपर्छ भन्ने मान्यतालाई यी तथ्यले स्पष्ट रुपमा

[१२]घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ तथा घरेलु हिंसा (कसूर र सजाय) नियमावली, २०६७
[१३]घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ तथा घरेलु हिंसा (कसूर र सजाय) नियमावली, २
[१४]नेपालजनसांख्यिक सर्वेक्षण, २०१६

झल्काउँछ । साथै पुरुषले महिलालाई आफ्नो नियन्त्रणमा राख्नका लागि विभिन्न नचाहिँदा बहानामा महिलामाथि हिंसा भईरहेको छ भन्ने तथ्यलाई पनि यसले उजागर गरेको छ । नेपालमा ५ महिलामध्ये १ भन्दा बढी (२२ प्रतिशत) महिलाले १५ वर्षको उमेरमा नै शारीरिक हिंसाको अनुभव गरि सकेका हुन्छन् शिक्षाको स्तर बढ्दै जाँदा शारिरीक हिंसा घट्दै जाने गरेको पाईएको छ जसअनुसार, अशिक्षित ३४ प्रतिशत महिलाले शारीरिक हिंसा भएको थियो भने एस.एल.सी. वा सो भन्दा बढी शिक्षा हासिल गरेका ८ प्रतिशत महिलालेमात्र शारीरिक हिंसा भएको कुरा बताएका थिए । पहिले वा हाल विवाहित महिलामध्ये ८४ प्रतिशतले आफ्नै श्रीमान्बाट शारीरिक हिंसा हुने गरेको बताएका थिए ।[१५]

महिलामाथि हुने अन्य हिंसा भन्दा घरेलु हिंसा बढी मात्रामा हुँदै आएको अन्वेषीले देखाएको छ । यस वर्षपनि ६५ प्रतिशत महिलामाथि हिंसा भएको पाईएको छ । घरेलु हिंसाका स्वरूपहरू समाज वा परिस्थितिअनुरूप फरक भएतापनि संसारभरि नै घरेलु हिंसाका घटनाहरू बढी हुने गरेको छ ।[१६] अध्ययन अनुसार **"हरेक ४ जना महिलामध्ये १ जना महिला घरेलु हिंसाबाट प्रभावित हुने गर्दछन् ।"**[१७] नेपाल प्रहरीमा परेको उजुरीका आधारमा पछिल्लो २२ वर्षमा घरेलु हिंसाको तथ्याकं बढ्दो क्रममा देखिन्छ । आर्थिक वर्ष ०६९/०७० मा १८०० वटा घरेलु हिंसाको उजुरी प्रहरीमा परेको थियो भने ०७४/०७५ आर्थिक वर्षमा १२२२५ घरेलु हिंसाका उजुरी परेका छन् ।[१८]

घरेलु हिंसा उजुरी सम्बन्धी व्यवस्था (कहाँ र कसरी उजुरी गर्ने?)

घरेलु हिंसा भए गरेको मितिले ९० दिनभित्र उजुरी दिनुपर्नेछ. घरेलु हिंसा भएको, भैहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय निकाय समक्ष लिखित वा मौखिक उजुरी दिन सक्नेछ । घरेलु हिंसाको उजुरी सोझै अदालतमा पनि दिन सकिन्छ.। उजुरी लिखितरूपमा प्राप्त भएकोमा तुरुन्त र मौखिकरूपमा प्राप्तभएकोमा सो सम्बन्धी आवश्यक विवरण लेखी लेखाई उजुरीकर्ताको सही छाप गराईदर्ता गर्नुपर्नेछ ।

[१५]नेपालजनसांख्यिक सर्वेक्षण, २०१६

[१६]UNFPA, 1999, UNICEF, 2000; 2005

[१७]National Coalition Against Domestic Violence, fact sheet,Washington, DC 20009

[१८]नेपाल प्रहरी

विश्लेषण

- घरेलु हिंसा प्रभावित मध्ये ४० प्रतिशत महिलामाथि शारिरीक हिंसा भएको छ भने हिंसाका कारण ४४ प्रतिशत महिलामाथि मानसिक र ३५ प्रतिशत महिलामाथि शारीरिक असर परेको छ । ९३ प्रतिशत विवाहित महिलामाथि हिंसा भएको पाईएको छ । ५१ प्रतिशत महिलामाथि पुरुषले अर्को विवाह गरी, ३० प्रतिशत हिंसा दाईजोका कारण र १९ प्रतिशत महिलालाई खराव चरित्र भएको आरोप तथा अन्य कारणले भएको पाईएको छ ।

- हिंसाका कारण २४ जना महिलाले नागरिकता बनाउन नपाएको, ६१ जना माया तथा हेरचाहबाट बञ्चित भएको, १९ जनाको विवाह दर्ता नभएको, ५ जनाले बच्चाको जन्मदर्ता गराउन नपाएको, ९ जना शिक्षाबाट बञ्चित भएको, ५ जना स्वास्थ्यबाट र २४७ जनाले खान लाउन नपाएको र परिवारले वेवास्ता गरेका कारण थप जोखिममा परेको पाईएको छ । यसले के देखाउँछ भने घरेलु हिंसा हुँदा महिलाहरू शिक्षा, स्वास्थ्यलगायतका मौलिक अधिकारहरूबाट समेत बञ्चित हुनु परेको अवस्था छ ।

- ५६ प्रतिशत हिंसा घरायसी काम गर्ने महिलामाथि भएको छ । ७६ प्रतिशत हिंसा १७ देखि ३५ वर्ष उमेर समूहका महिलामाथि (३८ प्रतिशत १७ देखि २५ र ३८ प्रतिशत २६ देखि ३५ वर्ष उमेर) भएको छ । श्रम गर्न पाउनु, गरेको श्रमको सही मूल्यांकन सहित त्यसको सम्मान हुनु मानव अधिकार हो । शताब्दीयौंदेखि मानिस-मानिसका बीच विभेद सिर्जना गर्न स्थापित सामन्ती संरचनाले महिलाको श्रम र शरीरको नियन्त्रणलाई प्रमुख औजारको रूपमा प्रयोग गरिहेको छ जसका कारण महिलामाथि हुने हिंसाले निरन्तरता पाएको छ । अन्तर्राष्ट्रिय श्रम संगठन क्षेइ ले महिलाको घरेलु श्रमलाई पनि श्रमको मान्यता दिँदै यसलाई श्रमको दायरामा ल्याउन , क्षेइ ऋज्ञडढ महासन्धि अगाडि ल्याएको छ । तर, नेपाल सरकारले अझै पनि उक्त सन्धिमा हस्ताक्षर गरेको छैन । यसले नेपाल सरकार र हाम्रो राज्य व्यवस्था अझैपनि महिलाले गर्ने घरेलु श्रमलाई श्रम मान्न तयार छैन भन्ने स्पष्ट पार्छ । यो अवस्थाको अन्त्यबिना महिलामाथि हुने घरेलु हिंसाको अन्त्य हुन सक्दैन ।

५.२ घरेलु हिंसाभित्रका स्वरूपहरू

घरेलु हिंसाका स्वरूपहरू ब्यापक छन् । यसवर्ष गरिएको अभिलेखीकरणका आधारमा घरेलु हिंसाका निम्न स्वरूपलाई विश्लेषण गरी यस पुस्तकमा समावेश गरिएको छ ।

शारीरिक हिंसा

श्रीमान् र घरपरिवारका सदस्यले हातहतियार अथवा आफ्नो बलको प्रयोग गरेर जबरजस्ती कुटपिट गर्नु, अङ्गभङ्ग गराउनु, शारीरिक दण्ड सजाय दिनु, दाइजोको निहुँमा र चारित्रिक आरोप लगाई कुटपिट गर्नु आदिलाई शारीरिक हिंसाभित्र समेटिएको छ ।

मानसिक हिंसा

शारीरिक यातनाको डर देखाउने गाली गलौज गर्ने, चारित्रिक आरोप लगाउने, अपशब्द प्रयोग गर्ने, उपेक्षा वा वेवास्ता गर्ने, अपशब्द बोल्ने, हेला-तिरस्कार गर्ने, भावनात्मक रूपमा दुर्व्यवहार गर्ने, डर, धम्की देखाउने जस्ता कार्यहरूलाई मानसिक हिंसाभित्र समेटिएको छ ।

स्रोत साधनको वञ्चितीकरण

खान लगाउन नदिने, घरबाट निकाला गर्ने, विवाह दर्ता, जन्म दर्ता नगर्ने नागरिकता नवनाइदिने, शिक्षाबाट बञ्चित गर्ने, बेवास्ता गर्ने जस्ता हिंसाहरूलाई यसभित्र समेटिएको छ ।

बैवाहिक बलात्कार

श्रीमानले जवरजस्ती यौन सम्पर्कका लागि बाध्य बनाएका घटनालाई यसभित्र समावेश गरिएको छ ।

५.३ घरेलु हिंसाका प्रकारहरु

महिलामाथि हुने घरेलु हिंसाभित्र पनि महिलाहरूमाथि कस्ता कस्ता प्रकारका हिंसाहरू हुने गरेका छन् भनी हेर्दा सबैभन्दा बढी शारीरिक हिंसा भएको पाइएको छ । महिलाहरूमाथि कुटपिटका घटना धेरै भएका पाइएका छन् । महिलामाथि भएका घरेलु हिंसाका घटनाहरूमध्ये ४० प्रतिशत (४५७) महिलामाथि शारीरिक हिंसा भएको पाइयो । त्यसैगरी ३४ प्रतिशत (३९७) महिलालाई खान, लगाउन नदिने, माया तथा हेरचाह नगर्ने, शिक्षाबाट बञ्चित गराउने, बेवास्ता गर्ने, घरनिकाला गर्ने, विवाह दर्ता, जन्मदर्ता, नागरिकता आदि स्रोत तथा साधनबाट वञ्चितीकरण भई हिंसामा परेको पाइएको छ । यसरी नै २५ प्रतिशत (२८०) महिलामाथि मानसिक हिंसा, १ प्रतिशत (६) महिलामाथि बैवाहिक बलात्कारका कारणले हिंसा भएको पाइएको छ ।



चार्ट नं ११ महिलामाथि भएका घरेलु हिंसाका प्रकारहरु

५.४ घरेलु हिंसाका पीडकका प्रकार

घरेलु हिंसाबाट प्रभावित महिलाहरूमध्ये ७६ प्रतिशत (८६८) महिला आफ्नै श्रीमान्बाट र २४ प्रतिशत (२७२) महिला आफ्नै घरपरिवारका सदस्यहरूबाट हिंसामा पर्ने गरेको तथ्याङ्कले देखाएको छ।



चार्ट नं. १२ घरेलु हिंसा प्रभावित महिलाहरू र पीडकको सम्बन्ध

५.५ प्रभावितको वैवाहिक अवस्था

घरेलु हिंसाबाट प्रभावितहरूको वैवाहिक अवस्थाका बारेमा विश्लेषण गर्दा एकल, अविवाहित र छुट्टिएर बसेका महिलाहरूभन्दा विवाहित महिलाहरू घरेलु हिंसाको उच्च जोखिममा रहेको तथ्याङ्कले देखाएको छ। यस वर्ष ९३ प्रतिशत (१०७२) विवाहित महिला र ३ प्रतिशत (३९) अविवाहित, २ प्रतिशत (२५) विवाहित तर, सँगै नबसेको, १-१ प्रतिशत (२, २) एकल र पारपाचुके गरेका महिला घरेलु हिंसाबाट प्रभावित भएको पाइयो। (चार्ट नं. १३)।



चार्ट नं. १३ घरेलु हिंसा प्रभावित महिलाको वैवाहिक अवस्था

५.६ प्रभावितको उमेर र घरेलु हिंसा

प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा घरेलु हिंसाबाट प्रभावितहरूमध्ये सबैभन्दा बढी १७-२५ र २६ देखि ३५ वर्ष उमेर समूहका महिला भएको पाइएको छ। ३८ प्रतिशत (४३३) २६-३५ वर्ष उमेर समूहका महिला, ३८ प्रतिशत (४३२) १७-२५ वर्ष उमेर समूहका महिला यसवर्ष घरेलु हिंसाबाट प्रभावित भएका छन्। त्यसैगरी ३६-४५ वर्ष उमेर समूहका १२ प्रतिशत (१४१), ४६-५५ वर्ष उमेर समूहका ५ प्रतिशत (६०), ५६ वर्षभन्दा माथिका उमेर समूहका महिला ३ प्रतिशत (२८) र १६ वर्षमुनिका उमेर समूहका ४ प्रतिशत (४६) महिलामाथि घरेलु हिंसा भएको पाइएको छ (चार्ट नं १४)।



चार्ट नं. १४ घरेलु हिंसा प्रभावित महिलाहरूको उमेरका अवस्था

५.७ प्रभावितको शिक्षाको स्तर र घरेलु हिंसा

महिलाहरूमाथि भएको हिंसा र महिलाको शैक्षिक अवस्थालाई विश्लेषण गर्दा निरक्षर महिलाभन्दा ९ गुणा ९० प्रतिशत (१०२१) साक्षर महिलामाथि घरेलु हिंसा भएको पाइयो । (चार्ट नं. १५) । यसै गरी साक्षर महिलाभित्र पनि सबैभन्दा बढी आधारभूत शिक्षा (१-८ कक्षा) अध्ययन गरेका ७१ प्रतिशत (७२९) महिला हिंसाबाट बढी प्रभावित भएको पाइएको छ (चार्ट नं. १५ र १६) ।



चार्ट नं. १५ घरेलु हिंसा प्रभावित महिलाहरूको साक्षरताको अवस्था र हिंसाका परिणामहरू



चार्ट नं. १६ घरेलु हिंसा प्रभावित महिलाहरूको साक्षरताको अवस्था र हिंसाका परिणामहरू

५.८ प्रभावितको जात र घरेलु हिंसा

यसवर्ष प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा घरेलु हिंसा प्रभावित महिलाहरूभित्र पनि सबैभन्दा बढी तराई जनजाति महिला २५ प्रतिशत (२८१) हिंसामा रहेको पाइएको छ। त्यसपछि ब्राह्मण/क्षेत्री पहाडे २२ प्रतिशत (२५५), पहाडे जनजाति १८ प्रतिशत (२०१), ९-९ प्रतिशत (१०६, १०६, १०५) क्रमशः पहाडे दलित, तराई दलित तथा तराई गैरदलित महिला हिंसामा परेको पाइएको छ। यसरी नै ६ प्रतिशत (६२) ब्राह्मण/क्षेत्री तराई, २ प्रतिशत (२४) मुश्लिम महिला घरेलु हिंसाबाट प्रभावित रहेको पाइयो।



चार्ट नं. १७ घरेलु हिंसा प्रभावित महिलाहरूको जातिगत अवस्था

५.९ प्रभावितको पेशा र घरेलु हिंसा

घरायसी काममा संलग्न महिलाहरू बढी मात्रामा घरेलु हिंसाका प्रभावित रहेको यस वर्षको तथ्याङ्कले देखाएको छ। प्राप्त तथ्याङ्कका आधारमा ५६ प्रतिशत (६६४) घरायसी काम, २२ प्रतिशत (२५०) कृषि तथा पशुपालन, १० प्रतिशत (१०८) दैनिक ज्याला मजदूरी, ४ प्रतिशत (४८) विद्यार्थी, ३ प्रतिशत (३५) सामान्य व्यापार, व्यवसाय गर्ने, २ प्रतिशत (१६) गैरसरकारी संस्थामा कार्यरत, १-१ प्रतिशत (८, ८, ३) निजी क्षेत्रमा, सरकारी सेवामा संलग्न तथा जागिर खोज्दै हिडेका महिलाहरू हिंसामा परेका छन्।



चार्ट नं. १८ घरेलु हिंसा प्रभावित महिलाहरूको पेशा र हिंसाको अवस्था

५.१० प्रभावितलाई परेको असर

घरेलु हिंसाका कारण सबैभन्दा बढी महिलामा मानसिक असर परेको पाइएको छ। प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा घरेलु हिंसाका प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी ४४ प्रतिशत (४९५) महिलामाथि मानसिक असर परेको पाइएको छ भने ३५ प्रतिशत (४०२) शारीरिक असर, ९ प्रतिशत (१०३) आर्थिक असर, २ प्रतिशत (२२) मा सामाजिक असर र १० प्रतिशत (११८) सबैखाले असर परेको पाइएको छ।



चार्ट नं. १९ घरेलु हिंसाबाट प्रभावित महिलाहरूमा परेको असर प्रतिशतमा

घटना नं १ (घरेलु हिंसा)

मेरो जन्म दाङ्गको तुलसीपुरमा भएको हो । बुवा, आमा, ५ दिदी बहिनी, ३ भाइ गरी हाम्रो १० जनाको परिवार थियो । म परिवारमा काइँली छोरी हुँ । परिवार ठुलो र खेतीकिसानी गरी खाने प्रशस्त जग्गा जमिन नभएकाले गर्दा अरुको जग्गामा अधियाँ गरेरमात्र दुइ छाक टार्न पुग्थ्यो । पढ्ने मेरो सपना पनि सपनामा मात्रै सिमित भयो । बाल्यकाल दाउरा, घाँस र घरधन्दा गर्दैमा वित्यो । १६ वर्षको उमेरमा राम्रो, इमान्दार र जाँडरक्सी नखाने केटा छ भनि मेरो विवाह भयो । विवाह गरेको केही समयसम्म त सबैसँग राम्रो नै थियो । मेरा ३ जना बच्चा पनि जन्मिए । अनि काम पनि पहिला जस्तो राम्रोसँग गर्न सकिनँ । श्रीमान घरमा बसेर काम पनि नगर्ने खाली जुवा तास मात्र खेलर दिनभरी हराउने भएकाले घरपरिवारले पनि हामीलाई अलग्गै राखिदिए । हामी अलग्गै भए पनि श्रीमानको व्यवहारमा कत्ति पनि सुधार आएन । घरको सबै जिम्मेवारी, बालबच्चाको स्याहार, खेतीपाती सबैमा मैले एक्लै गर्नुपर्ने, उल्टो राती आएर विभिन्न बाहनामा निहु खोजी दैनिक झगडा गर्न थाले । यो सब सहँदै बस्दै आएकी थिएँ । एकदिन सानो छोराले खोलाबाट माछा मारेर ल्याएको थियो । म त्यही पकाउँदै थिए । छोरा मलाई माछा दिएर गाउँमा खेल्न गएको थियो । साँझ ७ बजेतिर बुवा घर फर्किंदा छोरालाई गाउँमा नै खेलेको देखेछन् । यसबेलासम्म घर जानु पर्दैन भन्दै छोरालाई लखेट्दै घर आएर पिट्न खोजे । मैले छोरालाई पिट्न नदिएपछि त्यही रिसले पकाउँदै गरेको तरकारी उठाई मेरो र छोराको अनुहारमा छ्यापीदिए । तातो तरकारीले पोलेर हामी आमाछोराको पुरै अनुहार र छाती, खुट्टामा समेत पोलियो । घटनापछि आफन्तको सहयोगमा सबैसँग पैसा उठाएर उपचारका लागि अञ्चल अस्पताल गई उपचार गरें र अहिले घर फर्किएकी छु ।

घटना नं २ (बैवाहिक बलात्कार)

म रमिला (परिवर्तित नाम) १६ वर्षको उमेरमा नै प्रेम विवाह गरेँ । बाल्यकाल भाइवहिनी हेर्दै, घाँस दाउरा गरेर नै वित्यो । पढ्ने लेख्ने अवसर पाइन । ज्याला मजदुरी गरेर जसोतसो जीवन चलिरहेको थियो । द्वन्द्वको समयमा श्रीमान बेपत्ता भई धेरै लामो समयसम्म पनि सम्पर्कमा नआएपछि माइतीको सहारामा दुई छोरा छोरीको पालन पोषण गरेर जिविकोपार्जन गर्दै बसिरहेकी थिएँ । यही बिचमा सँगै मजदुरी गर्ने एकजना भारतीय नागरिकसँग चिनजानपछि विवाह भयो । विवाह पछि आफू बसिरहेको समाजले नराम्रो कुरा गर्न थाले । त्यसैले केही समय छोरीहरूलाई माइतीमै छाडेर श्रीमान र म बर्दियामा आएर बस्न थाल्यौँ । हाम्रो एउटा छोरा जन्मियो । मेरो पहिला विवाह भएको सबै कुरा थाहा पाएर विवाह भएको भएपनि विवाहपछि श्रीमानले गाली बेईज्जती गर्ने, हरेक दिन कुटपिट गर्ने कोहीसँग बोल्न नहुन, जो सँग बोल्यो उहीसँग आरोप लगाउने गर्न थाल्यो ।

यतिमात्रै होइन उसले चाहेको बेला यौन सम्पर्कको लागि तयार हुनुपर्ने छोराको अगाडी समेत उसले आफ्नो मनलागि गर्न थाल्यो । । हाम्रो झ्याल ढोका नभएको सानो छाप्रो घर छ, घरको भित्ताबाट जसले पनि सजिलै भित्र देख्न सक्छ । तर, उसले त्यस्ता कुराको केही मतलब नगरी विहान, दिउसो जुन बेला मन लाग्यो त्यहीबेला यौन सर्म्पक गर्नुपर्ने जसले देखे पनि उसलाई मतलब नहुने महिनबारी हुँदा समेत नछाड्ने गर्न थाल्यो । उसले भने जसरी आफू तयार भएन भने कुटपिट गर्ने लछार पछार गर्ने धारिलो बस्तु जे अगाडी छ त्यो योनीमा कोची दिने गर्छन् । यी सब सहेर नै बसिरहेकी थिएँ एक दिन दिउसो घरमा बसिरहेको समयमा बाहिरबाट आएर एक्कासी वरिपरी सबैका अगाडी नै जवरजस्ती गर्न खोज्यो । मैले नमान्दा सबैको अगाडी जवरजस्ती गर्दै मेरो योनीमा लट्ठी कोचीदियो देख्नेहरू छुट्टयाउन आए तर, मानेन । म बेहोस भएछु छिमेकीले अस्पताल पुऱ्याएछन् । त्यहाँ उपचार गरेर केही समय सुरक्षावासमा वसी अव त्यो व्यक्तिसँग वस्न सक्दिन भनेर बैबाहिक बलात्कारमा मुद्दा हालेको छु । मैले मुद्दा हालेको थाहा पाए पछि उसका परीवारका मान्छे मुद्दा फिर्ता लिएर उसलाई थुनावाट ननिकाले मारीदिने धम्की दिइरहेका छन् । तर म अब जे भएपनि मुद्दा फिर्ता नलिइ न्यायको लागि पहल गर्छु भनेर अगाडी बढिरहेकी छु ।

परिच्छेद ६

६.१ महिला र सामाजिक हिंसा

सामान्यतया समाजका सदस्यहरूबाट सामाजिक रीतिस्थिति र व्यवहारका आधारमा महिलामाथि हुने हिंसालाई सामाजिक हिंसा भनी बुझिन्छ । महिला र पुरुषलाई हेर्ने सामाजिक/सांस्कृतिक मूल्य-मान्यतामा आधारित असमान दृष्टिकोणका कारण महिलालाई होच्याउने, आत्मसम्मानमा चोट पुऱ्याउने, कमजोर देखाउने खालका विभेदहरू घरभित्रदेखि राज्यतहसम्म ब्याप्त छन् । यस्ता व्यवहारले महिलाको स्वतन्त्र नागरिकका रुपमा बाँच्न पाउने अधिकारलाई चूनौती दिएको छ । एक स्वतन्त्र सक्षम नागरिकका हैसियतले देश विकासमा समान योगदान गर्नुपर्ने कर्तव्य निर्वाह गर्नबाट रोकेको छ ।

महिलामाथि हुने सामाजिक हिंसाको मुख्य कारण सामाजिक सांस्कृतिक मूल्यमान्यता, यहि कारणले महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन नहुनु, महिलाले सदियौंदेखि निभाएका परम्परागत भूमिकामामात्रै सिमित देख्न चाहनु यी र यस्तै हानिकारक परम्परागत अभ्यास रहेका छन् । सामाजिक-सांस्कृतिक संरचनाहरूलाई परिवर्तन गर्ने वातावरण तयार गर्न महिलालाई हेर्ने परम्परागत दृष्टिकोण महिलाप्रति गरिने व्यवहार, सामन्ती संस्कारको बाहुल्य भएको समाज तथा धर्म र संस्कृतिको नाममा भइरहेका विभेद निर्मूल पार्न जरुरी छ । यस प्रकारको परिवर्तन व्यक्ति, समुदाय, सरकार सबै तहमा परिवर्तन भएमात्र सम्भव छ । देशमा सम्पन्न तनि तहको स्थानीय , प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनले देशलाई राजनीतिक स्थायित्व दिई आगामी पाँच वर्षसम्म स्थायी सरकारले काम गर्न सक्ने वातावरण निर्माण भएको छ । पाँच वर्षसम्मका लागि स्थायी सरकार बनाउने गरि जनमतले अनुमोदन गरेका राजनीतिक दलको नारा "समृद्धिसहितको समाजवाद" रहेको र अबका दिनमा द्रुत गतिमा विकास निर्माण गरी समृद्ध नेपाल निर्माण गर्ने परिकल्पना राजनीतिक नेतृत्वले गरेको छ ।

तर, आधा जनसंख्या रहेका महिला अपमानित हुनुपर्ने, दण्डित हुनुपर्ने र हिंसाकै कारण ज्यान समेत गुमाउनुपर्ने अवस्था रहेसम्म "समृद्धि सहितको समाजवाद" कोरा कल्पनामात्रै रहन्छ ।

यसर्थ महिलालाई हेर्ने सोच, महिलाप्रति गरिने व्यवहार, सामन्ती संस्कारको बाहुल्य भएको समाज तथा धर्म र संस्कृतिका नाममा भइरहेका विभेदको समूल अन्त्य अत्यन्तै जरुरी छ। देशमा भएको राजनीतिक परिवर्तनले विभेदपूर्ण मूल्य मान्यतामा परिवर्तन र महिलामाथि हुँदै आएको असमानताको अन्त्य गर्दै देशमा सामाजिक तथा सांस्कृति रुपान्तरण हुन सक्ने वातावरण तयार गरेको छ। यस प्रकारका परिवर्तन व्यक्ति, समुदाय, सरकार र राज्य सबै तहमा भएमात्र सम्भव छ।

संयूक्त राष्ट्रसंघको महिलाविरुद्ध भेदभाव उन्मूलन समिति (CEDAW Committee) ले सन् २०१८ को अक्टोबरको २२ र २३ मा नेपालको छैटौं प्रतिवेदनमाथि सुनुवाई गरी महिला अधिकार सुनिश्चित गर्न सरकारले गर्नुपर्ने कार्यहरू स्पष्ट रूपले तोकेको छ। तीमध्ये केही सुझावहरू निम्नअनुसार छन्:–

१९. समितिको अघिल्लो सिफारिश (CEDAW/C/NPL/CO/4-5, para. 18),तथा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि अन्तर्गतको समितिको सिफारिस नं. ३१, बालबालिका विरुद्ध हुने हानिकारक प्रथाहरू उन्मूलन गर्ने महासन्धिको सामान्य टिप्पणी नं. १८ साथै दिगो विकासका लक्ष्यहरूको लक्ष्य ५.३ जसले सबै हानिकारक अभ्यासहरूको उन्मूलनको लागि पहल गर्दछ :

क) (१) हानिकारक परम्परागत प्रचलनहरूको अन्त्यका लागि कानुन निर्माण गर्ने, अपराधीहरूको अनुसन्धान र खोजी गरि कार्वाही गर्ने, अभियुक्तहरूबाट प्रभावितलाई पर्याप्त क्षतिपूर्ति दिलाउने,

(२) नागरिक समाज र स्थानीय सरकारको सहयोगमा प्रहरी, न्यायपालिका, हानिकारक परम्परागत अभ्यासहरू र त्यसले महिला र बालिकाको जीवनमा पारेको असरको अन्त्यक लागि काम गरिरहेका धार्मिक र सामाजिक अगुवाहरू र सम्बन्धित अन्य व्यक्तिहरूको सहभागितामा प्रभावकारी रणनीतिको विकास गर्ने, सटिक लक्ष्य र स्रोतहरूको विकास गर्ने ;

ख) कानुन अनुसार विवाह गर्ने २० वर्ष उमेरलाई फौजदारी संहिता अनुरुप बनाउन केही नेपाल ऐन संसोधन गर्ने ऐनको मस्यौदालाई प्राथमिकता दिने ;

ग) कानुनले तोकेको उमेर नपुग्दै अन्तरलिङ्गी शिशुहरूको अनावश्यक स्वास्थ्य शल्यक्रिया गर्ने कार्यलाई निषेध गर्ने र अन्तरलिङ्गी व्यक्तिहरूको अधिकारको लागि कानुनको निर्माण गर्ने, चिकित्सकहरू र मनोविमर्शकर्तालाई तालिम प्रदान गर्ने ;

घ) हानिकारक परम्परागत प्रचलनका कारण प्रभावित भएका भएकाहरूको बिना कुनै आक्षेप, लाञ्छाना, डर त्रास नहुने वातावरणमा प्रभावकारी कानुनीलगायतका उपचारका लागि उजुरी गर्न सक्ने सामर्थ्य राख्न सक्ने बनाउने र कानुनी, सामाजिक, चिकित्सा र मनोवैज्ञानिक सहयोग र आश्रयहरूमा पहुँच बृद्धि गर्ने ।

विश्लेषण

- यसवर्ष अभिलेखिकरण भएका तथ्याङ्कको आधारमा ३२ प्रतिशत महिलामाथि शारीरिक हिंसा भएको पाईएको छ । जसमा ४१ जना महिलामाथि कथित बोक्सीको आरोप, २४ महिलामाथि जातिय छुवाछुत, १४ जनामाथि विभिन्न चारित्रिक आरोप लगाएर र १६ जना महिलामाथि अन्य विभिन्न बहनामा सामाजिक हिंसा भएको पाईएको छ । यस्तैगरी ३३ प्रतिशत महिलामाथि मानसिक हिंसा भएको छ । जसमा ५४ जना महिलामाथि कथित बोक्सीको आरोप, १६ जना महिलामाथि जातिय छुवाछुतका कारण, २१ जनालाई चारित्रिक आरोप लगाएर र ६ जनालाई अन्य विभिन्न कारणले मानसिक हिंसा भएको पाईएको छ । मुलुकी देवानी (संहिता) ऐन २०७४ को दफा १५ ले कानूनविपरीतका प्रथा वा परम्परालाई पूर्ण रुपमा प्रतिबन्ध लगाएको छ । यद्यपी समाजमा जरो गाडेर रहेको पित्तृसत्तात्मक सामाजिक संरचना र सदियौंदेखि अभ्यासमा रहेको महिला पुरुषबीचको असमान शक्ति सम्बन्धले आर्थिक रूपमा कमजोर बनाईएका, मध्यम वर्गका र पछाडि पारिएका समूदायका महिलाहरूमाथि सामाजिक हिंसा हुँदै आएको छ ।

- उच्च शिक्षा हाँसिल गरेका महिलाहरूको तुलनामा सामान्य लेखपढ गर्न जान्ने महिलाहरूमाथि बढी हिंसा भएको तथ्याङ्कले देखाएको छ । कृषि पेशामा आवद्ध, आफ्नै व्यवसाय र ज्याला मजदूरी गरेर जीविकोपार्जन गरिरहेका महिलाहरूमाथि सामाजिक हिंसा बढी भएको पाईयो । समाजमा उच्च वर्ग, आर्थिकस्तर बलियो भएका 'शक्तिशाली व्यक्तिहरूबाट' महिलामाथि सामाजिक हिंसा हुने गरेको पाईयो । पित्तृसत्तात्मक सामाजिक संरचना र सदियौंदेखि व्यवहारमा रहेको असमान शक्ति सम्बन्धले आर्थिक रूपमा कमजोर बनाईएका, मध्यम वर्गका र पछाडि पारिएका समूदायका महिलाहरूमाथि सामाजिक हिंसा बढी हुने गरेको पाईयो र साथै जो

महिलाहरू सामाजिक संरचनालाई चुनौती दिदैं आफ्नै क्षमता, सीप, बल र मेहनतका भरमा समाजमा स्थापित हुन खोजिरहेका छन् ती महिलामाथि सामाजिक हिंसा बढी मात्रामा भईरहेको छ ।

६.२ सामाजिक हिंसाका परिणाम र विश्लेषण

महिलामाथि सामाजिक रूपमा भएका हिंसाका स्वरूपहरु

महिलाहरूमाथि सामाजिक रूपमा भएका हिंसाहरूमा बढी मात्रामा ३३ प्रतिशत (९७) मानसिक हिंसा भएको पाइएको छ । समाजका महिलालाई बोक्सीको आरोप लगाई मानसिक यातना दिनु, गालीगलौज गर्नु, चरित्रहत्या गर्नु, डर धम्की देखाइ मानसिक यातना दिएका हिंसाहरू यसभित्र पर्दछन् ।

यसैगरी यसवर्ष ३२ प्रतिशत (९५) लाई बोक्सीको आरोप लगाएर, चारित्रिक आरोप लगाइ कुटपिट गर्नु, अङ्गभङ्ग गराउनु, शारीरिक दण्ड सजाय दिनु आदि शारीरिक हिंसाभित्र समेटिएको छ । यसैगरी ३२ प्रतिशत (९४) बालविवाह तथा ३ प्रतिशत (९) नागरिकता नदिएर स्रोत साधनबाट बञ्चित गरिएका सामाजिक हिंसाका घटना अभिलेख भएका छन् ।



चार्ट नं २० महिलामाथि हुने सामाजिक हिंसाका स्वरुप

६.३ सामाजिक हिंसाका पीडकका प्रकार

सामाजिक हिंसाबाट प्रभावित महिलाहरू र पीडकसँगको सम्बन्धका बारेमा विश्लेषण गर्दा महिलामाथि सबैभन्दा बढी छिमेकीबाट हिंसा भएको पाईयो । महिलाहरूमाथि भएका कूल सामाजिक हिंसाको ५४ प्रतिशत (१६०) हिंसा छिमेकीबाट भएको पाइयो । त्यसैगरी १८ प्रतिशत (५४) परिवारका सदस्यबाट, १० प्रतिशत (३०) आफूले आत्मीय ठानेका साथीबाट, ९ प्रतिशत (२७) साथीबाट, ७ प्रतिशत (२०) कुनै पनि सम्बन्ध नभएका अपरिचित व्यक्तिबाट, २ प्रतिशत (४) सेवा प्रदायक संस्थाका व्यक्तिबाट महिलामाथि सामाजिक हिंसा भएको पाइयो (चार्ट नं. २१)।



चार्ट नं. २१ सामाजिक हिंसा प्रभावितहरूको पीडकसँगको सम्बन्ध

६.४ प्रभावितको वैवाहिक अवस्था

सामाजिक हिंसाबाट प्रभावित महिलाहरूको वैवाहिक अवस्थालाई विश्लेषण गर्दा विवाहित महिलामाथि बढी ७४ प्रतिशत (२१८) सामाजिक हिंसा भएको पाइएको छ । त्यसैगरी सामाजिक हिंसाबाट प्रभावित महिलाहरूमध्ये १९ प्रतिशत (५७) अविवाहित, ३ प्रतिशत (१०) एकल, २-२ प्रतिशत (५, ५) क्रमशः विवाहित तर संगै नबसेको, अविवाहित तर, सँगै बसेको महिला सामाजिक हिंसाबाट प्रभावित भएको पाइयो ।



चार्ट नं २२ सामजिक हिंसाका प्रभावितहरुको वैवाहिक स्थिती

६.५ प्रभावितको उमेर र सामाजिक हिंसा

सामाजिक हिंसाबाट प्रभावित महिलाहरूमा सबैभन्दा बढी १७-२५ वर्ष उमेर समूहका महिला रहेका छन् । १७-२५ उमेर समूहका ३८ प्रतिशत (११३) महिला सबैभन्दा बढी सामाजिक हिंसामा परेका छन् । यसैगरी दोस्रो हिंसा प्रभावित महिलाहरू २६-३५ वर्ष उमेर समूहका २४ प्रतिशत (७०) रहेका छन् भने यसैगरी ३६-४५ वर्ष उमेर समूहका १३ प्रतिशत (३९), ४६-५५ वर्ष उमेर समूहका ६ प्रतिशत (१६), र ५६ वर्षभन्दा माथि उमेर समूहका ३ प्रतिशत (१०) र १६ बर्षभन्दा कम उमेर भएका १६ प्रतिशत (४७) जना महिला सामाजिक हिंसाबाट प्रभावित भएको यस वर्षको तथ्याङ्कले देखाएको छ ।



चार्ट नं २३ उमेरका आधारमा महिलामाथि भएका सामाजिक हिंसाको अवस्था

६.६ प्रभावितको शिक्षाको स्तर र सामाजिक हिंसा

सामाजिक हिंसाबाट प्रभावितहरूको शैक्षिक स्तरको बारेमा विश्लेषण गर्दा ८६ प्रतिशत (२५५) साक्षर महिला १४ प्रतिशत (४०) निरक्षर महिलामाथि हिंसा भएको पाइएको छ (चार्ट नं. २४)। साक्षर महिलाहरूमा पनि सामान्य आधारभूत शिक्षा अध्ययन गरेका ६८ प्रतिशत महिलामाथि माध्यमिक शिक्षा, स्नातक तह तथा स्नातकोत्तर तह अध्ययन गरेका महिलाहरूको तुलनामा बढी हिंसा भएको पाइएको छ (चार्ट नं २५)। यसले के देखाउँछ भने बुझेका वा सामान्य लेखपढ गर्न सक्ने महिलाहरू समेत सामाजिक हिंसाबाट प्रभावित छन्।





चार्ट नं २४ सामाजिक हिंसा र शैक्षिक अवस्था **चार्ट नं २५** सामाजिक हिंसा र साक्षरताको अवस्था

६.७ प्रभावितको जात र सामाजिक हिंसा

सामाजिक हिंसाबाट प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी ३२ प्रतिशत (९५) तराई जनजाति महिला रहेको पाइयो । त्यसैगरी दोस्रो सामाजिक हिंसा प्रभावितमा १५-१५ प्रतिशत (४३, ४३) क्रमशः पहाडे जनजाति, तराई दलित बराबर रहेको पाइयो । त्यसपछि १३ प्रतिशत (३८) ब्राह्मण/क्षेत्री पहाडे, १० प्रतिशत (२९), तराई गैरदलित, ६ प्रतिशत (१९) मुश्लिम, ४-४ प्रतिशत (१३, १२) पहाडे दलित तथा ब्राह्मण/क्षेत्री तराई बरावर र १ प्रतिशत (३) परिचय नखुलेका महिला सामाजिक हिंसामा परेको पाइयो ।



चार्ट नं.२६ जातिगत आधारमा महिलामाथि भएको सामाजिक हिंसाको अवस्था

६.८ प्रभावितको पेशा र सामाजिक हिंसा

सामाजिक हिंसाबाट पनि घरायसी काममा संलग्न महिलाहरू बढी प्रभावित भएको पाइएको छ। सामाजिक हिंसाबाट प्रभावित ४२ प्रतिशत (१२४) महिला घरायसी काममा संलग्न छन्। त्यसैगरी २८ प्रतिशत (८२) कृषि तथा पशुपालनमा संलग्न, १८ प्रतिशत (५२) विद्यार्थी, ५ प्रतिशत (१६) दैनिक ज्याला मजदूरी गरेर जीवनयापन गरिरहेका महिलाहरू र ४ प्रतिशत (११) साना व्यापारमा संलग्न, २ प्रतिशत (६) गैरसरकारी संघसंस्थामा कार्यरत, १ प्रतिशत (४) सरकारी सेवामा कार्यरत महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ। (चार्ट नं. २७)।



चार्ट नं२७ सामाजिक हिंसा प्रभावित महिलाहरूको पेशागत अवस्था

६.९ सामाजिक हिंसाका कारण प्रभावितमा परेको असर

सामाजिक हिंसाबाट प्रभावितहरूमा सबैभन्दा बढी मानसिक असर परको पाइएको छ। सबैभन्दा बढी ६६ प्रतिशत (१९६) महिलामा मानसिक असर, त्यसपछि १६ प्रतिशत (४८) महिलामा शारीरिक असर, २-२ प्रतिशत (६, ५) महिलामा आर्थिक तथा सामाजिक असर परेको छ भने १४ प्रतिशत ४० महिलामा सबैखाले असर परेको तथ्याङ्कले देखाउँछ। (चार्ट नं. २८)। महिलाहरूमा पर्ने असरको प्रतिशतमा केही भिन्नता भएता पनि सामाजिक हिंसाका कारण महिलाको प्रत्यक्ष जीवनमा सबै प्रकारका असरहरू पर्ने गरेको अध्ययनका क्रममा पाइएको छ।



चार्ट नं.२८ सामाजिक हिंसाका कारण प्रभावितमा परेका असरहरू

घटना नं ३ (बोक्सीको आरोपमा कुटपीट)

सविना (परिवर्तित नाम) अहिले २० वर्षकी भइन् उनको जन्म कैलाली जिल्लामा भएको हो । उनी परिवारकी जेठी छोरी हुन् । उनको एउटा दाई सुस्त मनस्थितिका छन् । उनको परिवार २ छोरा,एक छोरी र बुवाआमा गरी जम्मा ६ जनाको छ । उनी कक्षा १२ मा अध्ययनरत छिन् । उनको गाउँमा केही समयदेखि बाबा भन्दै बस्दै आएको रामबहादुर चौधरीसहितका व्यक्तिले तँ बोक्सी होस् तेरो बोक्सी भगाउनुपर्छ भन्दै उनको पेट, टाउको, छाती, घाँटी, नाक, कानलगायत जहाँ पायो त्यहीँ मरणासन्न हुने गरी लगातार ६, ७ घण्टा सम्म कुटपिट गरे । म बोक्सी होइन, मलाई बचाउँनुस् भन्दा गाउँका सबै रमिते भएर तालि पिट्दै हेरिरहे तर, कसैले बचाएनन् । उनको परिवारले प्रहरीलाई खबर गर्दा प्रहरीले समेत कारवाही त परै जाओस कुरै सुनेन । अस्पतालमा उपचाररत रहँदा नै प्रहरीमा निवेदन दिएपछि अहिले प्रहरीले पीडकलाई पक्रेर अनुसन्धान गरी अदालतले ८ वर्षको सजायँ सुनाएको छ । त्यसपछि उनी केही समय ओरेक कैलालीको सुरक्षावासमा बसेर अहिले परिवारसँग बस्दै आएकी छिन् । हाल विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाको सहयोगमा बोक्सीको आरोपमा महिला माथि हुने हिंसाविरुद्धमा लाग्ने प्रण गर्दै अभियान्ताको रुपमा अगाडी बढिरहेकी उनलाई हालै मात्र फेरी छिमेकीहरूले पुनः बोक्सीको आरोप लगाएर उनीमाथि कुटपिट गरेका छन् ।

घटना नं ४ (बालविवाह)

मेरो नाम सुमित्रा (परिवर्तित नाम) हो । म ४५ वर्ष की भएँ । मेरो घर दाङ्ग जिल्ला हो । मेरो ४ जना बच्चा छन् । म पढ्दा पढ्दै १४ वर्षको उमेरमा नै बुवा आमाले मागी विवाह गरिदिनु भएको हो । सानै उमेरमा विवाह भयो । मैले घरको सबै काम गरेर परिवारका सदस्यलाई खुसी पार्नुपर्थ्यो । म १६ वर्षको हुँदा मेरो पहिलो बच्चा जन्मियो । कम उमेरमा भएको विवाह र सुत्केरी अवस्थामा पनि मैले राम्रो स्याहार सुसार पाइन । बच्चा जन्मिएको ७ दिनदेखि नै घरको सबै काम गर्नुपर्थ्यो । बच्चा जन्मिएको ११ दिनको दिन पानीको गाग्री उचाल्दा मेरो पाठेघर बाहिर आएको हो । यस्तो समस्या भयो भनेर सासुलाई भन्दा तैंले पहिलो जुनीमा के पाप गरेकी थिइस् त्यसैले यस्तो भोग्नु पर्‍यो भनेर उल्टै गाली गर्नुभयो । म पनि आफूले गरेको पापका कारण नै यस्तो भएको रहेछ भन्दै रुँदै बसेँ । यस्तै अवस्थामा मेरा ४ जना बच्चा जन्मिए । मलाई काम गर्न निकै गाह्रो हुन थाल्यो । घर नजिकै स्वास्थ्य चौकी भएकाले घरमा कोही नभएको बेलामा स्वास्थ्य चौकीमा गएर स्वास्थ्यकर्मीलाई सोधेँ । स्वास्थ्यकर्मीबाट यसको उपचार यहाँ हुँदैन अन्यत्र जानुपर्छ भन्ने जवाफ पाएँ । म भौँतारिदै परामर्श केन्द्रमा गएँ । त्यहाँबाट मलाई थाहा भयो यस्तो हुनु भनेको पुर्वजन्मको पाप होइन रहेछ तर, कम उमेरमा विवाह भएको र बच्चा जन्मिएको समयमा उचित स्याहारसुसार नपाएको र पौष्टिक आहारको कमीले गर्दा यस्तो भएको रहेछ भन्ने थाहा पाएँ । अहिले कसरत तथा रिङ्गपेसरी राखेर आनन्दको जीवन विताइरहेकी छु । १८ वर्ष पीडादायी जीवन विताई अहिले नयाँ जीवन पाएको अनुभूति भइरहेको छ ।

परिच्छेद ७

७.१ बलात्कार

बलात्कार एक गम्भीर अपराध हो र महिलाको मानवअधिकार हनन् र मानव सभ्यता विपरीतको निकृष्ट उदाहरण हो । महिलामाथि बलात्कार हुने समाज कदापी सभ्य हुन सक्दैन । पछिल्लो समयमा देशभर बलात्कार र बलात्कारपछि हत्या भएका घटना दिनप्रतिदिन कहाली लाग्दो अवस्थामा भईरहनुले देशका हरेक संवेदनशील नेपालीको शिर निहुरिएको हुनुपर्छ । घरदैलोमा सिहंदरवार भनिएपनि महिलाले अझैपनि राज्यविहिनताको अवस्थामा बाँच्नु परेको छ । बहुमतप्राप्त बलियो सरकार भनिएपनि दण्डहिनता ज्यूँका त्यूँ रहनु अत्यन्त दुखद अवस्था हो ।

पुरुषवादी सोच र पित्तृसत्ताले महिलाको शरीरको प्रयोग पुरुषले जसरी गरेपनि हुन्छ भन्ने मान्यता स्थापित भएको समाजमा महिलामाथि बलात्कारका धेरै घटनाहरू हुने गर्दछन् । महिलाको शरीर, यौनिकतालाई परिवारको इज्जतसँग जोड्नु, महिलाको पहिचानलाई उनको यौनिकतासँग जोड्नु, र महिलाको शरीरमा नियन्त्रण गर्ने परिपाटीले सामाजिक मान्यता प्राप्त गर्नु जस्ता तत्वहरू समाजमा विद्यमान रहनु बढ्दो 'बलात्कार' का लागि जिम्मेवार देखिन्छन् । बलात्कारप्रति समाजमा रहेको दृष्टिकोण, बलात्कृत भएका महिलाहरूलाई समाजमा गरिने व्यवहारका कारण बलात्कारका धेरै घटनाहरू बाहिर आउँदैनन् । तथापि यस वर्ष ओरेक नेपालमा १३० वटा बलात्कारका घटना, ३७ वटा बलात्कारका प्रयासका घटना अभिलेखिकरण भएका छन् । नेपाल प्रहरीको तथ्याङ्कअनुसार गत आर्थिक वर्षमा १,४८० बलात्कारका घटना दर्ता भएका छन् । जस अनुसार हरेक दिन चार जना महिला तथा बालिकामाथि बलात्कार हुने गरेको पुष्टि हुन्छ । यो अवस्थाले नेपालमा महिलाको मानवअधिकारको दर्दनाक अवस्थालाई चित्रण गरेको छ ।

देशको संविधानले हिंसामुक्त जीवन बाँच्न पाउनु हरेक नागरिकको अधिकार हो भनेपनि देशको आधा भन्दा धेरै जनसंख्यामा रहेका महिला भने पाइला पाइलामा असुरक्षित भएको माथिको तथ्याङ्कले पुष्टि गर्छ । कानुनी रुपमा बलात्कारको घटनामा हदम्याद ६ महिनाबाट बढाएर १ वर्ष पुऱ्याइएको छ, सजायँको व्यवस्था पनि यसको गम्भीरता हेरी थप गरिएको छ । यस्ता केही

सकारात्मक पहल राज्यबाट भएतापनि न त हिंसामा कमिआएको छन् न त पीडित/प्रभावितले न्याय प्राप्त गर्ने वातावरण नै सहज भएको छ। यसले के देखाउँछ भने राज्यले बनाएको कानुन भन्दा समाजले बनाएको कानुन अझैपनि अत्यन्त बलियो छ र यसलाई फाल्न एउटा शसक्त क्रान्तिको आवश्यकता छ।

परिवार, समाज र राज्यका सबै तह र तप्कामा विद्यमान पित्तृसत्तात्मक सोच र महिलाको शरीर र, यौनिकता समग्रमा महिलालाई हेर्ने विभेदकारी दृष्टिकोण यही सामाजिक कानुनको उपज हो । यो दृष्टिकोण परिवार, समाजदेखि राष्ट्रिय राजनीति सम्म नै व्याप्त र बलियो छ। बलात्कार जस्ता संवेदनशिल घटना सजिलै दर्ता हुँदैनन्, भईहाले पनि अनुसन्धान प्रभावकारी नभएका कारण आवश्यक प्रमाणहरू अभावको बहानामा पीडकले सजिलै उन्मुक्ति पाउँछन् र समाजमा शीर ठाडो पारेर हिँड्छन् भने पीडितले सामाजिक रुपमा जीवनभर तिरस्कृत भएर बाँच्नु पर्छ।

विश्लेषण

- १६ वर्षमुनिका ६३ प्रतिशत महिलाहरू बढी बलात्कारबाट प्रभावित हुने गरेको पाईएको छ। ४६ प्रतिशत बलात्कारका घटना छिमेकीबाट र १६ प्रतिशत परिवारका सदस्यबाट भएका छन्। यो तथ्यले बलात्कार नचिनेका र नौला मानिसबाट हुन्छन् भन्ने मिथ्यालाई गलत साबित गरेको छ । १६ वर्ष मुनिका बालिकालाई फकाएर, लोभ्याएर र विभिन्न डर, त्रास देखाएर आफ्नो नियन्त्रणमा लिन सकिन्छ भन्ने सोचाईका कारण यो उमेर समूह यस्ता अपराधका लागि लक्षित हुने गरेको पाईन्छ। महिलाहरू बढी मात्रामा आफन्त र नजिकको सम्बन्ध भएका व्यक्तिहरूबाट नै विभिन्न प्रकारको हिंसाको जोखिममा रहेको तथ्यलाई यस तथ्याङ्कले पुष्टि गर्दछ।

- यस वर्ष प्राप्त तथ्याङ्कका आधारमा २९ प्रतिशत बलात्कारका घटना दिउँसो २७ प्रतिशत घटना साँझ, २३ प्रतिशत रात र २१ प्रतिशत बिहानको समयमा हुने गरेको पाईयो। रातविरात घर बाहिर हिँड्ने महिलामाथि बलात्कार हुन्छ, महिलाको छोटो लुगा वा पहिरनका कारण बलात्कार बढी हुन्छ भन्ने जस्ता अवैज्ञानिक, भ्रामक र पीडितलाई उल्टै पीडत बनाउने यी आरोप मिथ्या र सरासर गलत हुन् भन्ने प्रमाणित यो तथ्याङ्कले गरेको छ। बलात्कारलगायत यौन हिंसाका घटनामा पीडितलाई नै दोषी देखाउने जुन अन्यायपूर्ण व्यवहारले प्रभावितलाई बढी मानसिक रुपमा असर पर्ने गरेको पाईयो। अभिलेखिकरण भएका घटनाका प्रभावितमध्ये

६६ प्रतिशतले आफूमाथि भएको अपराधका कारण मानसिक हिंसा र १५ प्रतिशतले शारीरिक हिंसा भएको बताएका छन् ।

७.२ बलात्कारका पीडकका प्रकार

महिलाहरू जुन समाजमा बसोबास गर्छन् त्यही समाजका व्यक्तिहरूबाट र परिवारका सदस्यहरूबाटै बढी बलात्कार भएको पाइयो । सबैभन्दा बढी ४६ प्रतिशत (५९) महिला छिमेकीबाट, १६ प्रतिशत (२१) परिवारका सदस्यबाट, १२ प्रतिशत (१६) आफुले आत्मीय ठानेका साथीबाट, ८ प्रतिशत (१०) साथीबाट, ६ प्रतिशत मुख्य हेरचाह गर्ने जस्तै होस्टेलका कर्मचारी, आफ्नै मामा, भिनाजु आदिबाट नै बलात्कार भएका घटना अभिलेख भएका छन् । यसैगरी ५ प्रतिशत कुनै पनि सम्बन्ध नभएका व्यक्तिबाट, ३ प्रतिशत (५) विवाह नभएका तर सँगै बसेका आत्मीय साथीबाट, २-२ प्रतिशत (३, २) शिक्षक तथा सेवा प्रदायक संस्थाका व्यक्तिबाट बलात्कृत भएको तथ्याङ्क प्राप्त भएको छ



चार्ट नं. २९ बलात्कार प्रभावित महिलाको पीडकसँगको सम्बन्ध

७.३ बलात्कारबाट प्रभावितको उमेर

महिलाहरू जति कम उमेरका हुन्छन् त्यति नै उनीहरू बलात्कारको जोखिममा रहने सम्भावना बढी रहेको यस वर्षको तथ्याङ्कले देखाएको छ । हुन त सबै उमेर समूहका महिलाहरूमाथि बलात्कार भएको पाइन्छ । तर पनि १६ वर्षमुनिका ६३ प्रतिशत (८२) बालिका बढी बलात्कारबाट प्रभावित भएका छन् । १७(२५ वर्ष उमेर समूहका २८ प्रतिशत (३७), २६(३५ वर्ष उमेर समूहका ५ प्रतिशत (६), ३६(४५ तथा ४६ वर्षभन्दा माथि उमेर समूहका २-२ प्रतिशत (२, ३) महिलाहरू बलात्कारबाट प्रभावित भएको पाइयो ।



चार्ट नं. ३० बलात्कार प्रभावित महिलाहरूको उमेरका आधारमा हिंसाका परिणामहरू

७.४ बलात्कारबाट प्रभावितको शैक्षिक अवस्था

बलात्कारबाट प्रभावित महिलाहरूको शैक्षिकस्तरका बारेमा विश्लेषण गर्दा निरक्षर महिलाहरूको तुलनामा साक्षर महिला नै बलात्कारबाट बढी प्रभावित हुने गरेको पाइएको छ । यसवर्ष प्राप्त तथ्याङ्कका आधारमा १२ प्रतिशत निरक्षर (१६) र ८८ प्रतिशत (११४) साक्षर महिलामाथि बलात्कारका घटना भएको पाइयो (चार्ट नं ३१) । यसैगरी महिलाको शैक्षिक अवस्थालाई हेर्दा ६८ प्रतिशत (७८) आधारभूत तह अध्ययन गरेका, २४ प्रतिशत (२७) माध्यमिक तहसम्मको अध्ययन गरेका तथा ८ प्रतिशत (९) स्नातक तहसम्म अध्ययन गरेका महिलामाथि बलात्कार भएको पाइयो ।



चार्ट नं. ३१ बलात्कार प्रभावित महिलाको साक्षरताको अवस्था



चार्ट नं. ३२ बलात्कार प्रभावित महिलाको शैक्षिक अवस्था

७.५ प्रभावितको जाति

बलात्कारबाट प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी ३१ प्रतिशत (४०) तराई जनजाति महिला रहेका छन् । यसैगरी १८ प्रतिशत (२३) ब्राह्मण/क्षेत्री पहाडे, १३ प्रतिशत (१७) पहाडे जनजाति, ११ प्रतिशत (१४), पहाडे दलित, १० प्रतिशत (१३) तराई दलित, ८ प्रतिशत (११) ब्राह्मण/क्षेत्री तराई, ७ प्रतिशत (९) तराई गैरदलित, २ प्रतिशत (२) मुश्लिम महिला तथा बालिका बलात्कारबाट प्रभावित भएको पाइएको छ ।



चार्ट नं. ३३ जातिगत आधारमा महिलामाथि भएको सामाजिक हिंसाको अवस्था

७.६ प्रभावितको पेशा

बलात्कारबाट प्रभावित भएका महिला मध्ये बढी १६ वर्षमुनिका बालबालिका र पढ्दै गरेका उमेर समूहका रहेकाले प्रभावितको पेशाका आधारमा विश्लेषण गर्दा पढ्दै गरेका ६१ प्रतिशत (७९) महिला तथा बालिकामा बलात्कारका घटना बढी भएको पाइएको छ (चार्ट नं.२३) । त्यसैगरी २२ प्रतिशत (२९) घरायसी काममा संलग्न रहेका, कृषि पेशामा संलग्न रहेका ८ प्रतिशत (१०), ५ प्रतिशत (६) दैनिक ज्याला मजदुरी गरी जीविकोपार्जन गरिरहेका, २ प्रतिशत (२) गैरसरकारी सेवामा कार्यरत, १-१ प्रतिशत (२, २) आफ्नै व्यवसाय सञ्चालन गरेका तथा जागिर खोज्दै गरेका महिलामाथि बलात्कारका घटना भएको पाइएको छ ।



चार्ट नं. ३४ प्रभावितको पेशा र बलात्कारका घटनाहरूको अवस्था

घटना नं ५ (सामुहिक बलात्कार)

२१ बर्षीया सपना (परिवर्तित नाम) को १ वर्षअघिमात्र प्रेम विवाह भएको थियो । उनी प्लाष्टिक फ्याक्ट्रीमा काम गरेर आफ्नो जीविकोपार्जन गर्दै आएकी थिइन् । २०७४ मंसिर २ गते काम सकेर घर फर्कने क्रममा एक्कासी ३,४ जना व्यक्तिले सडकबाट उनलाई केही तल बारीमा पुऱ्याएर कुटपिट र लछारपछार गर्दै पालैपालो बलात्कार गरे । बलात्कारमात्रै होइन उनलाई हत्या गर्न ढुंगाले हात र टाउकोमा प्रहार गरेर पीडकहरू त्यहाँबाट फरार भए । राती अबेरसम्म श्रीमती सम्पर्कमा नआएपछि उनको श्रीमान र परिवारले प्रहरीलाई श्रीमती बेपत्ता भएको बारेमा जानकारी गराए । तर प्रहरील घटनालाई गम्भीरतापूर्वक लिएन । उल्टो तिम्री श्रीमती राम्री थिइन्, कसैसँग गइन् होला, भोलिमात्र खोजौँला भनी अत्यन्तै हल्का र गैरजिम्मेबार जबाफ दिए । घटना भएको भोलिपल्ट मात्रै ललितपुरको गोदामचौर बस्ती बीच बग्ने खोलाको किनारामा रहेको बारीमा अर्धनग्न र बेहोस अवस्थामा प्रहरीले उनलाई भेटेको थियो । घटनास्थल हेर्दा अर्धनग्न र बेहोस अवस्थामा रहेको उनको हात, खुट्टा र टाउकोमा निकै गम्भीर चोट लागेको थियो । टाउकोमा गहिरो चोटसहित स्नायुप्रणालीमा आघात परेकाले त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जमा १ महिनासम्म उनको उपचार भयो । अहिले पनि उनी मर्नु र बाँच्नुको दोसाँधमा छिन् । काम गरेर खाने उनको अवस्था छैन । जीविकोपार्जनमा निकै समस्या रहेको छ ।

यस्तो गम्भीर घटनामा पनि जिल्ला अदालत ललितपुरले गत पुष २६ मा प्रतिवादीमाथि लगाइएको आरोप र जाहेरीमा पर्याप्त प्रमाण नभेटिएको भन्दै साधारण तारेखमा पीडकहरूलाई रिहा गरेको छ । घटना भएको ३ महिनापछि पाटनको उच्च अदालतले बलात्कार तथा ज्यान मार्ने उद्योगमा संलग्न मुख्य ३ अभियुक्तलाई पुर्पक्षको लागि थुनामा राख्ने आदेश दिएपनि अहिले अभियुक्तहरू फरार छन् । पीडित आफ्नो बस्ने ठाउँबाट विस्थापित भएर अन्यत्र नै बस्दै आएकी छन् ।

घटना नं ६ (बलात्कार)

१७ वर्षीया विमलाको (परिवर्तित नाम) दुई भाइ र एक बहिनी छन् । नातामा भिनाजु पर्ने व्यक्ति पढाउनको लागि विमलाको घरमा भाडामा बस्दै आएको १ वर्ष भएको थियो । उनले पहिलेदेखि नै विमलालाई विभिन्न प्रलोभन देखाउने, मोबाइल किनिदिन्छु भनी फकाउने गर्दै आएका थिए । मिति २०७४ साल चैत्र २८ गते दिदी (पीडककी श्रीमती) उपचारका लागि काठमाडौं गएको र घरमा पनि कोही नभएको मौका छोपी ३२ वर्षीय र्ता व्यक्ति (भिनाजु) ले विमला (नाम परिवर्तन)लाई जबरजस्ती करणी गरे । उनले डराउँदै आफूमाथि भएको सबै घटना विवरण आमालाई भनिन् । त्यसपछि परिवारमा सल्लाह भयो । ठुली भइसकेकी छोरी का बारेमा यो सब कुरा बाहिर ल्याउँदा परिवार र छोरीको इज्जत जान्छ । पछि छोरीको विवाह गर्न पनि गाह्रो हुन्छ । पीडक पनि आफ्नै नाता पर्ने भएकाले यो सबै कुरा बाहिर ल्याउन भन्दा यसलाई गुपचुपै राख्नुपर्छ भन्नेमा परिवार एकमत भयो । अनि यी सबै कुराले घटना गुपचुप भयो, बाहिर आएन । दिदी (पीडककी श्रीमती) ले पनि यो कुरा बाहिर नल्याउनु बरु प्रभावितलाई पढ्न ४ लाख रुपैंया दिन्छौं भनिन्, यही सहमतिमा यो घटना गुपचुप नै बनाइयो । उनलाई दिने भनेको पैसा पनि दिएनन् । तर घटना भएको करिब ३ महिनापछि समूदायका व्यक्तिले उक्त घटना थाहा पाएर ईलाका प्रहरी कार्यालयमा उजुरी गरेपछि प्रहरीले पीडकलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय ल्यायो । पीडक पक्राउ परेको भोलीपल्ट पीडक र प्रभावित दुबै पक्षलाई बोलाएर छलफल गर्ने क्रममा बालिकाले घटनाको यथार्थ विवरण सबैलाई बताइन् । ओरेक नेपालको सहयोगमा जाहेरी लेखि मिति २०७५ असार २१ गते जाहेरी दर्ता गरी कानुनी प्रक्रियामा जाने तयारी हुँदै गर्दा पीडक जिल्ला प्रहरी कार्यालय परिसरबाट नै फरार भए । उनी हालसम्म पनि फरार नै छन् । जिल्ला प्रहरी कार्यालयले खोजी कार्य गरिरहेको छ । निज बालिका पीडक पक्राउ नपरेको कारण सँधै डरत्रासमा बस्न बाध्य छन् अहिले आफ्नै गाउँको विद्यालयमा ९ कक्षामा अध्ययनरत छिन् ।

परिच्छेद ८

८.१ यौनिक हिंसा

नेपालको कानूनले यौनिक हिंसालाई (यौन दुर्व्यवहारलाई) कानूनी अपराधको रूपमा परिभाषित गरी यसरी व्याख्या गरेको छ :कसैले आफ्नो पति वा पत्नी बाहेक अन्य व्यक्तिलाई निजको मञ्जुरीविना करणीका आशयले समातेमा वा निजको संवेदनशील अङ्ग छोएमा वा छुन प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजले लगाउने भित्री पोशाक लगाउन वा फुकाल्न कुनै किसिमले बाधा अवरोध गरेमा यौन दुर्व्यवहार मानिएको छ। यसैगरि कसैलाई अस्वाभाविक रुपमा कुनै एकान्त ठाउँमा लगेमा, यौन सम्बन्धी आफ्नो अङ्ग लाई छुन, समाउन लगाएमा, निजसँग अश्लिल वा अन्य त्यस्तै प्रकारको शब्द मौखिक, लिखित वा साङ्केतिक रुपमा वा विद्युतीय माध्यमबाट प्रयोग गरेमा, अश्लिल चित्र वा तस्वीर देखाएमा, यौनका आशयले जिस्क्याएमा वा हैरानी दिएमा वा निजसँग अस्वाभाविक, अवाञ्छित वा अमर्यादित व्यवहार गरेमा निजले यौन दुर्व्यवहार गरेको मानिनेछ।[१९]

महिलामाथि हुने यौनिक हिंसा सबै समाजका लागि एउटा चुनौतीपूर्ण समस्याका रुपमा रहेको छ। यौनिक हिंसाका कारण महिलाको शारीरिक, मानसिक, मनोसामाजिक स्वास्थ्यमा नकारात्मक असर पर्दछ। **हरेक ४ जना महिला मध्ये १ जना यौन दुर्व्यवहारबाट प्रभावित हुने गर्दछन्,** ।[२०] नेपालमा ७ प्रतिशत महिलाले आफ्नो जीवनकालको कुनै न कुनै समयमा कहिल्यै यौनजन्य हिंसाको अनुभब गर्ने गरेका छन्। प्रभावित महिलामध्ये धेरैले (८ प्रतिशतले) आफ्ना श्रीमान्बाट नै यौनजन्य हिंसा हुने गरेको बताएका छन्।[२१]

[१९]मुलुकी अपराध (सँहिता) ऐन

[२०]Centers for Disease Control and Prevention. (2005). Adverse Childhood Experiences Study: Data and Statistics. Atlanta, GA: Centers for Disease Control and Prevention, National Center for

[२१]२०१६ नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण मुख्य नतिजाहरू

यद्यपी यस्ता घटनाहरू उजुरीमा वा प्रकाशमा कमै मात्रामा आउने गर्दछन् । किनकी नेपालको कानुनले प्रमाणविना कुनैपनि कार्वाही गर्न नसक्ने भएकाले प्रमाणका अभावमा यस्ता हिंसा प्रभावितहरूले न्याय पाउँदैनन् र धेरैजसो न्याय पाउने निकायसम्म जाँदैनन् ।

महिलाहरूमाथि विशेषगरी चिनजानका र आफूले विश्वास गरेका व्यक्तिहरूबाट नै यौन दुर्व्यवहारका घटनाहरू हुने गर्दछन् ।[२२] यसै तथ्यलाई यस वर्ष प्राप्त यौनिक हिंसासँग सम्बन्धित अभिलेखीकरण भएका घटनाहरूले पनि पुष्टि गरेको छ ।

विश्लेषण

- यौनिक हिंसाबाट प्रभावित महिलाहरूमध्ये ४२ प्रतिशतलाई मानसिक असर र २१ प्रतिशतलाई शारीरिक असर परेको पाईएको छ । यौन हिंसा प्रभावितमा डिप्रेशनको सम्भावना ३ गुणा बढी हुन्छ भने पोष्ट ट्रम्याटिक स्ट्रेस डिसअर्डर सम्भावना ६ गुणा बढी, लागु पदार्थ रक्सीको लत लाग्ने सम्भावना १३ गुणा बढी, लागु पदार्थ दुर्व्यसनमा जाने सम्भावना २६ प्रतिशत र आत्महत्या गर्ने सम्भावना ४ गुणा बढी रहन्छ ।[२३]

- यौनिक हिंसाबाट प्रभावित सबैभन्दा बढी (३९ प्रतिशत०, १७(२५ वर्ष उमेर समूहका महिला रहेका छन् भने २६(३५ वर्ष उमेर समूहका ३६ प्रतिशत महिला यौनिक हिंसाबाट प्रभावित रहेका पाईएको छ । यी उमेर समूहका महिलामध्ये घरायसी काम, विद्यार्थी, ज्याला मजदुरी र रोजगारीमा संलग्न रहेका महिलामा हिंसा बढी हुने गरेको पाईयो ।

८.२ प्रभावितको उमेर र यौनिक हिंसा

यसवर्ष जम्मा ४ प्रतिशत (७२) जना महिलामाथि यौनिक हिंसा भएका घटना अभिलेखीकरण भएका छन्, जसमध्ये सबैभन्दा बढी १७(२५ वर्ष उमेर समूहका ३९ प्रतिशत (२८) महिला यौनिक हिंसाबाट प्रभावित भएका छन् । यसैगरी ३६ प्रतिशत(२६) २६(३५ वर्ष उमेर समूहका र ३ प्रतिशत (२) ३६(४५ वर्ष उमेर समूहका तथा १ प्रतिशत (१) ४६ वर्षदेखि माथिका महिलामा यौनिक हिंसाका घटनाहरू भएका छन् । यसैगरी १६ वर्षभन्दा कम उमेरका बालिका तथा किशोरीहरूमा २१ प्रतिशत (१५) यौनिक हिंसा भएका घटना यसवर्ष अभिलेख गरिएको छ ।

[२२]U.S. Department of Health and Human Services, Administration on Children, Youth, and Families. (2007). Child Maltreatment 2005. Washington, DC: U.S. Government Printing

[२३]Krug EG et al., eds. (2002) World report on violence and health. Geneva: World Health Organization.



चार्ट नं.३६ उमेरका आधारमा महिलामाथि भएको यौनिक हिंसाको अवस्था

८.३ यौनिक हिंसाका पीडकका प्रकार

प्रेम सम्बन्ध भएका व्यक्तिहरूबाट बढी मात्रामा महिला यौनिक हिंसामा पर्ने गरेको यस वर्षको तथ्याङ्कले देखाएको छ । ३३ प्रतिशत (२४) महिला प्रेमीबाट, १६ प्रतिशत (१२) छिमेकीबाट, १४ प्रतिशत (१०) साथीबाट, १०-१० प्रतिशत (१२, १०) अविवाहित तर, संगै बसेका साथी तथा शिक्षकबाट, ७-७ प्रतिशत (५, ५) परिवारका सदस्य तथा अपरिचित व्यक्तिबाट (अन्जान व्यक्ति) र ३ प्रतिशत (२) सेवाप्रदायकबाट महिलामाथि यौनिक हिंसा भएको पाइएको छ ।



चार्ट नं. ३७ यौनिक हिंसाबाट प्रभावितहरूको पीडकसँगको सम्बन्ध

८.४ प्रभावितको शैक्षिक योग्यता

यौनिक हिंसाबाट प्रभावित महिलाको शैक्षिक अवस्थाको बारेमा विश्लेषण गर्दा ९० प्रतिशत (६५) साक्षर र १० प्रतिशत (७) निरक्षर महिलामाथि यौनिक हिंसा भएको पाइएको छ । साक्षर महिलामध्ये ५४ प्रतिशत (३५) आधारभूत शिक्षा अध्ययन गरेका, ३५ प्रतिशत (२३) माध्यमिक शिक्षा अध्ययन गरेका, ६ प्रतिशत (४) स्नातक तह अध्ययन गरेका, ३ प्रतिशत (२) स्नातकोत्तर तह अध्ययन गरेका तथा २ प्रतिशत (१) प्राविधिक शिक्षा अध्ययन गरेका महिलामाथि पनि यौनिक हिंसाका घटना भएको पाइएको छ ।



चार्ट नं.३८ प्रभावितहरू को शैक्षिक अवस्था



चार्ट नं ३९ यौनिक हिंसा र प्रभातिको साक्षरताको अवस्था

८.५ प्रभावितको जाति

यौनिक हिंसाबाट प्रभावित महिलामध्ये सबैभन्दा बढी ४० प्रतिशत (२९) तराई जनजाति महिला प्रभावित रहेको यस वर्षको तथ्याङ्कले देखाएको छ। १५ प्रतिशत (११) पहाडे जनजाती, ११ प्रतिशत ब्राह्मण/क्षेत्री पहाडे, १०-१० (७, ७) प्रतिशत प्रतिशत ब्राह्मण/क्षेत्री तराई तथा तराई गैरदलित महिला यौनिक हिंसाबाट प्रभावित भएका छन्। यसैगरी ८ प्रतिशत (६) तराई दलित र ६ प्रतिशत (४) पहाडेमाथि यौन हिंसा भएको पाइएको छ।



चार्ट नं ४० प्रभावितको जातियता र यौनिक हिंसा

८.६ प्रभावितको पेशा

यौनिक हिंसाबाट प्रभावित रहेका महिलाको पेशाका आधारमा ३७ प्रतिशत (२७) विद्यालयमा पढ्दै गरेका छात्रा प्रभावित भएका छन् भने २६ प्रतिशत (१९) घरायसी काममा संलग्न, ११ प्रतिशत (८) कृषि तथा पशुपालन गर्ने, १० प्रतिशत (७) दैनिक ज्याला मजदुरी गर्ने, ६-६ प्रतिशत (४, ४) गैरसरकारी संस्थामा कार्यरत तथा व्यापार व्यवसायमा संलग्न, ३ प्रतिशत (२) जागिर खोज्दै गरेका तथा १ प्रतिशत (१) नीजि क्षेत्रमा संलग्न महिलामाथि यौनिक हिंसाका घटना भएको पाइयो ।



चार्ट नं. ४१ प्रभावितको पेशा र यौनिक हिंसाको परिणाम

८.७ प्रभावितलाई परेका असर

यौनिक हिंसाबाट प्रभावितमा सबैभन्दा बढी मानसिक असर परेको पाइएको छ । सबैभन्दा बढी ४२ प्रतिशत (३०) महिलामा मानसिक असर, २१ प्रतिशत (१५) महिलामा शारीरिक असर, १५ प्रतिशत (११) महिलामा सामाजिक असर तथा १७ प्रतिशत (१२) यौनिक हिंसाका कारण सबैखाले असर परेको पाइएको तथ्याङ्कले देखाएको छ । महिलामा पर्ने असरको प्रतिशतमा केही फरक भएतापनि यौनिक हिंसाका कारण महिलाको जीवनमा लामो समयसम्म मानसिक असर पर्ने गरेको अध्ययनका क्रममा पाइएको छ ।



चार्ट नं. ४२ यौनिक हिंसाबाट प्रभावितलाई परेका असर

घटना नं ७ (यौनिक हिंसा)

म हेमा (परिवर्तित नाम) काठमाडौं जिल्लाको बासिन्दा हुँ । बुवा आमाको पहिलो सन्तानको रुपमा मेरो जन्म भएपनि बुवा आमाले पहिलेदेखि नै वास्ता नगरेको कारण सानैदेखि हजुरआमासँग बस्दै आएकी थिएँ । म ६ कक्षामा पढ्दा पढ्दै हजुरआमाको पनि मृत्यु भयो । आफ्नो सहारा नै छुटेपछि धागो कात्ने काम गरी गुजारा गर्दै थिएँ । यसैक्रममा खोटाङ्ग जिल्ला घर भएको केटासँग प्रेम सम्बन्ध भई ५ वर्षपछि विवाह भएको थियो । विवाहपछि हाम्रो सम्बन्ध राम्रो थियो । छोरी पनि जन्मिइ । छोरी १८ महिनाकी हुँदा श्रीमान अन्यत्र काम गर्न जाने भनेर गए । त्यसपछि सम्पर्कविहिन भए । उनले अन्तै विवाह गरेर वसेको मैले थाहा पाएँ । अनि मलाइ घरपरिवारले मेरो चरित्रमाथि आरोप लगाउन थाले । सासु र जेठानीले अर्कै केटासँग लागेको आरोप लगाई कुटपिट गर्दै दुर्व्यवहार गरी घरबाट निकालदिए । त्यसपछि दिक्तेल आई बालसेवा समाज नामक संस्थाको संरक्षणमा म र मेरी छोरी बस्दै आएका थियौँ । यसै शिलशिलामा सोही संस्थाका पूर्व अध्यक्षले आफ्नै घरमा खोलेको होटेलमा काम गर्न आग्रह गरेपछि त्यही होटेलमा काम गर्दै छोरी र मेरो पेट पाल्दै आएकी थिएँ । होटेलमा काम गर्दा मालिकको व्यवहार राम्रो नै थियो तर, मालिकको छोरा, म्यानेजर, कुकले भने गलत नियतले जिस्काउने, संवेदनशील अंगमा छुने, राती सुतेको समयमा ढोका ढक्ढक्याउने गर्न थाले । यतिमात्र नभइ विभिन्न गालीगलौज समेत गर्न थाले । मालिक मालिक्नीलाई भन्दा उल्टै कामबाट निकालीदिने धम्की दिन थाले । यहाँबाट निस्केर जाँदा पनि छोरी र आफ्नो सडकमा बास हुने अवस्था आउने भएकोले त्यो सबै सहेर बस्नु मेरो बाध्यता भयो । तर एकदिन छोरीलाई कोठामा छोडेर काम गर्न जाँदा मालिकको छोराले मेरी छोरीको योनी नै टोकीदिएछ । मलाइसम्म त सहेकै थिएँ । छोरीमाथिको यो व्यवहार सहन सकिनँ । त्यसपछि उसको न्यायको लागि जाँदा महिला अधिकारकर्मी र प्रहरीको साथ पाएँ र न्यायका लागि सम्बन्धित निकायसम्म जान पनि उहाँहरूले नै सहयोग गर्नुभएको छ ।

परिच्छेद ९

९.१ हत्या

हत्याको अवस्था

महिलामाथि हुने विभिन्न किसिमका हिंसाहरूमध्ये हत्या बढ्दो अवस्थामा रहेको छ। महिलाहरूमाथि भइरहेका विभिन्न किसिमको हिंसाका घटनाहरू बाहिर ल्याउने प्रयास गरेमा वा उक्त घटनाका बारेमा कसैले थाहा पाएमा महिलाको हत्या गर्ने गरिएको पाइएको छ । यस वर्ष कुल हिंसाका घटनामध्ये १ प्रतिशत (१३) जना महिलाको हत्या भएको छ भने ०.३० प्रतिशत (६) जना महिलामाथि हत्याको प्रयास भएको घटना ओरेक नेपालले अभिलेख गरेको छ। यसवर्ष सञ्चारमाध्यममा ८४ जना महिलाको हत्या भएको समाचार प्रकाशित भएका छन् । महिलाको हत्या हुनुको प्रमुख कारण दाइजो रहेको छ। बोक्सीको आरोपमा र बलात्कारपछि महिलाहरूको हत्याको प्रयास भएका घटना यसवर्ष अभिलेखीकरण भएका छन् । हत्या जुनसुकै कारण वा प्रयोजनका लागि हुने गरेको भएता पनि यो गम्भीर अपराध हो । यस्तो अपराधका कारण महिलाको बाँच्न पाउने अधिकारको हनन् भएको छ । समाजमा हावी रहेको पुरुषवादी सोचले महिलाहरूको हत्या हुनेगरेको छ । यसैगरी यसवर्ष भएका हत्या र हत्या प्रयासका १९ वटा घटना मध्ये ६८ प्रतिशत (१३) हत्या र ३२ प्रतिशत (६) हत्या प्रयासका घटना संकलन भएका छन् ।

विश्लेषण

- हिंसा प्रभावित महिलाहरूको उमेरका आधारमा विश्लेषण गर्दा १७-२५ वर्ष उमेर समूहका र २६-३५ वर्ष उमेर समूहका महिलाहरूको हत्या बढी भएको पाईयो भने १६ वर्षमुनिका २३ प्रतिशत बालबालिकाहरूको हत्या भएको छ ।

- हत्या हुने महिलाहरूमा ६२ प्रतिशत श्रीमान्बाट र १५ प्रतिशत घरपरिवारका सदस्यहरूबाट महिलाको हत्या भएको पाईएको छ । यसले महिला आफ्ना भनिएका र सुरक्षित भनिने स्थान घरमा नै असुरक्षित जीवनयापन गरिरहेका छन् ।

- हत्यालाई बढावा दिन घरेलु हिंसाले प्रमुख भूमिका खेल्ने यस वर्षको तथ्याङ्कले देखाएको छ । तसर्थ हत्यालाई जसरी कानुनले एउटा अपराधको रूपमा लिई कानुनी प्रक्रिया चलाईन्छ त्यसरी नै महिलाको हत्यासम्म हुने स्थितिको सिर्जना गर्ने घरेलु हिंसाका घटनालाई पनि कानुनले हत्यासरह अपराध मानेर सम्बोधन गर्नु आवश्यक छ ।



चार्ट नं ४२ हत्या र हत्या प्रयासका घटना प्रतिशतमा

९.२ प्रभावितको उमेर र हत्या

हिंसा प्रभावित महिलाहरूको उमेरका आधारमा विश्लेषण गर्दा १७ वर्ष उमेरदेखि २५ वर्ष उमेर समूहका महिलाको ३९ प्रतिशत (५) हत्या बढी भएको पाइएको छ। २६ देखि ३५ उमेर समूह तथा १६ वर्ष मुनिका २३-२३ प्रतिशत (३, ३), ३६ वर्ष भन्दा माथिका १५ प्रतिशत (२) महिलाको हत्या भएको तथ्याङ्कले देखाएको छ।



चार्ट नं. ४३ हत्या भएका महिलाको उमेर समूह

९.३ हत्या र पीडकको प्रकार

महिलाको हत्यामा संलग्न पीडकहरूमा विशेषगरी श्रीमान्को संलग्नता नै बढी रहेको पाइन्छ । ६२ प्रतिशत (८) महिलाको हत्या श्रीमान्बाट भएको छ भने १५-१५ प्रतिशत (२, २) परिवारका सदस्य तथा छिमेकीबाट, ८ प्रतिशत (१) प्रेमीबाट महिलाको हत्या भएको तथ्याङ्क यस वर्ष प्राप्त भएको छ ।



चार्ट नं. ४४ महिलामाथि भएका हत्या र पीडकसँगको सम्बन्ध

९.४ प्रभावितको शैक्षिकस्तर र हत्या

महिलामाथि हुने सबै प्रकारका हिंसा निरक्षर भन्दा बढी साक्षर महिलाहरूमाथि नै भएको पाइन्छ। यस वर्ष ८५ प्रतिशत (११) साक्षर महिला तथा १५ प्रतिशत (२) निरक्षर महिलाको हत्या भएको पाइएको छ भने साक्षर महिलाहरूमा पनि ८२ प्रतिशत (९) आधारभूत शिक्षा अध्ययन गरेका तथा १८ प्रतिशत (२) माध्यमिक शिक्षा अध्ययन गरेका महिलाको हत्या भएको देखाएको छ।



चार्ट नं. ४५ हत्या र महिलाको शैक्षिक अवस्था



चार्ट नं. ४६ हत्या र महिलाको साक्षरताको अवस्था

९.५ प्रभावितको जाति र हत्या

यसवर्षको तथ्याङ्कले सबैभन्दा बढी हत्या हुनेमा पहाडे जनजाति महिला रहेको देखाएको छ । कुल हत्या संख्यामध्ये ३२ प्रतिशत (४) तराइ जनजाति महिलाको हत्या भएको पाइएको छ । २३ प्रतिशत (३) पहाडे जनजाति, त्यस्तैगरी १५-१५ प्रतिशत (२, २, २) ब्राह्मण/क्षेत्री तराई, तराई दलित तथा तराई गैरदलित महिलाहरूको यसवर्ष हत्या भएको पाइयो ।



चार्ट नं. ४७ हत्या र जातिगत अवस्था

९.६ प्रभावितको वैवाहिक अवस्था र हत्या

यसवर्षको तथ्याङ्कका आधारमा ७७ प्रतिशत (१०) विवाहित तथा २३ प्रतिशत (३) अविवाहित महिलाको हत्या भएको पाइएको छ ।



चार्ट नं ४८ हत्या प्रभावित र वैवाहिक अवस्था

९.७ प्रभावितको हत्या र पेशागत अवस्था

अभिलेख गरिएको तथ्याङ्कका आधारमा यसवर्ष भएका हत्या प्रभावित महिलामध्ये ५४ प्रतिशत (७) घरायसी काममा संलग्न, ३१ प्रतिशत (४) कृषि तथा पशुपालनमा संलग्न, १५ प्रतिशत (२) पढ्दै गरेकाको हत्या भएको पाइएको छ ।



चार्ट नं ४९ हत्या र प्रभावितको पेशागत अवस्था

घटना नं ९ (हत्या)

२१ वर्षीया दुर्गा (परिवर्तित नाम) को सानै उमेरमा विवाह भएको थियो । अहिले उनकी २ वर्षकी छोरी छिन् । सानै भएकाले घरपरिवारले साँचे जस्तो काम उनले गर्न सक्दिनथिन् । त्यसपछि घरव्यवहार गर्न नजानेको र मागे अनुसार दाइजो नदिएको भन्दै दैनिक रुपमा उनलाई सासु, ससुरा र देवरले गाली गलौज, कुटपिट गर्ने गर्थे । वैदेशिक रोजगारमा रहेको श्रीमानले पनि आमा, वुवाको कुरा सुनेर उनलाई फोनवाट गाली गर्थे । दैनिक आफूले पाएको यातना उनले माइतीमा बुवा, आमालाई भन्थिन् । माइतीले सम्झाउँदा उल्टो घरपरिवारले माइती र दुर्गालाई धम्क्याउने गर्थे । असह्य भएपछि दुर्गाले यो कुरा बाहिर ल्याइन् । समाजका व्यक्तिहरूले यनको परिवारसँग छलफल गर्‍यो र अव यस्तो नगर्ने सम्झौता भयो । समाजको अगाडी नगर्ने भनेपनि यस्तो कुरा बाहिर ल्याएर समाजमा आफ्नो इज्जत गएको भन्दै उनीमाथि झन बढी कुटपिट तथा मानसिक यातना दिन थालियो । यही क्रममा सासु, ससुरा र देवर मिलेर कुटपिट गर्दागर्दै कुटपिटकै क्रममा उनको ज्यान गयो । त्यसपछि सासु, ससुरा र देवरले मिलेर उनलाई झुन्ड्याए र गाउँभरी वुहारीले आत्महत्या गरी भनेर हल्ला फिँजाए । गाउँलेले प्रहरीलाई खवर गरे उनीहरू कै सहयोगमा पोष्टमार्टमका लागि उनको शव अस्पताल लगियो । पोष्टमार्टमको रिपोर्ट १ महिनापछि आउँदा घटना आत्महत्या नभइ हत्या हो भन्ने देखिएपछि घटना कर्तव्य ज्यानमद्दामा दर्ता भई अनुसन्धान प्रक्रियामा रहेको छ ।

घटना नं १० (हत्या)

वि.एस.सी नर्सिङ्ग तेस्रो वर्षमा अध्ययनरत मनु (परिवर्तित नाम) को विवाह २०७३ साल मंसिरमा सामाजिक परम्परा अनुसार गाउँ नजिकैको व्यक्तिसँग भएको थियो । मनुको परिवारले विवाह गर्दा रु.१५ लाख दाईजो समेत दिएका थिए । विवाह गरेको केही समयसम्म परिवारमा राम्रो भएतापनि केही समयपछि नै मनुलाई दाइजो कम भएको भन्दै मानसिक तथा शारीरिक यातना दिन थालियो । श्रीमान पोखरास्थित बन कार्यालयमा कार्यरत थिए । उतै बस्थे घरमा कहिले काहीँ मात्रै आउँथे । घरपरिवारको कुरा सुनेर उनले पनि मनुलाई वेवास्ता गर्न थाले । श्रीमान नभएका उनका ससुराले उनलाई दैनिक यौन सम्बन्ध राख्न जवरजस्ती गर्थे । आफूमाथि भएका सबै हिंसा तथा यातनाका कुरा मनुले माइतीमा आमालाई भनेकी पनि थिइन् । तर मनुका बुवा विदेशमा भएकाले बुवा आएपछि सबै कुरा ठिक हुन्छ भन्दै छोरीलाई सबै सहेर बस्न सल्लाह दिईन । आमाले भनेको कारण उनी दैनिक यातना खेप्दै सहेर बसिरहेकी थिइन् । मृत्यु हुनुभन्दा २ महिना पहिले उनको ससुराले जवरजस्ती गर्न खोज्दा समाजमा छलफल भएर ससुराले अवदेखि यस्तो नगर्ने भन्दै माफी पनि मागेका थिए । तर उनले समाजका अगाडी यस्ता कुरा ल्याएको र आफ्नो वेइज्जत गरेको भन्दै दैनिक यातना भने दिइरहन्थे । यसै क्रममा २०७४ मंसिर ८ गते घरमा पाहुना आउँदैछन् भनेर खाना पकाउँदै गरेको जानकारी माइतीमा आमालाई भएको थियो । त्यही दिन घरपरिवारले मनुलाई मारेर उनको कोठामा बाहिरबाट ताल्चा लगाएर घरमा कोही नभएको जस्तो भान पारिरहेका थिए । परिवारको शंकाष्पद गतिविधिलाई देखेर र मनुलाई घरमा नदेखेपछि छरछिमेकीले प्रहरीलाई खबर गरेका थिए । प्रहरीले घर खान तलासी गर्दा तल्चा लगाएको कोठा खोलेर हेर्दा उनी मृत अवस्थामा फेला परेकी थिइन् । पछि तत्कालै प्रहरीले सासु, ससुरालाई पक्राउ गरि लगेको छ । घटना अनुसन्धानको प्रक्रियामा नै रहेको छ ।

परिच्छेद १०

१०.१ बेचबिखन तथा ओसारपसार

मानव सभ्यताको कलंकको रूपमा रहेको मानव बेचबिखन तथा ओसारपसार एक्काइसौं शताब्दीमा समेत विश्वव्यापी रुपमा झन झन फैलँदो समस्या हो । यो समस्या मानव समाजमा कहिलेदेखि सुरु भयो यकिन गर्न गाऱ्हो छ। समयको अन्तरालसँगै यसका स्वरूप र आयाममा परिवर्तन हुँदै आएको पाइन्छ । विशेष गरी महिला र बालबालिका तथा पुरूषहरू समेतको यौन दासत्व,व्यावसायिक यौन शोषण, बाध्यात्मक विवाह, बालविवाह, धर्मपुत्र धर्मपुत्रीका रूपमा शोषण, वधुवा श्रम, बालश्रम, बाल दासत्व, प्रक्रिया पूरा नगरी गैरकानूनी आप्रवासन, दासत्व, मानव अङ्ग प्रत्यारोपण आदिका लागि बेचबिखन हुने गरेको पाइन्छ ।

मानव बेचबिखनलाई आधुनिक युगको दासताका रुपमा लिने गरिन्छ। अन्तर्राष्ट्रिय श्रम बजारमा सस्तो श्रमको माग दिनदिनै बढ्दो छ। अन्तर्राष्ट्रिय श्रम संगठनले विश्वभरि २.१ करोड मानिस दासत्वको रुपमा रहेको अनुमान गरेको छ भने Walk Free Foundation द्वारा प्रकाशित Global Slavery Report का अनुसार विश्वभरी अनुमानित ४ करोड ५८ लाख मानिस कुनै न कुनै रुपमा आधुनिक युगको दासतामा बाँच्न परिरहेको तथ्याङ्क सार्वजनिक गरेको छ।[२४] महान्याधिवक्ताको कार्यालयद्वारा प्रकाशित वार्षिक प्रतिवेदनअनुसार २४ प्रतिशत वेचविखनका प्रभावित १६ वर्ष मुनिका, ४१ प्रतिशत प्रभावित ६-१८ वर्ष मुनिका, २४ प्रतिशत प्रभावित १८ वर्ष माथिका रहेका छन् ।[२५] यतैगरि ओरेकद्वारा प्रकाशित महिलामाथि हुने हिंसाको यथार्थता 'अन्वेषीका'काअनुसार बेचबिखन प्रभावितहरू मध्ये ३८ प्रतिशत छिमेकीबाट, र ३५ प्रतिशत परिवारका सदस्यबाट बेचबिखनमा परेको तथ्याङ्क पाईएको छ।[२६] राष्ट्रिय मानवअधिकार आयोगले प्रकाशन गरेको

[२४]Global Slavery Index, 2016

[२५]Annual report prepared by Office of the Attorney General, Jestha 2071.

[२६]WOREC Publication "Anbeshi"-2073

मानव बेचबिखन सम्बन्धि (Trafficking in Person) राष्ट्रिय प्रतिवेदनअनुसार आर्थिक वर्ष सन् १३/१४ र १४/१५ मा क्रमशः ९ हजार ९ हजार ५०० मानव बेचबिखनको प्रयासमा र ८ हजार ८ हजार ५०० मानव बेचबिखनमा परेको तथ्याङ्क सार्वजनिक गरेको छ । साथै भूकम्पपछि बेचबिखनको जोखिम १५ प्रतिशतले बढेको छ ।[२७] मानव बेचबिखनका लागि नेपाल स्रोत (source), यात्रा (Transit) र गन्तब्य(Destination) देशको रुपमा रहेको छ ।[२८]

नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसारविरुद्ध विभिन्न कार्य गर्दै आएको छ । वि. सं. २०५२ असोजमा महिला, बालबालिका, तथा समाज कल्याण मन्त्रालयको स्थापनापछि तत्कालै चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापारविरुद्ध नीति तयार भयो । त्यसपछि २०६५ सालमा 'यौन तथाश्रम शोषणका लागि महिला तथा बालबालिका बेचबिखनविरुद्धको राष्ट्रिय कार्ययोजना'तर्जुमा गरी कार्यान्वयनमा ल्यायो र केन्द्रीयस्तरदेखि स्थानीयस्तरसम्म विभिन्न संरचना निर्माण भए । केन्द्रमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सचिवको संयोजकत्वमा सरोकारवाला निकाय तथा संघसंस्थाका प्रतिनिधि सम्मीलित राष्ट्रिय स्तरको कार्यदल समेत गठन भयो ।

प्रबिधिको तिब्र विकाससँगै यसको दुरुपयोग गर्दै मानव बेचविखन अत्यन्तै जटिल र कठिन बन्दै गएको छ । तर मानव बेचविखनमा प्रबिधिका कारण थपिएका विद्यमान यस्ता चूनौतीलाई वि.सं. २०४३ मा तयार भएको चेलीबेटी बेचबिखन नियन्त्रण ऐनले सम्बोधन गर्न सकेन किनभने त्यो बेला यस्ता नयाँ चुनौती सतहमा आएका थिएनन् । पछि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५ जारी भयो ।

यस्तैगरी बि.सं. २०६८ मा मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी राष्ट्रिय कार्ययोजना तर्जुमा भयो । साथै बि.सं. २०७१ मामानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६८ को प्रभावकारी कार्यान्वयनको लागि कार्यान्वयन योजना तयार पारी कार्यान्वयनमा ल्याएको छ ।

[२७]Trafficking in Person, National Report 2013-2015, NHRC-Nepal

[२८]Trafficking in Person (TIP) Report 2016, US Department of State

विश्लेषण

- मानव बेचबिखनरओसारपसारबाट १६ वर्षमुनिका (४६ प्रतिशत) बालिका बढी प्रभावित हुने गरेको पाईयो । यसले के देखाउँछ भने महिलाहरूको बेचबिखन र ओसारपसार यौन शोषणका लागि बढी हुने गरेको छ । विश्वमा करिब ८० प्रतिशत देहव्यापारका लागि र १९ प्रतिशत श्रम शोषणका लागि महिलाहरूको बेचबिखनरओसारपसार हुने गर्दछ ।[२९]

- घरायसी काममा संलग्न रहेका (७३ प्रतिशत)महिलाहरू बेचबिखनमा बढी मात्रामा पर्दछन् । यसले आर्थिक अवस्था कमजोर भएका महिला र बालबालिकाहरूको जीविकोपार्जनको लागि विकल्पको अभाव रहेको अवस्थामा आर्थिक स्थिति सुधार गर्न कुनै पनि प्रकारको प्रस्ताव आएमा उनीहरूले त्यसलाई सहजरूपमा आत्मसात गर्न बाध्य हुन्छन् । पीडकले यसै कुराको फाईदा उठाई महिला तथा बालबालिकामाथि यस्तो गम्भीर अपराध गर्न सफल हुने गरेको देखाउँदछ ।

१०.२ बेचबिखनको अवस्था

यसवर्षको महिला हिंसाको कुल तथ्याङ्क १७४१ महिला हिंसाका घटनामध्ये ०.६० प्रतिशत (११) महिलाको बेचविखन र २ प्रतिशत (१९) महिला तथा बालिका बेचबिखनको प्रयासबाट प्रभावित भएका छन् । बेचबिखन तथा यसको प्रयासमा परेका महिला तथा बालिकाको कुल संख्यामध्ये ६३ प्रतिशत (१९) बेचबिखनको प्रयास भएको छ भने ३७ प्रतिशत (११) महिला तथा बालिका बेचविखनमा परेको घटना संकलन भएका छन् । जसको विवरण निम्न चार्टमा प्रस्तुत गरिएको छ

[२९]SourceInitiative against Sexual Trafficking
National Coalition Against Domestic Violence



चार्ट नं.५० बेचबिखन र यसको प्रयासको अवस्था

१०.३ बेचबिखन र उमेर

बेचबिखनमा परेका महिला तथा बालिकाहरूको उमेरलाई हेर्दा ३ उमेर समूह रहेको पाइएको छ। १६ बर्षभन्दा कम उमेर समूहका सबैभन्दा बढी ४६ प्रतिशत (५) महिलाहरू अधिक मात्रामा बेचबिखन हुने गरेको पाइएको छ। यसैगरी १७-२५ वर्ष उमेर समूहका ३६ प्रतिशत (४), २६-३५ उमेर समूहका १८ प्रतिशत (२) महिला बेचविखनमा परेको पाइएको छ।



चार्ट नं. ५१ बेचबिखनमा परेका महिलाको उमेर समूह

१०.४ बेचबिखन र पीडकसँगको सम्बन्ध

बेचबिखनमा संलग्न पीडित र बेचबिखन गर्ने व्यक्ति तथा समूहसँगको सम्बन्ध तथा नाताको अवस्थालाई विश्लेषण गर्दा ४६ प्रतिशत (५) अपरिचित व्यक्तिबाट, ३६ प्रतिशत (४) छिमेकीबाट, १८ प्रतिशत (२) परिवारका सदस्यबाट महिला तथा बालिका बेचबिखन हुने गरिएको पाइएको छ।



चार्ट नं. ५२ बेचबिखन प्रभावित र पीडकसँगको सम्बन्ध

परिच्छेद ११

११.१ आत्महत्याको अवस्था

विश्व स्वास्थ्य संगठनका तथ्याकं अनुसार प्रत्येक ४० सेकेण्डमा १ जना मानिसले आत्महत्या गर्छन् र नेपाल आत्महत्या गर्ने मुलुकहरुमा ७ औं स्थानमा पर्छ। प्रजनन् उमेर समुहको महिलाको आत्महत्यामा नेपाल तेस्रो स्थानमा रहेको छ। जसको प्रमुख कारण मानसिक स्वास्थ्य समस्या रहेको छ।

महिला तथा बालिकाहरुमाथि बढ्दो मनोसामाजिक समस्याको प्रमुख कारण बालिका तथा महिलामाथि हुने विभेद र हिंसा रहेको छ। समाजमा रहेको विभेदकारी मूल्य-मान्यतामा आधारित पितृसत्तात्मक सोचका कारण धेरै किशोरी/महिलाले 'आफ्नो शरीरमाथि आफ्नो अधिकार हुन्छ' भन्ने जान्न समेत पाएका छैनन्। हानिकारक परम्परागत अभ्यासमा आधारित विभेदपूर्ण सामाजिक मूल्य मान्यताका कारण घर देखि सार्वजनिक स्थलसम्म महिलामाथि हुने हिंसा बढ्दो छ भने मनोसामाजिक समस्या पनि उत्तिकै जटिल समस्याका रुपमा देखिदै आएको छ। महिला माथि हुने हिंसा विरुद्धको वर्ष पुस्तक "अन्वेषी"का अनुसार प्राय प्रत्येक हिंसा प्रभावित महिलामा हिंसाका कारण मनोसामाजिक समस्या पर्ने र ३८ प्रतिशत महिलामा प्रत्यक्ष रुपमा मानसिक असर पर्ने गरेको पाईएको छ।

यसवर्ष महिलामाथि भएका चरित्रहत्या, दाइजोको कारणले दैनिक रुपमा शारीरिक तथा मानसिक यातना दिइ, जवरजस्ती विवाह गरी आत्महत्या गर्न बाध्य वनाइएका १ प्रतिशत (१०) घटना अभिलेख भएका छन्।

११.२ आत्महत्या र उमेर

आत्महत्या गरेका महिलाको उमरे समूहलाई हेर्दा सबै भन्दा बढी आत्महत्या गर्ने ५० प्रतिशत (५) १७-२५ उमेर समूहका रहेका छन्। यो उमेर समूहका महिलाले दाइजोका कारण दिएको दैनिक शारीरिक तथा मानसिक यातना सहन आत्महत्या गरेको पाइएको छ। यसैगरी ३० प्रतिशत (३) १६ वर्षभन्दा कम उमेरका बालिका तथा किशोरी रहेका छन्। उनीहरूले परिवार तथा समाजले

लगाएको चारित्रक आरोप तथा लाञ्छना र जवरजस्ती विवाह गरिदिन खोजेको वा गरिदिएको कारण आत्महत्या गरेको पाइएको छ। यसरी नै २६-३५ उमेर समूहका २० प्रतिशत (२) जनाले आत्महत्या गरेका घटना रहेका छन्।



चार्ट नं ५० आत्महत्या र प्रभावितको उमेर

११.३ आत्महत्या र वैवाहिक अवस्था

यसवर्ष विभिन्न कारणले ७० प्रतिशत (७) विवाहित र ३० प्रतिशत (३) अविवाहित महिलाले गरेका आत्महत्या गरेका घटना अभिलेखीकरण गरिएको छ।



चार्ट नं ५१ आत्महत्या र वैवाहिक स्थिति

११.४ आत्महत्या र शैक्षिक अवस्था

यसवर्ष भएका आत्महत्याका घटनामा शतप्रतिशत साक्षर महिलामाथि भएको पाइएको छ। साक्षर महिलाहरूको शैक्षिक अवस्थालाई हेर्दा ६० प्रतिशत (६) आधारभूत शिक्षा अध्ययन गरेका तथा ४० प्रतिशत (४) माध्यमिक तहसम्मको अध्ययन गरेको पाइएको छ। (चार्ट नं ५५)



चार्ट नं ५२ आत्महत्या र प्रभावितको साक्षरताको अवस्था विश्लेषण

११.५ आत्महत्या र पेशागत अवस्था

संकलन भएका आत्महत्याका घटनाहरूमा महिलाको पेशागत अवस्थालाई हेर्दा सबैभन्दा बढी ७० प्रतिशत (७) घरायसी काममा संलग्न महिला तथा ३० प्रतिशत (३) विद्यालयका छात्रा रहेका छन्। (चार्ट नं ५६)



चार्ट नं ५३ आत्महत्या र प्रभावितको पेशागत अवस्था विश्लेषण

घटना नं ११ (आत्महत्या)

रीता (परिवर्तित नाम) परिवारमा चार सन्तान मध्ये जेठी छोरी थिइन् । उनको विवाह २०७४ जेठ १७ गते सामाजिक परम्परा अनुसार गाउँ नजिकैको व्यक्तिसँग भएको थियो । रीताको परिवारले नगद दाइजो दिएर विवाह गरिदिएका थिए । विवाहलगत्तै उनका श्रीमानले उनलाई दिनहुँ रक्सी खाई जथाभावी कुटपिट गर्न थाले । रीताले आमालाई आफूमाथिको ज्यादतीका बारेमा भनिन् तर आमाले पति पत्नीमा यस्तो सानोतिनो झैझगडा भैहाल्छ, सहनुपर्छ भनेर छोरीलाई थप हिंसामा धकेलिरहिन् । यसैक्रममा रीता गर्भवती भईन् । करिब ४ महिनाको गर्भ भएपछि उनको श्रीमानले २०७४ फागुन २९ गते रीतालाई जचाउँन आमालाई समेत लिएर गए । गर्भमा छोरा वा छोरी के छ भनेर उनले डाक्टरलाई सोधे । डाक्टरले छोरी जस्तै छ भन्ने जवाफ दिएको देखि उनीमाथिको हिंसा दोब्बर हुँदै गयो । ।

दैनिक रुपमा हामीलाई छोरी चाहिँदैन यो छोरीलाई झारी दे भनेर उनलाई यातना दिन थालियो । गर्भवती रीतामाथिको कुटपिट रोकिएन । यसै क्रममा कुटपिटका कारण रीताको आँखामा रगत जम्यो । माइतीको सहयोगमा उनले आँखा उपचार गराइन् र माइती मै बस्न थालिन् । माइती बसेको एक महिनापछि २०७५ बैशाख ६ गते बेलुका उनका श्रीमान रक्सी खाएर आए र म संग हिंड् नमाने म तँलाई घिसार्दै कपाल समातेर लैजान्छु भनेर जर्वजस्ती गरे । गाउँ, समाजका डरले उनी श्रीमानको पछि लागिन् । उनीहरू माइतीबाट हिँडेको ३ घण्टा पनि नवित्दै रीताको मृत्युको खवर आयो । उनको जवरजस्ती करणी गरी गम्छाले झुन्डिएको अवस्थामा शव फेला परेको थियो । प्रहरीले उनको हत्या भएको हुनसक्ने आशंकामा अनुसन्धान प्रक्रिया अगाडी बढाएको छ ।

घटना नं १२ (आत्महत्या)

सिरहा जिल्लामा जन्मिएकी १६ वर्षिया रचना (परिवर्तित नाम) १० कक्षामा अध्ययनरत थिइन् । छोरा सरह छोरीलाई शिक्षा दिनु पर्छ भन्ने उनको वुवा आमाको सोँचले गर्दा उनले राम्रोसँग पढ्ने अवसर पाएकी थिइन् । कक्षा १० मा पढ्दा पढ्दै आफ्नै सहपाठी साथीसँग उनको प्रेम भयो । सो कुरा उनको वुवा आमाले थाहा पाएपछि उनलाई दैनिक रुपमा कुटपिट तथा मानसिक यातना दिन थाले । पढ्दा पढ्दै पढाई छुटाएर जवरजस्ती विवाह गरिदिन तयारी गरे । उनले वुवा, आमालाई आफूले पढ्न चाहेको अहिले विवाह नगर्ने कुरा पटक पटक सम्झाउन खोजिन् तर, उनको इच्छाविपरित केटा खोजेर उनको विवाहको तयारी भयो । आफ्नो इच्छा विपरित हुन लागेको विवाहबाट छुट्कारा पाउन विवाह हुने २ दिन अगाडी २०७५ जेठ २७ गते विहान सवै सुतिरहेका बेला उनले आफ्नै कोठामा झुन्डिएर आत्महत्या गरिन् ।

परिच्छेद १२

नेपालमा अनलाइन हिंसाको वर्तमान अवस्था

पृष्ठभूमि

महिला भएकै कारणले लिङ्गका आधारमा हुने हिंसा सार्वजनिक तथा निजी सबै स्थानमा हुँदै आएको छ । प्रविधिको विकाससँगै बिगत केही दशक यता लैङ्गिकतामा । आधारित इण्टर नेटमार्फत हुने हिंसा नेपालमा निकै बढेको छ। यो समस्यालाई पहिचान गरी गम्भीरतापूर्वक लिनुपर्ने अवस्था आईसकेको छ । विशेषत: सामाजिक अभियान्ताहरूलाई बदलिंदो राजनैतिक अवस्थामा यो जटिल विषयका रुपमा बुझ्न निकै आवश्यक देखिएको छ ।

सूचना, सञ्चार र प्रविधिको केन्द्रमा रही इन्टरनेटले अहिले हाम्रो व्यक्तिगत जीवनमा निकै प्रभाव पारेको छ । ईन्टरनेटले अहिलेको परिस्थितिमा यस्तो स्थान लिएको छ जसमार्फत हामीले प्रेम, अभियान, व्यापार, राजनीति सँगसँगै गर्न सक्छौ । सन् २०१६ मा संयुक्त राष्ट्रसघंको मानव अधिकार परिषदले इन्टरनेटलाई आम मानव अधिकार भनि ब्याख्या गरिसकेको छ। सो परिषदको लिखतमा भनिएको छ 'मानिसले पाउने उसका सबै अधिकारहरू उसले अनलाइनमार्फत पनि पाउनु पर्छ र सो को संरक्षण हुनुपर्छ। विशेषत मानिसको अभिव्यक्तिको स्वतन्त्रताको अधिकार र सो को संरक्षण,एंव मानव अधिकार हनन् प्रतिको जवाफदेहिताका विषयहरू यस भित्र पर्दछन् ।'

१९४९ मा बेलायती वैज्ञानिकहरूको समूह बरनर्स ले बल्नरवाइड वेन को आविस्कार गरेको तीन वर्ष पछि १९९२ मा नेपालबाट पहिलो इमेल पठाइयो । यद्यपी १९७१ मै कम्प्यूटरको प्रवेश नेपालमा भैसकेको थियो, इन्टरनेटको आगमन समय लगाएर भयो । १९९५ मा आइपुगेपछि मात्र नेपालमा इन्टरनेट सामाजिक प्रयोजनको लागि उपलब्ध भयो । सो कार्यमा मर्कन्टाइल कम्यूनिकेसन नेपालको ISP (इन्टरनेट सर्भिस प्रोभाइडर) बन्यो ।

पछिल्ला वर्षमा अभिव्यक्ति स्वतन्त्रताको शसक्त माध्यमको रुपमा ईन्टरनेटको विकास र प्रयोग भएको छ । यद्यपी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण प्रर्वद्धन् गर्ने उद्देश्य हुँदाहुँदै पनि राज्य का बिभिन्न संरचनाहरूबाट यसलाई दवाउन ठूलो प्रयास गरिएको छ । वि सं २०४६ सालको राजनैतिक परिवर्तन सबै नेपालीका लागि राजनैतिक तथा सामाजिक आयाममा नौलो आगमनको सुरुवात थियो । प्रजातन्त्रप्राप्तिपछि बनेको नेपालको संविधान २०४७ ले अभिव्यक्तिको अधिकारलाई जनताको नैसर्गिक अधिकारको रुपमा अंगिकार गरेको थियो ।

नेपाल सरकारले सन् १९९१ मा नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई अनुमोदन गर्नुका साथै मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई समेत आत्मसात गरी व्यक्तिको अभिव्यक्तिको स्वतन्त्रतालाई सुनिश्चित गरेको छ ।

२०६२ को दोस्रो जनआन्दोलन सफल हुनुमा जनता र नेपाली सञ्चार माध्यमले निभाएको भूमिका महत्वपूर्ण छ । वि सं २०६३ मा लागु गरिएको नेपालको अन्तरिम संविधानको धारा १२(३) ले जनताको अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई सुनिश्चित गरेको छ । नेपालको संविधान २०७२ ले पनि जनताको अभिव्यक्तिको स्वतन्त्रतालाई सुनिश्चित गरेको छ । यी संवैधानिक तथा कानुनी व्यवस्था हुँदाहँदै पनि इन्टरनेट मार्फत हुने अभिव्यक्तिको अधिकारको प्रसङ्ग सम्वोधन यसमा गरिएको छैन । नेपालको संविधान २०७२ को (धारा १९ उपधारा २) मा अनलाइन भन्ने शब्द परेतापनि इन्टरनेटमा अभिव्यक्तिको स्वतन्त्रताको अधिकारलाई स्पष्टसँग सम्बोधन गरेको छैन । यसकारणराज्यबाट गरिने क्रियाकलाप र व्यवहारबाट अभिव्यक्तिको स्वतन्त्रता जस्तो महत्वपूर्ण नैसर्गिक अधिकार पनि निषेधित बन्न पुगेको छ । अनलाइन अभिव्यक्ति नीतिगत रुपले नियन्त्रित अवस्थामा छ । अनलाइन विषयवस्तुमाथि को प्रतिवन्ध अनलाइनमार्फत हुने हिंसा यही कारणले सम्बोधन हुन नसकेको देखिन्छ ।

वि.सं. २०७४ सालमा सम्पन्न स्थानीय तहको चुनावका लागि जारी गरिएको निर्वाचन आचार संहिताले इन्टरनेट प्रयोगकर्ताहरूलाई मोवाइल तथा सामाजिक सञ्जालहरूबाट आफ्नो प्रतिस्पर्धी वा पार्टीको समर्थन वा विरोध गर्नबाट रोक लगाएको थियो । उक्त कार्य गरेमा १ लाख रुपैयाँसम्मको जरिवाना लाग्ने व्यवस्था थियो । उक्त कार्यले प्रत्यक्ष रुपमा व्यक्तिको अभिव्यक्तिको अधिकार हनन् गरेको पाईयो ।

नेपाल दुरसञ्चार प्राधिकरणले सय भन्दा बढी वेबसाइटहरू बन्द गर्‍यो । सन् २०१७ मार्चमा एक युवा यौन अधिकारकर्मीलाई LGBT अधिकार र अवस्था का बारेमा सामाजिक सञ्जालमा क्रियाशिल भएको आरोप लगाई उनको अकाउन्ट सबै बन्द गरियो । उनले इन्टरनेटमा आफ्नो अधिकारको बारेमा अभिव्यक्ति दिएकै कारण उनी विभन्न व्यक्ति, समूह र अन्ततः सरकारबाट समेत तिरस्कृत हुन पुगे ।

हाल ४० प्रतिशत जनसंख्याको पहुँचमा इन्टरनेट सुविधा छ । इन्टरनेटको सुविधा मोबाइले नेटवर्कको प्रयोगबाट गरिएको पाइएको छ । यसमा लैगिंकताका आधारमा वर्गिकृत तथ्याङ्क भने उपलब्ध छैन । महिला र किशोरीमा हुने गरेको अनलाईन हिंसा उनीहरूको व्यक्तित्व र अस्तित्वलाई स्वीकार्न नचाहेकाले पैदा हुने देखिएको छ । साथै धेरै अवस्थामा महिलाको शरीर नियन्त्रण गर्न चाहने आकाङ्क्षा, परिवारको इज्जत गुम्ने डर तथा उसको स्वतन्त्र श्रममा रोक लगाउने चाहनाले यस्तो काम गरेको देखिन्छ ।

आर्थिक वर्ष सन् २०१४/१५ मा महानगरीय प्रहरी प्रभाग, काठमाडौं - अपराध महाशाखा(Crime Division) मा कुल ३०५ वटा मुद्दा अनलाइन अपराध (Online offenders)को रुपमा दर्ता भएको थियो । यसमध्ये दोषी ठहरिएका १२ जना अनलाइन साईबर अपराध र सार्वजनिक अपराध (Online cyber crime ७ (Public offence)अन्तर्गत हिरासतमा राखिए । यसैगरि ४३० वटा मुद्दा २०१५/१६ मा दर्ता भयो जसमा १७ जना दोषी ठहरिए । ६५७ मुद्दा पारिवारिक इज्जतसँग सम्बन्धित थिए जसमा ९ जना दोषी ठहरिए । दर्ता भएका मुद्दाहरू पारिवारिक इज्जतदेखि फिरौती (extortion)सम्मका थिए जसमा SMS,सामाजिक सञ्जाल एकाउन्ट, निन्दात्मक SMS,वेवसाईट ह्याकिङ्ग, प्रतिलिपि अधिकार सम्बन्धि थिए । अपराध अनुसन्धान महाशाखाले अनलाइनमा हुने अपराधका रुपमा साईबर अपराध निरिक्षण गर्ने पद्धतीको विकास गरेतापनि लिङ्ग वर्गिकृत तथ्याङ्क राख्ने व्यवस्था गरेको छैन ।

लैङ्गिकतामा आधारित हिंसा नेपालमा मात्र नभएर विश्वव्यापी रुपमा नै एक बढ्दो समस्याका रुपमा देखिएको छ । कतिपय व्यक्तिलाई अनलाइर्नका माध्यमबाट हुने हिंसा नयाँ प्रकारको हिंसा हो भन्ने बुझाई रहेको छ, जुन सत्य होइन । सदियौँदेखि हुँदै आएको लैङ्गिकतामा आधारित हिंसालाई व्यक्त गर्ने स्थान हाल आएर अनलाइन हुन थालेकोमात्र हो । यसमा पनि के बुझ्नु जरुरी छ भने अनलाइन एउटा यस्तो स्थल हो जसको माध्यमबाट व्यक्तिको सूचनासम्मको पहुँच

बढ्नुका साथै व्यक्तिले नयाँ अवसरको खोजी समेत गर्न सक्दछन् । तर विगतदेखि हुँदै आएका हिंसा जुन हाल आएर अनलाइनमा देखिन थालेको छ, त्यसको रोकथामका लागि इण्टरनेट प्रयोग नै नगर्नुलाई प्रमुख समाधानको बाटोको रुपमा लिईन्छ । जसले पुन हिंसामा पर्ने व्यक्तिलाई नै विभिन्न अवसरबाट बञ्चित गर्नुका साथै कही कतै मेरै दोष त थिएन भन्ने खालको अनुभूति दिलाउन बाध्य पार्छ । यस्ता हिंसा गर्ने पीडकहरूलाई प्रोत्साहन गर्दछ ।

यसर्थ ईन्टरनेटका प्रयोगकर्ता महिला, किशोरी, लैङ्गिक तथा यौनिक अल्पसंख्यकमाथि प्रविधिको प्रयोग गरी हाम्रो परिवार, समाज तथा राज्यमा भईरहेको लैङ्गिकतामा आधारित हिंसाको निरन्तरता हो र यस्ता हिंसालाई व्यक्त गर्ने माध्यममात्र ईन्टरनेट हो हिंसाको कारक तत्व ईन्टरनेट हैन भन्ने कुरालाई बुझ्न सहयोग गर्दछ भन्ने अपेक्षाका साथ यो अध्ययन गरिएको हो ।

अध्ययनका उद्देश्यहरु

- महिला र किशोरीहरूमा हुने गरेको अनलाइन हिंसा लैङ्गिकतामा आधारित हिंसाकै स्वरुप हो । हिंसा गर्ने व्यक्तिले प्रविधिलाई केवल माध्यमका रुपमा प्रयोग गरि यस्तो हिंसा अनलाइन मार्फत व्यक्त गर्ने गर्दछन् भन्ने विषयमा थप स्पष्टता ल्याउने ।

- लैङ्गिकताका आधारमा इन्टरनेटको प्रयोजनमा विभेद छ वा छैन, यस सम्बन्धमा सो अवस्थाले महिला अधिकारकर्मी, LBT अधिकारकर्मीहरू, यौन अधिकारकर्मीहरूको अभिव्यक्तिको अधिकारलाई कसरी दख्खल पुऱ्याएको छ भन्ने विषयमा स्पष्टता ल्याउने ।

अध्ययनको विधि

१) प्राथमिक तथ्याङ्क : यो अध्ययनका लागि प्राथमिक तथ्याङ्क लक्षित समूहसँगको छलफलबाट प्राप्त भएको हो । जसमा महिला अधिकारकर्मी (१०), युवा महिला अधिकारकर्मी (७), र फरक लैङ्गिक र यौनिक पहिचान भएका महिला अधिकारकर्मीहरू (९) गरी २६ जनाको सहभागिता रहेको थियो ।

२) प्रत्यक्ष लक्षित समूह अर्न्तवार्ता : यस अध्ययनलाई थप सार्थक बनाउन ३ जना युवा महिला अधिकारकर्मीसँग प्रत्यक्ष लक्षित समूह अन्तर्गत गरिएको थियो ।

३) सहायक द्वितिय तथ्याङ्क पुनरावलोकन : अनलाइन हिंसाको सम्बन्धमा विविध लेख, प्रतिवेदन,विषयगत लेख, अध्ययनलगायतका सामग्रीको पुनरावलोकन गरि उपयुक्त सूचनाहरूलाई यस अध्ययनमा प्रयोग गरिएको छ ।

अध्ययनबाट प्राप्त नतिजाहरु

इन्टरनेट, मानव अधिकार प्रवर्द्धन, सूचनाको अधिकार तथा अभिव्यक्तिको स्वतन्त्रता प्रयोगमा ल्याउनका निमित्त रणनैतिक माध्यम हो ।

सामाजिक अभियन्ताहरू इन्टरनेटको प्रयोग, सूचना सम्प्रेषण गर्न तथा बहुराष्ट्रिय राजनीति बुझ्न, इ कमर्स सञ्चालनका लागि ,मनोरञ्जन,सञ्जाल विस्तार गर्न ,अध्ययन, तथ्याङ्क संकलन, अनलाइन छलफलका लागि एंव संवादका निमित्त प्रयोग गर्ने गर्दछन् । अन्य माध्यमबाट सहजै उपलब्ध नहुने सूचना तथा तथ्याङ्क इन्टरनेटबाट सजिलै प्राप्त गर्न सकिन्छ । Facebook, Twitter, Viber, Skype, Whatsapp, Emo सबैभन्दा बढी प्रयोग हुने लोकप्रिय इन्टरनेट साइटहरू हुन । व्यक्तिगत रुपमा साथीभाइसँग भेटघाट, मनोरञ्जनलगायतका लागि प्रयोग गरिने इन्टरनेट संस्थागत स्तरमा अनुसन्धान ,सूचना सम्प्रेषण पैरवीलगायतका कामका लागि प्रयोगमा ल्याइन्छ । अभियान्ताहरूसँग छलफलमा उनीहरूले जोड दिन चाहे कि इन्टरनेटले उनीहरूलाई गुमनाम रहन मद्दत पुऱ्याउँछ । यसले उनीहरूलाई एक प्रकारको शक्ति प्रदान गर्दछ । उनीहरू यौनिकता र यौन अधिकारलगायतका विषयमा स्वतन्त्र भएर सूचना खोज्न सक्दछन् । सोही कुरा भौतिक संसारमा गर्न खोज्दा विभिध आलोचना, घृणाको सिकार बन्नुपर्ने हुन्छ । तर , यसको साथै धेरैले भन्न चाहे की इन्टरनेट लैङ्गिकताका आधारमा विभेध गर्ने स्थलको रुपमा प्रस्तुत भएको छ । यो सवालमा प्रविधिमा पहुँच भएका online विषयबस्तुमा दख्खल राख्ने ISP का मालिकका मुद्दामा झनै जवरजस्त देखियो । यी सबैसँग झेल्न विभिन्न रणनीति पनि अपनाएको पाइयो,तिनमा व्यक्तिगत समूहहरूको गठन एंव सामाजिक सञ्जालको हकमा आफ्नो दर्शक र स्रोता पूर्वानुमान र फिल्टर गरेको पाईयो ।

Lesbian , Trans Women , Bisexual तेस्रो लिङ्गि अभियान्ताहरूले आफ्नालागि साथी (पार्टनर) खोज्न पनि इन्टरनेटको प्रयोग बृहत रुपमा गर्दछन भन्ने कुरा खुलेर आयो । viber , google ,Emo, Whatsapp , grinder ,Youtube लगायतका सामाजिक सञ्जालको माध्यम सबैभन्दा लोकप्रिय छ र यीनको प्रयोग धेरै हुन्छ भन्ने तथ्य यो अध्ययानले बाहिर ल्यायो । ।

अनलाइनमा पैरवी र अभियान

अनलईनमा अभिव्यक्तिको स्वतन्त्रताको छवि विशेष रुपमा आउँछ । यस अध्ययनका क्रममा भएका छलफल र सर्वेक्षणका क्रममा धेरैले भने अनुसार झण्डै ६० प्रतिशतले इन्टरनेटको प्रयोग मुद्दागत पैरवी र अभियानका लागि गर्दछन् । विचार, सोच, र खुला वाक स्वतन्त्रताको प्रयोग सामाजिक सञ्जालमा आफ्ना अभिव्यक्ति मार्फत गरिन्छ ।

इन्टरनेटमा यसरी विविध माध्यमबाट प्राप्त हुन सक्ने जानकारी, सूचनाले अभियानहरूका लागि अत्यावश्यक उर्जा र सृजनात्मक वातावरण प्रदान गर्दछ ।

यद्यपी इन्टरनेटमा स्वतन्त्रत अभिव्यक्ति पूर्वाग्रह विना आउँदैन । युवा महिला अभियन्ताहरूले आफूहरूलाई छाडा बोलेको, उत्ताउली भएकोलगायतका विविध लान्छना बारम्वार लाग्ने गरेको बताए । यस्ता पृष्ठभूमिको प्रयोग गरेर युवा महिला अभियन्ताहरूलाई जीवन साथी खोज्न असफल भएको, यौनिक रुपमा असफल भएकोलगायतको आरोप समेत लाग्ने गरेको पाइयो । यस्तो घटना एकजना यूवा अभियान्ताले बारम्बार बेहोर्नु पऱ्यो । साथै फरक लैङ्गिक पहिचान भएका अधिकारकर्मीमाथि विभिन्न तवरले नैतिक हमला गरियो । उनले आफ्नो संस्थाको काम र अभियानको बारेमा सामाजिक सञ्जालमा लेख्दा बेहोर्नु परेको समस्याले गर्दा उनीहरूले आफ्ना पाठक सिमित गर्ने, पूर्व निर्धारण गर्ने तर्फ नै पुन समाधान भेट्न थाले ।

विभिन्न संस्थाहरूका विभिन्न,समान मुद्दाहरूमा अनलाइन पैरवी मार्फत काम गर्दछन् । यसमा थप नयाँ पाठक बढाउनु र तिनलाई मुद्दाका बारेमा अवगत गराई सामेल गराउनु उनीहरूको ध्येय रहेको पाईयो । केही अधिकारकर्मीहरू इन्टरनेटलाई समान मुद्दामा हुने । पैरवीका लागि प्रयोग गर्दछन । केही भने आलोचना हुने भयले सिधै आफ्ना मुद्दा इन्टरनेटमा प्रस्तुत गर्दैनन् ।

एकजना अभियन्ताले इन्टरनेटमा पैरवी गरेपछि आएको नराकात्मक स्वरुप सम्बन्धि अनुभव सुनाइन् । गतसाल महिला अधिकारकर्मीको कामका बारेमा एउटा नकारात्मक टिप्पणीसहितको कथा सामाजिक सञ्जालमा आयो। कथामा अभियान्ताहरू तथा अभियानलाई सोझै नकारात्मक दृष्टिकोणले प्रस्तुत गरिएको थियो । सो को खण्डन गर्न अधिकारकर्मीहरूले पत्रकार सम्मेलनको आयोजना गरे । साथै अनलाइन र सडकमा विविध विरोध कार्यक्रमको पनि आयोजना गरियो ।

यस घटनाको उपलब्धी नै मान्दा हुन्छ १५ डिसेम्बर २०१६ मा ४५ बर्षको नेपाल प्रेस काउन्सिलको इतिहासमा पहिलो पटक महिलाको प्रतिनिधित्वसहितको आचार संहिता (code of conduct) प्रकाशन भयो ।

अनलाइनमा यौनिक अधिकार

यौनिक अधिकार हाम्रो नैसर्गिक मानव अधिकार हो । Online पहुँचको क्रममा हामीलाई यौवन, यौन, यौनिकता, चरम सुख (Orgasm) लगायतका कुरालाई थपसहजताका साथ बुझ्न सहयोग पुगेको छ ।

अध्ययनका क्रममा टिन्डर याप (Tinder) को प्रयोग गरेका ४ जना उत्तरदाताले आफ्नो यौन साथी खोज्न ईन्टरनेटको प्रयोग गर्ने गरेको र केहीले यौन सम्पर्कका बारेमा बुझ्न porn साइट हेर्ने गरेको बताए । इन्टरनेट पहिलेकै अवस्थामा रहेतापनि अब इन्टरनेटका सामग्री मूलतः चित्राङकण, वर्ग, जातियता र यौनिकताको राजनीति विश्लेषणको सामग्री बन्न पुगेको छ ।

पोर्नोग्राफी हेर्नु नकारात्मक हो, दुरसञ्चारले यस्ता प्रयोगकर्तामाथि निगरानी राख्दछ भन्ने गलत सन्देश फैलिएको कारण पनि युवाहरू यसको प्रयोग गर्न डराएको पाइयो । साथै पोर्नोग्राफी हेर्दो मोवाइल फोन बिग्रन्छ कम्प्यूटरले काम गर्न छोड्दछन भन्ने भयले समेत धेरै युवाहरू पोर्नोग्राफीबाट टाढा बसेको पाईयो ।

यौन र यौनिकताको बारेमा अनलाइन बाट सूचना प्राप्त गर्न एकदमै सहज छ । Literotica जस्ता वेवसाइटबाट कामुक कथा पढ्न पाउनु पनि यौन यौनिकता, चरमसुख, प्रेमलगायत को बारेमा थाहा पाउने एउटा राम्रो उपाय हो । यस्ता विषयमा न कसैले कुरा गर्न चाहान्छ , न कहिँ कतै अरु सामग्री उपलब्ध हुन्छन् ।

युवा महिला किशोरी अभियान्ताहरूका अनुसार सामाजिक सञ्जालमा आफ्नो अभिमत राख्नुको केही मतलब नै छैन जब तुरुन्तै आलोचना सुन्नुपर्दछ । अहिले धेरै जसो सामाजिक सञ्जालका पोष्टहरूमा समाजले समस्या मानेका सवाललाई नै उठाउने गरिन्छ, जस्मा आफ्नो अभिमत कम हुन्छ । कतिजनाले आफूलाई सुरक्षित राख्न सार्वजनिक नगरी एकअर्कासँगमात्रै कुरा गर्छन् ।

LBT अधिकारकर्मीहरूका लागि इन्टरनेटले एउटा सहयोगीको काम गरेको छ । एक जना अध्ययनमा सहभागीका अनुसार उनी आफ्नो यौनिकता सम्बन्धी पहिले अनभिज्ञ थिए, त्यस समयमा थुप्रै समलिङ्गी पुरुष वेवसाइटहरूमा जाने गर्थे सो समयमा उनले आफूलाई समलिङ्गी पुरुष भनेर हेरिरहेका थिए । पछि मात्रै उनलाई आफू समलिङ्गी पुरुष नभएर त्चबलकनभलमभच भएको थाहा भयो । तब उनले यसका बारेमा इन्टरनेटबाट जानकारी बटुले ।

अनलाइनमा हुने लैङ्गिक हिंसा र प्रभाव

अनलाइनमा हुने हिंसा महिलामाथि हुने हिंसाको अर्को रुप हो । धेरैजसो महिलामाथि हुने हिंसाका घटना न्यायिक प्रक्रिया भित्र नपरे जस्तै अनलाइन मार्फत हुने हिंसाका मुद्दाको अवस्था पनि त्यस्तै छ । साईबर अपराधमा काम गर्ने निकायहरू लैङ्गिक मुद्दामा संवेदनशील छैनन् , कुनैपनि घटनाका सम्बन्धमा उनीहरू सो मुद्दाको गम्भीरता भन्दा पनि बाह्य वातावरणमा धेरै सक्रिय भएको पाईयो । प्रहरी प्रशासनको मुद्दालाई हेर्ने दृष्टिकोणले धेरै पीडित व्यक्तिको आचरण र संस्कार माथि प्रश्न उठाउने गरेको देखिया जसका कारण पीडित न्याय पाउने कुरामा विश्वस्त नरहेको देखिन्छ ।

त्यसैले पीडितलाई न्यायसम्म पुग्नु भन्दा पछाडी हट्न बाध्य बनाउने हाम्रा संरचनाहरूमा पितृसत्तात्मक सोच र प्रबृत्ति अझैपनि बलियो रहेको स्पष्ट हुन्छ । Facebook मा हामीले देखेको Report गर्ने फारम अपुग र कतिपय अबस्थामा अनुपयुक्त छ । केही सहभागीका अनुसार उनीहरू Facebook जस्ता सामाजिक सञ्जालबाट अप्ठेरो प्रकृतिका कमेन्टहरू आफै मेटाउने गर्छन् । यस्तो अवस्थामा त्यस्ता कमेण्टको Screenshoot लिएर, इमेल कमेन्ट कहाँ र कस्कोबाट आयो प्रमाणका लागि Print गरेर राख्नु उपयुक्त देखिन्छ ।

आजभोली कतिपय व्यक्तिगत कुराहरू हाम्रो जानकारी विना पनि सामाजिक सञ्जालमा पोष्ट हुन पुग्दछन -कारण, हाम्रो फोन, अकाउण्ट र कम्प्यूटर सबै अन्तर सम्बन्धित भएका छन । यसरी प्रकाशित फिड हाम्रा व्यक्तिगत र व्यावसायिक जीवनसँग अन्तर सम्बन्धित भएका हुन्छन् । धेरैजसो सामाजिक प्रयोगकर्ताका अनुसार अन्जान मानिसले नयाँ साथी बनाउन अनुरोध पठाउँछन र तीनलाई accept गर्ने कि नगर्ने हामी बिचको साझा साथी (Mutual friend)को संख्या निर्णायक बन्न जान्छ । थुप्रै घटना यस्ता पनि आए जहाँ साथी भएकाहरूले समेत यौन सम्बन्धका लागि सिधै प्रस्ताव गर्ने गरेको सहभागीहरूले बताए । एक सहभागीलाई सामानको

एउटा प्याकेट आउँदैछ भनेर खबर आयो ,त्यो प्याकेट प्राप्त गर्न थप पैसा तिर्न लगाईयो तर, कुनै पनि सामान आएन । कुनै सामानै नभएको अवस्थामा मनगढन्ते कथा रचेर पैसा उठाउने काम पनि इन्टरनेटमार्फत भएको पाइयो ।

आफ्नो नामको नक्कली खाता वा चोरीको खाता वनाइनु अनलाइनमा नमार्फत हुने अपराधको निकै अप्ठेरो प्रसङ्ग हो । अध्ययनमा संलग्न तीन जना सहभागीले आफ्नो नक्कली खाता अरुकसैले बनाइदिएको खुलाए । अर्का सहभागीले उनको साथसँगको घटना सुनाईन् जहाँ साथीको भित्री बस्त्र मात्र लगाएको फोटो टाँसिएको थियो । घटनाको उजुरी प्रहरीलाई दिँदा प्रहरीले खाता बन्द गर्न सुझाए तर, त्यस घटनामा अरु थप केही गर्ने रुचि देखाएनन् ।

साईबर अपराध महाशाखाबाट आफ्नो मुद्दालाई प्राथमिकता दिएर छिटोछरितो समाधान गरिदिएको अनुभव अध्ययनमा सहभागी एकजनाले सुनाइन् । उनका साथीहरूलाई पनि यस्तै समस्या परेको थियो । प्रहरीमा उजुरी दिएपछि प्रहरीले सो घटनाको अनुसन्धान गऱ्यो र अभियुक्त पक्राउ पऱ्यो । यो घटनापछि तनावका कारण उनकी साथीले एकबर्षसम्म Facebook प्रयोग गरिनन् । त्यसै गरि एकल महिलाहरू पनि विभिन्न समयमा साईबर दुर्व्यवहारको सिकार भएको पाइएको छ, फरक फरक निहुँमा उनीहरूसँग यौनसम्बन्धको लागि फकाउन खोजेको पाइयो । समस्याको प्रकृति नबझ्दा धेरै महिलाहरू बिभिन्न सँघसंस्थासँग सहयोग माग्न जाने गरेको देखियो ।

छलफलका क्रममा यस्ता अवहेलनाहरूले झन ठूलो समस्यामा समलिङ्गी समुदाय पर्ने गरेको पाइयो । ती समूदायका कतिपय सदस्यले सामाजिक सञ्जालमा सामान्य नाचेको, गीत गाएको भिडियो अपलोड गर्दापनि उनीहरूमाथि छक्का हिजडा जस्ता गाली र अपशब्द आउने गरेको सुनाए । सबैजसो फरक लैङ्गिक पहिचान भएका सहभागीले आफूलाई नचिनेका व्यक्तिहरूबाट नाना थरिको सेक्स भिडियो आउने, लिङ्गका फोटोहरू पठाउने गरेको अनुभव सुनाए । यस्तो हुँदा उनीहरूले कहिलेकाँही त्यस्ता नराम्रा सन्देशहरूको Screenshot लिएर Wall मा पोष्ट गरिदिने र आफू सामाजिक सञ्जालमा कम सक्रिय हुने गरेर समस्या पन्छाउने गरेको सुनाए । धम्की दिएर अवस्थाको फाइदा उठाउनु फरक लैङ्गिक पहिचान भएका समूदायमा हुने अर्को प्रकृतिको Online हिंसा हो । हेटौंडामा भएको एउटा घटनामा फरक लैङ्गिक पहिचान भएका एक जोडीलाई उनीहरूको पसलबाट क्यामरा चोरी गरी बारम्बार उनीहरूको गोप्य भिडियो सार्वजनिक गरिदिन्छु भनि धम्की दिने काम भयो । केहीले यस्तै प्रकारको अवस्थामा आफ्नो

व्यक्तिगत फोटोको निहुँमा यौन कर्म गर्न बाध्य बनाउन लगाएको खुलाए । तेस्रोलिङ्गी समूदायका सदस्यहरू लाई केटी ठानेर Friend Request धेरैले पठाउँछन । तर आफ्नो यौनिकताका बारेमा भनेपछि उनीहरूमाथि तुरुन्तै गाली गलौज गर्ने र सिधै यौन सम्पर्क गर्नका लागि धम्कीको शैलीमा कुरा गर्ने गरेको पाइयो । अझ पनि धरै Trans Women समुदाय आफ्नो सहि पहिचान Online मा खोल्न चाहदैनन् , उनीहरूलाई आफ्नो फरक पहिचानको कारणले नै अनावश्यक गाली गलौज सुन्न मन नपर्ने सुनाए ।

अनलाइन हिंसाको मानसिक स्वस्थ्यमा प्रभाव

सहनशील हुने संस्कृति, हिंसाको सर्वव्यापकता जस्ता कारणले हिंसा भइसक्दापनि सो प्रति सचेत हुन र बोल्न अझैपनि अप्ठेरो अवस्था छ । मानिसहरू आफ्नै निकट परिवारका सदस्य, र साथीभाइसँग समेत हत्तपत्त आफ्नो समस्याका बारेमा खुल्न नसकेको अवस्था छ । Online हिंसालाई अहिलेसम्म पनि महिलामाथि हुने हिंसा हो भनेर स्वीकारिएको छैन ।

प्रश्न उठ्छ महिलाका लागि सुरक्षित स्थानको । सुरक्षित स्थानहरू अभिव्यक्तिको स्वतन्त्रतालाई सम्मान गर्दछन् तर, जब ति सुरक्षित कहलाउँदा स्थानहरू सामाजिक पूर्वाग्रहले ओतप्रोत छन् । त्यस्तो अवस्थामा आम मानिसले कसरी सुरक्षित महसुस गर्ने रु थुप्रै सहभागीहरूआफूले सामाजिक सञ्जालमा केही बोली हाल्दा धेरैले डलर बोल्यो भनेर लेख्छन् । यौनिकता, यौन स्वस्थ्यलगायतको मद्दामा काम गर्ने युवा महिला अधिकारकर्मीहरूलाई रण्डी ,भालु जस्ता अत्यन्तै निकृष्ट खालका अपशब्द प्रयोग गर्ने गरेको पाइएको छ ।

A: Hi ,

B: Hi

A: तिम्रो Status पढें

B: thank you

A: Do you want to have sex ?

यस्ता घटनाहरूले हाम्रो व्यक्तिगत छनौट, चाहना र स्वतन्त्रता जस्ता अविछिन्न मानसिक अवस्थाहरूलाई सिधै प्रहार गर्दछन् । यी घटना पछि आउने तनाव लामो समयसम्म दिमागमा रहिरहन्छ, हामीलाई हाम्रो बारेमा र हाम्रो समाजको बारेमा बारम्बार सोच्न बाध्य बनाउँदछ । यस्ता घटना सुन्दा महिलाहरूलाई केवल पुरुषको मनोरञ्जनको साधनको रुपमामात्र हेरिए जस्तो लाग्दैन र रु सहभागीहरूले धेरैपटक उनीहरूमाथि हुने घटनाको मनसाय र दुराचार छुट्टयाउन

नसकेको बताए । धेरै पटक यस्ता घटना आफ्नो परिवारका सदस्य, नजिकको साथी वा आफूले विश्वास गरेको पात्रबाट पनि हुन्छ । यस्ता आग्रहलाई पटक पटक अस्वीकार गर्नुभन्दा आफू टाढा बस्नु राम्रो भनेर सहभागीहरू त्यस्ता व्यक्तिहरूबाट टाढिएको बताए ।

प्रहरीमा आफ्नो साथीमाथि भएको दुर्व्यवहारको उजुरी दिन पुगेका एक सहभागीले प्रहरी कार्यालयमा गोपनियताको वातावरण नभएको गुनासो गरिन् । प्रहरीमा मुद्दा प्रति संवेदनशीलता थिएन र कार्यालयको वातावरण मुद्दामा भन्दा आफूहरूमा बढी केन्द्रित बन्न पुगेको अनुभव उनले सुनाइन् ।

इन्टरनेटमा महिलामामाथि हुने हिंसा र दुराचारी भेदभाव हाम्रो समाजमा सामान्य बन्दै जान समस्याप्रति संवेदनशील हुनु जरुरी छ । धेरै प्रसङ्गमा देखियो ,सामाजिक परिवर्तनका छलफलबाट सुरु हुने कुराकानी छिटै महिलामाथि दमन र उनीहरूको अवस्था मान्न र स्वीकार्न तयार नहुने प्रसङ्गमा बदलिन पुग्दछ । इतिहासमा महिलाले खेपेका दमन ,उनीहरूमाथि भएको जबरजस्त विभेद, दुराचार असामान्य र पीडादायी पृष्ठभूमिले रङ्गिएको छ । आजको हाम्रो समाज पितृसत्ताको पुरानो ओड्ने ओढेको नयाँ अनुहार जस्तै हो । हामी आज पनि महिलामाथि ती सबखाले विभेद र दमन निरन्तर र अझै शसक्त बन्दै गएको पाउँछौ ।

सुझावहरु

- लैङ्गिकतामा आधारित हिंसाको परिभाषा भित्र नै ईन्टरनेटका माध्यमबाट हुने लैङ्गिकतामा आधारित विभेदको परिभाषालाई समावेश गर्नुपर्ने, साथै यस्ता हिंसाविरुद्ध छुट्टै कानुने निर्माण नगरि हाल विद्यमान रहेका लैङ्गिकताका आधारमा हुने हिंसाको कानुनभित्र यसलाई समावेश गर्नुपर्ने ।

- ईन्टरनेटले व्यक्तिको सशक्तिकरण प्रक्रियालाई समेत सघाउने हुँदा, ईन्टरनेटलाई कसरी सुरक्षित बनाउने भन्ने विषयमा बहसहरूको आयोजना गर्नुपर्ने र सुरक्षित तरिकाले यसको प्रयोगका लागि राज्यबाट नै ईन्टरनेट प्रयोगकर्ताहरूमा सूचना प्रवाह गर्नुपर्ने ।

(यस विश्लेषण तयारीका लागि सहयोग गर्नुहुने लुम नेपालका साथीहरू ज्ञानु गुरुङ्ग, पुष्पा जोशी, गीता थापा, उर्षुला उत्साह सिंह र अदिती राईलाई विशेष धन्यबाद । यस अध्ययनमा सहभागी हुनुभएका प्राविधिक साथीहरू भ्यालेन्टीना हमाले पोलिजर, क्याटेरिना फ्लाविओला तथा सनकर्भीनलाई पनि धन्यवाद दिन चाहन्छौ ।)

परिच्छेद १३

१३.१ पीडकको पृष्ठभूमि

यसवर्ष अभिलेखीकरण गरिएका जम्मा १७४१ वटा घटनामध्ये प्रभावितले प्रदान गरेको सूचनाको आधारमा प्राप्त पीडकको पृष्ठभूमिलाई विश्लेषण गरी यस अध्ययनमा समावेश गरिएको छ ।



चार्ट नं ५७ महिला हिंसा र पीडकको लैंङ्गिक विवरण

यसवर्षको तथ्यांकअनुसार कुल संख्या १७४१ को ९४ प्रतिशत हिंसा गर्ने पुरुषको संलग्नता भएको पाइएको छ । त्यसरी नै ६ प्रतिशत हिंसा गर्नेमा महिला छन् । जसको विवरण निम्न बमोजिम चार्टमा प्रस्तुत गरिएको छ । (चार्ट नं ५८)

महिला हिंसा र पीडकको उमेरलाई यसवर्षको तथ्यांक अनुसार मुख्य गरी ६ उमेर समूहमा वर्गीकरण गरिएको छ भने केही पीडकको उमेर नखुलेको पाइएको छ ।



चार्ट नं ५८ पीडकक्को उमेर समूहको अवस्थाको विवरण

१३.२ पीडकको उमेर

माथिको चार्टमा उल्लेख भए बमोजिम पीडकको उमेरलाई हेर्दा २६ देखि ३५ वर्ष उमेर समूहका व्यक्तिबाट महिलामाथि बढी ३७ प्रतिशत (६४५) हिंसा गरेको पाइएको छ। त्यसैगरी २२ प्रतिशत (३८) पीडक १७ देखि २५ वर्ष, २१ प्रतिशत (३५९) ३६ देखि ४५ उमेर समूहका रहेका छन्। यस्तै ८ प्रतिशत (१४०) पीडक ४६ देखि ५५ उमेर, ७ प्रतिशत (११८) जना ५६ भन्दा बढी उमेरका छन् भने करिब ४ प्रतिशत अर्थात ७३ जना पीडकको उमेर पहिचान भएको छैन। १ प्रतिशत अर्थात २० जना पीडक १६ वर्ष भन्दा कम उमेर समूहको रहेको पाइएको छ। (चार्ट नं ५९)

१३.३ महिला हिंसा र पीडकको पेशा

महिलामाथि हुने हिंसा र पीडकको पेशाका बारेमा विश्लेषण गर्दा कृषि तथा पशुपालन पेशा संलग्न भएका व्यक्तिबाट महिलामाथि बढी हिंसा भएको पाइएको छ । कृषितथा पशुपालन क्षेत्रमा संलग्न भएका पीडक ४० प्रतिशत (६९४) रहेका छन् । यस्तै २६ प्रतिशत (४४७) पीडक दैनिक ज्याला मजदुरी, ७ प्रतिशत (१२७) जना पीडक व्यापार व्यवसायी भएको पाइएको छ । यसवर्ष सरकारी सेवामा आबद्ध करिब ६ प्रतिशत (१०२) जना व्यक्तिबाट पनि महिला हिंसामा परेको तथ्यांकमा देखिएको छ । साथै जागिर खोज्दै गरेको, गैरसरकारी सेवामा आबद्ध भएका, घरायसी काममा संलग्न भएका, विद्यार्थीबाट पनि महिला प्रभावित भएका छन् ।



चार्ट नं ५९ पीडककको पेशा

१३.४ महिला हिंसा र जातिगत विवरण

महिला हिंसा पीडकको जातिगत अवस्थालाई पहिचान गर्ने उद्देश्यले यस वर्षको घटनालाई अध्ययन र विश्लेषण गर्दा ८ प्रकारको जातिगत अवस्था पाइएको छ जसलाई निम्नबमोजिम व्याख्या गरिएको छ ।



चार्ट नं ६० पीडककको उमेर समूहको अवस्थाको विवरण

माथिको चार्ट अनुसार सबैभन्दा बढी महिला हिंसाका घटना तराई जनजाति पीडक रहेको देखिन्छ । यसलाई संख्यात्मक रुपमा हेर्दा २७ प्रतिशत (४६४) तराई जनजाति, २० प्रतिशत (३४०) बाह्मण क्षेत्री पहाडे, १७ प्रतिशत (३०५) पहाडे जनजाति रहेको पाइएको छ । यस्तै पहाडे दलित ८ प्रतिशत (१४३) र सोही प्रतिशतको तराई गैरदलित (१३५) रहेका छन् भने बाह्मण क्षेत्री तराइ ६ प्रतिशत (१०१), ३ प्रतिशत मुश्लिम (४८) र १ प्रतिशत (२४) जना पीडकको जातियता नखुलेको पाइएको छ ।

१३.५ महिला हिंसा र पीडकको वैवाहिक अवस्था

पीडकको वैवाहिक अवस्थालाई विश्लेषण गर्ने हो भने महिलामाथि सबैभन्दा बढी ७७ प्रतिशत (१३४७) विवाहित व्यक्तिबाट नै हिंसा भएको पाइएको छ । त्यसैगरी १० प्रतिशत (१७७) अविवाहित व्यक्तिबाट, ६ प्रतिशत (१०१) हिंसा गर्ने व्यक्ति विवाहित तर सँगै नबसेको, ३ प्रतिशत

(४७) पीडकको पहिचान खुलेको छैन । यस्तै २ प्रतिशत एकल, १ प्रतिशत १५ अविवाहित तर सँगै बसेका व्यक्तिबाट हिंसा भएको छ भने सोही प्रतिशतको (२५) पारपाचुके गरेको व्यक्तिबाट हिंसा भएको पाइएको छ ।



चार्ट नं ६१ पीडकक्को उमेर समूहको अवस्थाको विवरण

परिच्छेद १४

१४.१ सञ्चार अनुगमन

पत्रपत्रिकामा प्रकाशन भएका महिला हिंसाका घटनाको मासिक विवरण

मओरेक नेपालले राष्ट्रियस्तरका पत्रपत्रिकामा प्रकाशित भएका महिला हिंसाका समाचारको निरन्तर अनुगमन गरी मासिक प्रतिवेदनको रुपमा महिला हिंसाको वर्तमान अवस्थालाई सार्वजनिक गर्दै आएको छ । पछिल्लो एक वर्षमा सञ्चार माध्यमबाट कुल ४१३ वटा महिला हिंसाका घटना सार्वजनिक भएका छन्। ओरेक नेपालले अभिलेख गरेका घटना सञ्चार माध्यमले प्रकाशन गरेको भएतापनि घटनाको संख्या दोहोरिन नदिन ती घटनाहरूलाई यस विश्लेषणमा समावेश गरिएको छैन ।

संचार माध्यममा नआउने घटनामा धेरै विस्तृत विवरण प्राप्त नहुने हुँदा ती घटनाका आधारमा विस्तृत विवरण विश्लेषण गर्न सकिएका छैन । यद्यपी संचार माध्यममा प्रकाशित घटनाहरूले महिला हिंसाको वर्तमान अवस्था र प्रकृतिलाई देखाउने हुँदा उपलब्ध सूचनाका आधारमा तलको विश्लेषण तयार गरिएको छ ।

१४.२ मासिक विवरण

यसवर्ष पत्रपत्रिकामा आएका महिला हिंसाका घटनाहरूको मासिक विवरण यसप्रकारको रहेको छ ।



चार्ट नम्बर ६२ : पत्रपत्रिकामा प्रकाशित महिला हिंसाका घटनाका प्रकार

राष्ट्रिय दैनिक पत्रपत्रिकाहरूमा प्रकाशित समाचारको नियमित अनुगमन, संकलन र व्यवस्थापन गरी अभिलेख गरिएका महिला हिंसाका प्रकारको विश्लेषण गर्दा प्राप्त परिणाम अनुसार सबैभन्दा धरै बलात्कार घटना रहेका छन् । कुल ४१३ वटा घटनामध्ये ४० प्रतिशत १६४ बलात्कार सम्बन्धि समाचार पत्रपत्रिकामा प्रकाशित भएका छन् । त्यसैगरी २० प्रतिशत ८४ हत्या, ८ प्रतिशत ३२ घरेलु हिंसा, बलात्कारको प्रयास ६ प्रतिशत २५ यौन दुर्व्यवहार र हत्याको प्रयास समान प्रतिशत ५-५ प्रतिशत रहेका छन् । यस्तै यसवर्ष ३ प्रतिशत अर्थात १२ वटा आत्महत्याका घटना र सोही प्रतिशतमा १३ वटा शारीरिक हिंसा सम्बन्धि समाचार सञ्चारमाध्यममा सार्वजनिक भएका छन् भने २ प्रतिशत १० जनालाई बोक्सीको आरोपमा हिंसा भएको, सोही प्रतिशतमा ९ जनालाई मानसिक हिंसा भएको समाचार पत्रपत्रिकामा प्रकाशित भएका छन् । साथै मानव बेचबिखन, बेचबिखन प्रयास, बालविवाह, अपहरण जस्ता घटना पनि समाचारमा आएका छन् निम्न चार्टमा तिनीहरूको विवरण उल्लेख गरिएको छ ।



चार्ट नं :६३ पत्रपत्रिकामा प्रकाशित महिला हिंसाको घटनाको प्रकार

१४.३ पत्रपत्रिकामा प्रकाशित भएका महिला हिंसाको प्रदेश अनुसारको स्थिती

यस वर्ष पत्रपत्रिका प्रकाशित भएका घटनाहरुमा सबैभन्दा बढी २४ प्रतिशत घटना प्रदेश नं २ मा भएको पाइएको छ। यसैगरी प्रदेश नं १ मा २३ प्रतिशत, प्रदेश नं ३ मा २० प्रतिशत, प्रदेश नं ५ मा १० प्रतिशत, ८-८ प्रतिशत प्रदेश नं ७ र ४ र प्रदेश नं ६ मा ७ प्रतिशत घटनाहरु भएका तथ्याँकहरु संकलन भएका छन्।



चार्ट नं ६४ पत्रपत्रिकामा प्रकाशित महिला हिंसाको घटनाहरुको प्रदेश अनुसारको स्थिती

परिच्छेद १५

१५.१ ओरेकले प्रभावितलाई गरेको सहयोगको विवरण

ओरेक नेपालले आफ्नो स्थापनाकालदेखि नै हिंसा प्रभावित महिलाहरूको न्यायमा पहुँच सुनिश्चित गर्न हिंसा प्रभावित महिलालाई विभिन्न किसिमको सहयोग गर्दै आएको छ । अधिकांश हिंसा प्रभावितले सहयोगी संयन्त्रको अभावमा आफूमाथि भएको अपराधका विरूद्धमा आवाज उठाउन सक्दैन । यस्तो अवस्थामा उनीहरू न्यायबाट पनि बञ्चित हुनुपर्ने अवस्था हुन्छ । न्याय पाउनु हरेक व्यक्तिको अधिकार हो यसर्थ हिंसा प्रभावित महिलालाई न्याय पाउने वातावरण बनाउनका लागि दिइएका सेवालाई यस परिच्छेदमा राखिएको छ ।

यस वर्ष अभिलेख भएका १७४१ वटा हिंसाका घटनालाई विश्लेषण गर्दा सहयोगी संयन्त्रको अभावमा ४८ प्रतिशत महिलाले उजुरी नै नगर्ने गरेको पाईयो । ५२ प्रतिशत महिलाले हिंसा भएपछि प्रहरीमा उजुरी गरेको र ४८ प्रतिशतले आफ्नै परिवारका सदस्य, संघसंस्था, महिला मानव अधिकार रक्षकहरूलाई घटनाको बारेमा जानकारी गराएको बताएका छन् ।



चार्ट नं ६५ : महिला हिंसाको सूचना/उजुरी गरिएको स्थान

यसवर्ष संस्थाले अभिलेख गरेका घटनाका प्रभावित महिलामध्ये ४११ जना महिलालाई सुरक्षित आवासको सेवा प्रदान गरिएको छ । यस्तै यसवर्ष ३४५ जना हिंसा प्रभावित महिलालाई मनोविमर्श सेवा, २८४ जनालाई कानुनी परामर्श, १८३ जनालाई कानुनी सहयोग प्रदान गरेको छ। यस्तै सुरक्षितबासमा रहेकाहरू मध्ये १७५ जनालाई विभिन्न विषयमा अभिमुखिकरण गरी सहयोगी संयन्त्रका बारेमा जानकारी दिइएको छ भने १५६ जना प्रभावितलाई स्वास्थ्य उपचार सेवा दिएको छ। यस्तै १६५ हिंसा प्रभावित महिलालाई अन्य सहयोग जस्तै पढाईलेखाइ, लत्ता कपडा सहयोग गरिएको छ। साथै सुरक्षितबासमा आएका ४११ मध्ये ३३८ जनाको समस्या लाई बुझी पुनर्स्थापना गरिएको छ भने ३१ हिंसा प्रभावित महिलालाई अवस्था हेरी आवश्यक सहयोगका लागि सम्प्रेषण रेफर गरिएको छ जसको विवरण निम्न चार्टमा प्रस्तुत गरिएको छ।



चार्ट नं ६६ : संस्थाद्वारा सुरक्षितआवास मार्फत प्रदान गरिएका सेवाहरूको विवरण

१५.२ ओरेकको हटलाइन सेवामार्फत सम्पर्कमाआएकामहिला हिंसाका घटनाहरु

हिंसा प्रभावित महिलाले आफूमाथि भएको हिंसाका बारेमा सहज रूपमा उजुरी गर्न सकुन्, उपलब्ध सेवामा महिलाको पहुँच सुनिश्चित हुन सकोस् र कोही पनि महिला न्यायबाट बञ्चित हुन नपरोस् भन्ने अभिप्रायले ओरेक नेपालले निःशुल्क हटलाईन सेवा सञ्चालन गर्दै आएको छ । जसमा हिंसा प्रभावितले फोन गरेर आफूलाई आवश्यक सूचनाहरू प्राप्त गर्न सक्छन् । ओरेक नेपालका हटलाईनमा महिलाले विशेषगरि हिंसाको उजुरी कहाँ गर्ने, कसरी गोप्य उजुरी गर्न सकिन्छ, उपलब्ध सहयोगी संयन्त्रहरू जस्तै कानुनी परामर्श सहायता, सुरक्षित आवास लगायतका सेवाहरू कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयहरूमा परामर्श लिने गरेका छन् ।

यसवर्ष ओरेकका ४ वटा कार्यालयमा हटलाइन सेवामार्फत २०१ वटा महिला हिंसाका घटना सम्पर्कमा आएका छन् जसको विवरण निम्नानुसार उल्लेख गरिएको छ । यसवर्ष दर्ता भएका घटनामध्ये सबैभन्दा धेरै ७२ वटा घटना खान लाउन नदिने, वेवास्ता गर्ने, नागरिकता जस्ता स्रोत सुविधावाट बञ्चित गरिएका घटना संकलन भएका छन् । यसैगरी ५१ महिलामाथि शारीरिक हिंसा, ३१ जनामाथि मानसिक हिंसा, २५ वटा बलात्कार, ८ वटा यौनिक हिंसा र बलात्कार प्रयासका ४ वटा घटना दर्ता भएका छन् । (चार्ट नं)



चार्ट नं ६७ : हटलाईनमा सम्पर्कमा आएका महिला हिंसाका घटनाहरूको विवरण

यस बर्ष संकलन भएका कूल २०१ घटना मध्ये ८७ वटा काठमाण्डौमा, ७४ वटा मोरङ्गमा, २३ वटा दाङ्ग र १७ वटा कैलालीको कार्यालयमा दर्ता भएका छन् ।



चार्ट नं ६८ : हटलाईनमा आएका घटनाहरूको जिल्लागत विवरण

निष्कर्ष र सुझावहरु

महिलाको मानव अधिकार उल्लङ्घनको प्रमुख विषय महिलामाथिको हिंसा हो । महिलामाथिका हिंसाले विश्वभरीका महिलाहरूले पुरुषसरह आफ्ना अधिकार र स्वतन्त्रताको उपभोग गर्न पाएका छैनन् ।

महिलामाथि हुने हरेक हिंसा अपराध हो र यो मानव अधिकारको गम्भीर हनन् हो । महिलामाथि हुने हिंसाका कारण महिला आधारभूत मानवअधिकारहरू जस्तै बाँच्न पाउने अधिकार, समानताको अधिकार, यातनामुक्त भई जीवनयापन गर्न पाउने अधिकार, स्वतन्त्र र सुरक्षित रूपमा जीवनयापन गर्न पाउने अधिकार समेतबाट बञ्चित बनाईएका छन् । महिलामाथि हुने हिंसाको अन्त्यबिना महिलाको मानवअधिकार सुनिश्चित हुन सक्तैन । महिलामाथि भइरहेको हिंसाको जड समाजका हरेक संरचनामा बलियो गरि जरा गाडेर बसेको पितृसत्तात्मक मूल्यमान्यता र सोँचको परिणाम हो । त्यसको फलस्वरूप वर्षेनि हजारौं नेपाली महिलाहरू विभिन्न किसिमका शारीरिक, मानसिक, सामाजिक र आर्थिक हिंसा खप्न बाध्य बनाइएका छन् । सामाजिक न्याय, समानता, देशको दिगो विकास र शान्तिका लागि महिलामाथि हुने हिंसाको अन्त्य हुनु अत्यन्त आवश्यक छ । महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि हाल राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरबाट समेत धेरै प्रयासहरू भएका छन् । यद्यपी हालसम्म भएका प्रयासहरूले सदियौंदेखि अभ्यासमा रहेका मूल्य मान्यतालाई भत्काउन नसक्दा सीमितमात्रामा कार्यान्वयन भएका छन्, जसले गर्दा महिलाको जीवनमा अपेक्षाकृत परिवर्तन आउन सकेको छैन र महिलाहरूले हिंसा र भयमुक्त भएर जीवन जिउन सकेका छैनन् ।

महिलामाथि हुने हिंसाको अन्त्य सम्भव छ । यसका लागि सर्वप्रथम महिलामाथि हुने हिंसा र महिला अधिकार प्राप्तिको सवाललाई महिलाको मात्र नभनेर राष्ट्रिय मुद्दाको रुपमा स्थापित गरिनु जरुरी छ । समाजमा जरो गाडेर रहेको अत्यन्तै बहुआयामिक विभेदपूर्ण पित्तृसत्तात्मक संरचना र यसबाट सिर्जित हानिकारक परम्परागत अभ्यासले महिलालाईमात्रै होइन समाजका

हरेक पक्षमा प्रभाव पारेको छ । यसर्थ कुनै एक क्षेत्रमा भएको परिवर्तनले मात्र महिलामाथि भइरहेको हिंसा र विभेदको अन्त्य सम्भव छैन । न त राज्य व्यवस्थामा आएको परिवर्तनले यसलाई छुन सक्छ । यसका लागि हाम्रा सामाजिक संरचनामा जरा गाडेर रहेका विभेदपूर्ण परम्परा, संस्कृति, मूल्यमान्यता र साँचमा परिवर्तन अति आवश्यक छ । यस्तै साँचका कारण अभ्यासमा रहेका हानिकारक परम्परागत व्यवहारको अन्त्य हुनु जरुरी रहेको छ ।

देशको नयाँ संघीय व्यवस्थामा स्थानीयतहदेखि केन्द्रीय तहसम्म महिलामुखी कानुनी व्यवस्था, विद्यमान नीतिनियमहरू लैङ्गिक संवेदनशीलतासहितको प्रभावकारी कार्यान्वयन, सेवा प्रदायक सबै निकाय कानुनी, न्यायिक, स्वास्थ्यलगायत सबै सहयोगी संयन्त्र हरूमा लैङ्गिक संवेदनशीलताको विकास र महिलामैत्री वातावरण तयार गर्न सकेमा महिलाहरूले मौनताको संस्कृति लाई भङ्ग गर्दै आफूमाथि भएको हिंसालाई निर्धक्क बाहिर ल्याउन र "नाई" भन्नका लागि आत्मबल र आत्मविश्वासको विकास गर्न सकिन्छ ।

महिलामाथि भएका हिंसाको बर्तमान अवस्थालाई चित्रण गर्ने, महिलामाथि भइरहेको हिंसाको समग्र अवस्था र उनीहरूको न्यायमा पहुँचको अवस्थालाई विश्लेषण गरि तयार गरिएको यस वर्ष पुस्तकले समग्रमा महिलाको मानवअधिकार हनन्को अवस्था र यसको सम्वोधनका लागि समुदायस्तरदेखि नीतिगत तह सम्म गर्नुपर्ने काममा सरोकारवालाहरूको ध्यानाकर्षण गराउने छ र उनीहरूलाई दिशानिर्देश गर्नेछ भन्ने विश्वासका साथ ओरेक नेपालले महिला हिंसाविरूद्धको वर्ष पुस्तक"अन्वेषी" प्रकाशनलाई निरन्तरता दिँदै आएको छ । यस वर्ष गरिएको महिला हिंसाका घटनाहरूको विश्लेषणपछि सबै सरोकारवालाहरूलाई जवाफदेही, उत्तरदायी बन्न र महिलामाथि हुने हिंसाको रोकथाम र सम्बोधन गर्नका लागि हामी निम्न सुझावहरू प्रस्तुत गर्दछौं :

- महिला हिंसाविरुद्धका मुद्दाहरूको र घटनाको राष्ट्रिय तथ्याङ्क व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकतामा राख्दै महिलामाथि भइरहेको हिंसा न्यूनीकरणका लागि पैरवीमूलक गतिविधिहरू यथाशिघ्र सञ्चालन गरिनुपर्दछ ।

- हिंसा प्रभावितहरूका लागि सहयोगी संयन्त्रको रुपमा सरकारले राष्ट्रिय महिला आयोग, महिला तथा बालवालिका एकाईको व्यवस्था गरेको छ । साथै घरेलु हिंसा, महिलाविरुद्ध हुने हिंसा, लैंगिक विभेदमा आधारित हिंसा प्रभावितहरूलाई स्थानीय सरकारले क्षतिपूर्ति उपलब्ध

गराउने व्यवस्था गरेतापनि राजनीतिक इच्छाशक्तिको कमि, अपर्याप्त मानव स्रोत, साधन र पूर्वाधारको कमिले यी संयन्त्रहरूले प्रभावकारी सेवा दिन सकेका छैनन् त्यसैले यसको प्रभावकारी अनुगमन संयन्त्रको विकास पर्याप्त बजेट र दक्ष जनशक्ति को व्यवस्था गरि तुरुन्त कार्यान्वयन गरिनु पर्दछ ।

- बलात्कार प्रभावित/पीडित महिला तथा बालिकहरूका लागि सरकारी तहबाट उचित संरक्षण, मनोविमर्शका साथै शिक्षा, जीविकोपार्जनको अधिकार सुनिश्चित गर्दै सम्मानजनक सामाजिक पुनःएकीकरणको व्यवस्था गरिनुपर्दछ ।

- स्थानीयस्तरमा रहेका न्यायिक र कानून कार्यान्वयन गर्ने जिम्मेवारी लिएका पदाधिकारीहरूले लैङ्गिकतामा आधारित हिंसाका उजुरी दर्ता नगरी धेरैजसो मिलापत्र गरी टुङ्गयाउने अभ्यासले दण्डहीनतालाई प्रोत्साहन गरेको छ । त्यसैले राजनैतिक र समाजिक दबावलाई वेवास्ता गर्दै राज्यका जिम्मेवार संयन्त्रहरूले आफ्नो काम, कर्तव्य र जिम्मेवारीप्रति उत्तरदायी भुमिका निर्वाह गर्नुपर्दछ ।

- सबै स्थानीयतहमा सरकारले बलात्कार जस्ता संवेदनशील मुद्दाहरूमा व्यवस्था गरेको फास्टट्र्याक कोर्टको प्रभावकारी कार्यान्वयनमा राज्यले जोड दिनुपर्दछ । बलात्कारका घटनामा रहेको हदम्याद ६ महिनाबाट बढाई १ वर्ष पुऱ्याईएको छ जुन स्वागत योग्य छ, यद्यपी जबरजस्ती करणी र अन्य यौनजन्य कसूरमा मुद्दा दायर गर्न अदालतमा महिलाको प्रभावकारी पहुँच र न्याय पाउने कुरालाई सुनिश्चित गर्न बलात्कार जस्ता गम्भीर खालका अपराधका मुद्दा दर्ताका लागि हदम्याद सम्बन्धी कानुन खारेज गर्न कदम चालिनु पर्छ ।

- सरकारले जारी गरेका नयाँ र संशोधित कानुनका वारेमा जनतालाई जानकारी दिई कानुनी सचेतनाकालागि सरकारले व्यापकरुपमा सचेतनामूलक कार्यक्रमहरूको सञ्चालन गर्नुपर्दछ ।

- महिलाको वंशीय हकलाई संवैधानिक संरक्षण प्रदान नगरिएसम्म महिलाको आत्मसम्मानपूर्वक बाँच्न पाउने वातावरण निर्माण हुन नसक्ने र महिलाको पराधिनताको अन्त्य नहुने तथ्य प्रति ध्यानाकर्षण गराउँदै अबिलम्ब संविधान संशोधन गरि नागरिकतामा महिलाको समान हक स्थापित गरिनुपर्दछ ।

- महिलालाई हेर्ने दृष्टिकोण र सोँचमा आमुल परिवर्तन नभएसम्म संविधानसभा मार्फत प्राप्त नेपालको संविधान, २०७२ ले प्रत्याभूत गरेको 'प्रत्येक नागरिकको समान अधिकार' भन्ने प्रावधान नेपाली महिलाले अनुभूत गर्न पाउने वातावरण बन्न सक्दैन । जसका कारण देशमा भएको बृहत र व्यापक राजनीतिक रूपान्तरणका बाबजुद पनि नेपाली महिलाको जीवन हिंसामूक्त र अधिकार सम्पन्न हुन सक्दैन । तसर्थ विभिन्न हानिकारक सामाजिक, आर्थिक तथा धार्मिक परम्पराहरूबाट प्रतिपादित र निर्देशित कुप्रथाका कारण महिलामाथि भैरहेको हिंसालाई गम्भीर अपराधको रूपमा स्वीकार तथा व्याख्या गरि त्यस्ता सबैखाले हानिकारक परम्परागत अपराधको अन्त्यका लागि स्थानीयदेखि राष्ट्रिय तहसम्म रणनीति बनाई प्रभावकारी कार्यान्वयन गर्न जरुरी छ ।

- प्रभावितहरूको गोपनीयताको अधिकार पूर्ण रुपमा कायम गर्दै, उनीहरूको न्यायमा पहुँच वृद्धि गर्न साक्षी तथा परिवारको सुरक्षाको समेत ग्यारेण्टी गरिनुपर्दछ ।

- हिंसा प्रभावित महिलाहरूका लागि नेपाल सरकारले प्रदान गर्ने भनेका सेवा तथा सुविधाहरूको कार्यान्वयन अवस्थाको अनुगमन गरी प्रभावितको आवश्यकता र मागअनुरूप ती सेवाहरू वृद्धि गरिनुपर्दछ ।

- समुदायस्तरमा महिला अधिकार सुनिश्चित गर्न स्वयंसेवी भावनाले क्रियाशील महिला मानव अधिकार रक्षकहरूले विभिन्न किसिमका हिंसा र चुनौतीहरूको सामना गर्नुपर्ने स्थिति छ । त्यसैले विद्यमान दण्डहीनताको संस्कृतिको अन्त्य गरि उनीहरूले सुरक्षित वातावरणमा महिला अधिकार स्थापित गर्न गर्दै आएको कामलाई मान्यता दिनपर्दछ । महिला मानव अधिकार रक्षकहरूमाथि हुने हिंसाको जोखिम कम गर्न नेपाल सरकारबाट महिला मानव अधिकार रक्षकहरूको सुरक्षा का लागि नीतिगत व्यवस्था अविलम्ब गरिनु पर्दछ ।

ओरेक नेपाल
पो.ब.नं. १३२३३, काठमाडौं, नेपाल
फोन: (९७७) ०१ ५१८६३७४, ०१ ५१८६०७३
Email :ics@worecnepal.org
Website :www.worecnepal.org

ISBN ९९३७८८२२४-९